जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३४३ • २०८३ साल बैशाख २९ गते मंगलबार (12 May, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेश सभाको ७ औं बैठक आह्वान




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको ७ औं बैठक जेठ १ गते शुक्रवार आह्वान गरिएको छ ।

प्रदेश सरकार मन्त्री परिषद्को सोमवार बसेको बैठकले प्रदेश सभाको बैठक आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गरेको थियो ।

प्रदेश प्रमुखले संविधानको धारा १८३ को उपधारा (१) बमोजिम शुक्रवार बिहान ११ बजेका लागि प्रदेश सभाको बैठक आह्वान गरिएको सचिव नारायण प्रसाद दाहालले जनाएका छन् ।

मधेश प्रदेशको सत्ता साझेदार जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्ण यादवले विश्वासको मत लिन प्रदेश सभाको बैठक आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गरेको हो ।

जनमत पार्टीले पनि विश्वासको मत दिने एकजना सांसदले बताएका छन् ।तर जनमत पार्टीबाट सरकारमा जाने प्रतिनिधि परिवर्तन भए सरकारलाई विश्वासको मत दिने धारणा सो पार्टीका नेताहरुले व्यक्त गरेका छन् ।

सत्तारुढ चार दल नेपाली कांग्रेस, जनता समाजवादी पार्टी(जसपा)नेपाल, नेपाल कम्युनिष्ट पार्टी(नेकपा) र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) संसदीय दलका नेताहरुको आइतवार बसेको बैठकले मुख्यमन्त्री कृष्ण यादव नेतृत्वको सरकारलाई नै निरन्तरता दिने निर्णय गरेको थियो ।

मधेश प्रदेशमा सरकारलाई निरन्तरता दिन सत्तारुढ दलका शीर्ष नेताहरुबीच काठमाण्डुमा सहमति भएको थियो ।

मधेश प्रदेशका सभामुख रामअशिष यादवले जनाए अनुसार शुक्रवार मुख्यमन्त्रीले विश्वासको मत लिने कार्यक्रम रहेको छ ।मुख्यमन्त्रीले लिने विश्वासको मतपछि केही दिनका लागि संसद स्थगन हुने बताइएको छ । नियमित अधिवेशन नै आह्वान भएकोले संसद चालु रहने सभामुख यादवले जनाए ।

## नीति तथा कार्यक्रममा प्रधानमन्त्री बालेनको चर्चा

# सरकारले मुख्य प्राथमिकतामा राखेका नीति तथा कार्यक्रम

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम संसदमा प्रस्तुत गरेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसदको दुवै सदनलाई सम्बोधन गर्दै सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् ।


सरकारले विशेषगरी सुशासन, पूर्वाधारको विकास, डिजिटल प्रणालीलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याएको छ ।

सरकारले उद्यमी र मध्यम वर्गीय परिवारमा रहेको करको बोझ घटाउने कार्यक्रम ल्याएको छ ।

सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगद नहित पारदर्शी र राजश्व चुहावट मुक्त अर्थतन्त्रको औपचारिकीकरण गरिने भनिएको छ ।

स्वैच्छिक कर अनुपालन, प्रविधि मैत्री राजस्व प्रशासन, शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व प्रणालीलाई उद्यममैत्री बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ । विभिन्न देशसंग दोहोरो कर मुक्ति सम्झौता गर्ने भनिएको छ ।

प्रदूषण, पूर्वाधार र अन्य छरिएका करहरुलाई एकीकृत गरी हरित कर प्रणालीमा रुपान्तरण गर्ने नीति अवलम्बन गरिने कार्यक्रम ल्याइएको छ ।



भन्सार नाकामा न्यून विजकीकरण नियन्त्रण गरिने छ। मूल्य अभिवृद्धि लगायत सबै करको फिर्ता गर्ने प्रणाली स्वचालित तथा समयवद्ध बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै जोखिममा आधारित नियमन, सुपरिवेक्षण र अभियोजना प्रणाली लागू गरिने भनिएको छ ।

सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरिने बताएको छ ।

डिजिटल पार्क, उच्च प्रविधिको डेटा सेन्टर, सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबका रुपमा अघि बढाइने राष्ट्रपतिले संसदमा वाचन गरेको नीति तथा कार्यक्रममा उल्लेख छ ।

सरकारले नेपाल कार्बन प्राधिकरण गठन गर्ने भएको छ । भने आगामी आर्थिक वर्षमा ३० हजार मेगावाट विद्युत उत्पादनको लक्ष्य लिएको छ ।

सरकारले वायु गुणस्तरलाई सुधार गर्न स्वच्छ प्रविधि प्रवर्द्धन र प्रदूषण नियन्त्रण कार्यक्रम ल्याउने भएको छ । १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट सेवा दिने घोषणा गरेको छ ।

आगामी आर्थिक वर्ष भित्र आर्थिक वर्ष भित्र सडक बालबालिका मुक्त घोषणा गर्न घोषणा गर्ने नीति तथा कार्यक्रम ल्याएको छ ।

### प्रमले कुर्सी छाडेर निस्किएपछि बहिष्कार गरेको विपक्षीको निष्कर्ष

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा नीति तथा कार्यक्रमभन्दा बढी चर्चा प्रधानमन्त्री बालेन्द्र साह 'बालेन' को भएको छ। राष्ट्रपतिले नीति तथा कार्यक्रम पेश गरिरहँदा प्रधानमन्त्री साह बीचमै संसद बैठक कक्षबाट बाहिरिएका थिए ।

झण्डै १ घन्टासम्म प्रधानमन्त्री साह आफ्नो कुर्सीमा थिएनन् । नीति तथा कार्यक्रम सरकारले ल्याउने कार्यक्रम मात्र नभएर उसको योजनाको रूपरेखा पनि रहेको छ । यसको संघीय संसदको संयुक्त बैठकमा राष्ट्रपतिले सरकारको तर्फबाट नै पेश गर्ने छन् । आफ्नै सरकारले ल्याएको र राष्ट्रपतिलाई उपलब्ध गराएको नीति तथा कार्यक्रम पेश भइरहँदा पूरा समय पनि संसद बैठकमा बस्न नसकेको भन्दै प्रधानमन्त्रीको आलोचना भएको थियो ।

नीति तथा कार्यक्रम संघीय संसदको संयुक्त बैठकमा पेश भएको थियो । त्यसपछिको प्रतिनिधिसभाको बैठकमा एमाले सांसद गुरु बरालले प्रधानमन्त्री बालेनले नीति तथा कार्यक्रम बहिष्कार गरेको ठहर गरेको बताए। सांसद गुरुराज बरालले राष्ट्रपतिले नीति तथा कार्यक्रम पढिरहेको बेला उठेर बाहिर जानु बहिष्कार गर्नु सरह भएको दाबी गरेका थिए।

उनले आफैँले नीति कार्यक्रम पढ्न दिएर बहिष्कार गरिनु संसदीय मर्यादाविपरीत भएको समेत जिकिर गरेका छन्। संसदीय अभ्यासमा अशोभनीय कार्य रेकर्डमा रहनु उपयुक्त नहुने भन्दै प्रधानमन्त्रीले उठेर हिँडेपछिको दृश्य संसदको रेकर्डबाट हटाउनसमेत माग गरे।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का प्रमुख सचेतक युवराज दुलालले नीति तथा कार्यक्रम पेश भएपछि संसद भवन परिसरमा उनले आफैँले हस्ताक्षर गरेको कार्यक्रम वाचन भइरहँदा प्रधानमन्त्री निस्कनु लज्जाको विषय भएको बताए । उनले नीति तथा कार्यक्रमले आशा ल्याउन नसकेको बताए।

## औषधि व्यवसायी संघका प्रदेश महासचिव झा बर्खास्त

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल औषधि व्यवसायी संघको केन्द्रीय समितिको बैठकबाट संघका मधेश प्रदेश समितिका महासचिव पप्पु कुमार झालाई साधारण सदस्यसमेत नरहने गरी पदबाट बर्खास्त गरिएको छ ।

संघको विधान र संस्थाको हकहित विपरीत कार्य गरेको ठहर गर्दै पद र साधारण सदस्यसमेत नरहने गरी संघबाट बर्खास्त गरिएको केन्द्रीय समितिका महासचिव श्रीधर खनालले जानकारी दिए ।

बर्खास्तमा परेका झाले संस्थागत चेकमा किर्ते हस्ताक्षर गरी व्यक्तिगत प्रयोजनका लागि रकम भुक्तानी गरेको सार्वजनिक भएपछि सम्बन्धित बैंक तथा निकायले संघको एकाइलाई कालोसूचीमा राखेको छ ।

लक्ष्मी सनराइज बैंकमा रहेको संघको खाताबाट २०८१ मंसिर २१ गते सेवाग्राही राहुल कुमार झाको नाममा सात लाख पाँच हजार रुपैयाँको चेक जारी गरिएको थियो। संघको विधानअनुसार यस्ता संस्थागत चेकमा दुई पदाधिकारी-अध्यक्ष वा महासचिवमध्ये एक र कोषाध्यक्ष-को संयुक्त हस्ताक्षर अनिवार्य हुने व्यवस्था छ। तर उक्त चेकमा महासचिव झाले आफैँले दुबै हस्ताक्षर गरेको देखिएको छ।

उक्त चेक बाउन्स भएपछि अनियमितताको विषय बाहिरिएको थियो । यसलाई संस्थागत प्रक्रिया मिचिएको गम्भीर प्रकरणका रूपमा हेरिएको छ। यसअघि पनि २०८० भाद्र ५ गते हरि किशोर चौरासियाको नाममा जारी गरिएको एक लाख ४४ हजार रुपैयाँबराबरको चेक बाउन्स भएको थियो। सो घटनापछि सेवाग्राहीको उजुरीका आधारमा सम्बन्धित निकायले अनुसन्धान अघि बढाएको जनाइएको छ। लगातार चेक बाउन्स र वित्तीय अनियमितताको विवरणका आधारमा कर्जा सूचना केन्द्र लिमिटेडले मिति २०८३ साल वैशाख ११ गते नेपाल औषधि व्यवसायी संघ, मधेश प्रदेश समितिलाई औपचारिक रूपमा कालोसूचीमा समावेश गरिएको छ।

> देशभरका औषधि व्यवसायीहरुको हकहित संरक्षणका लागि स्थापित संस्थाले नै आन्तरिक अनुशासन र आर्थिक पारदर्शीतामाथि नै प्रहार हुने गरी संस्थागत विश्वसनीयतामाथि गम्भीर प्रश्न उठेको थियो ।

संस्थाको केन्द्रीय खाताबाट देशभरका शाखा तथा प्रादेशिक समितिहरूले एउटै प्यान नम्बरमार्फत कारोबार गर्दै आएको अवस्थामा मधेश प्रदेश एकाइ कालोसूचीमा परेपछि यसको प्रभाव संघका अन्य संरचनामा समेत पर्न सक्ने देखिएको छ।

देशभरका औषधि व्यवसायीहरूको हकहित संरक्षणका लागि स्थापित संस्थाले नै आन्तरिक अनुशासन र आर्थिक पारदर्शीतामाथि नै प्रहार हुने गरी संस्थागत विश्वसनीयतामाथि गम्भीर प्रश्न उठेको थियो।

त्यस्तै बर्खास्तमा परेका झाका कारण संघलाई पुग्न गएको आर्थिक, कानुनी तथा प्रतिष्ठागत क्षति सम्बन्धमा कानुनी विज्ञहरुको सल्लाह बमोजिम आवश्यक भए थप कानुनी कारबाही अगाडि बढाउन र संघलाई कालोसूचीबाट हटाउनका लागि पहल गर्नका लागि महासचिव खनाललाई जिम्मेवारी दिइएको छ।

झासंग रहेको संघका सम्पूर्ण कागजात, अभिलेख, बैंकिंग उपकरण, चेकबुक, छाप तथा डिजिटल पहुँचलगायतका विवरणहरु ३ दिनभित्र अनिवार्य रुपमा प्रदेश कार्यालयले बुझ्न मधेश प्रदेश समितिका अध्यक्षलाई निर्देशन दिएको महासचिव खनालले बताए।

त्यस्तै संघको आगामी १६ औं राष्ट्रिय अधिवेशन यही आगामी पुस ३ र ४ गते आयोजना गर्ने कार्य समितिको निर्णय सर्वसम्मतबाट अनुमोदन भएको उनले जानकारी दिए।

## एसईई रिजल्टः ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण

**टुडे समाचारदाता**

जनकपुरधाम। माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको छ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा सोमबार पत्रकार सम्मेलन आयोजना गर्दै बोर्डले नतिजा सार्वजनिक गरेको छ। एसईईको नतिजा अनुसार ६५.९८ विद्यार्थी उत्तीर्ण भएका छन्।

एसईई परीक्षा गत चैत १९ देखि २९ गतेसम्म सञ्चालन भएको थियो। यसपटक परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरिएकाले छिटो नतिजा सार्वजनिक गरेको छ।

बोर्डको परीक्षा नियन्त्रण कार्यालयले 'एसएमएस' गरेर वा सिधै 'वेबसाइट' मा गएर एसईईको नतिजा हेर्न सकिने जनाएको छ।

यस वर्ष गत चैत १९ गतेदेखि देशभरका एक हजार ९६६ परीक्षा केन्द्रबाट ५ लाख १२ हजार ४२१ जना विद्यार्थीले र जापानको एक परीक्षा केन्द्रबाट २३ जना परीक्षामा सहभागी भएका थिए। विगतमा परीक्षा सम्पन्न भएको करिब तीन महिनामा रिजल्ट आउने परम्परा तोडिएको छ।

यसरी हेर्न सकिन्छ नतिजा

बोर्डले सोमबार एक सूचना जारी गर्दै एसइईको नतिजा हेर्ने वेबसाइटसहितको सूची सार्वजनिक गरेको छ। जसअनुसार एसएमएस, आइभिआर र विभिन्न वेबसाइटबाट नतिजा हेर्न सकिने जनाएको छ। विद्यार्थीहरूले आफ्नो मोबाइलको मेसेज बक्समा गई आधिकारिक सर्टकोडमार्फत नतिजा हेर्न सक्ने जनाएको छ।

त्यस्तै नेपाल टेलिकमको १६०० मा कल, एसएमएस र युएसएसडीमार्फत नतिजा हेर्न सकिने व्यवस्था गरेको छ। परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट (www.see.gov.np), राष्ट्रिय परीक्षा बोर्ड (www.neb.gov.np) र नेपाल टेलिकम (www.see.ntc.net.np)लगायतबाट नतिजा हर्न सकिन्छ।



# सूचना प्रविधि क्षेत्रलाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम घोषणा

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योगका रूपमा घोषणा गर्ने महत्वाकांक्षी योजना अघि सारेको छ।

सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा आज राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा सूचना प्रविधि, डिजिटल शासन, कृत्रिम बौद्धिकता, ई-गभर्नेन्स, डिजिटल अर्थतन्त्र र प्रविधिमैत्री सार्वजनिक सेवामार्फत राज्य संरचनालाई पुनःपरिभाषित गर्ने संकेत गरिएको छ।

सरकारले सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षालगायत प्रविधिसँग सम्बन्धित सेवाको निर्यातलाई प्रवर्द्धन गर्ने घोषणा गर्दै नेपाललाई क्षेत्रीय 'टेक हब'का रूपमा विकास गर्ने लक्ष्य लिएको छ। यसका लागि डिजिटल पार्क, उच्च क्षमताका डाटा सेन्टर तथा सार्वजनिक डिजिटल पूर्वाधार निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजीकरण, सरकारी सह-लगानी तथा अनुसन्धान र नवप्रवर्तन खर्चमा कर प्रोत्साहन उपलब्ध गराइने जनाइएको छ।

सरकारले सम्पूर्ण आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गर्दै नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्र निर्माण गर्ने घोषणा गरेको छ। कर संरचनाको पुनरावलोकन गरी उद्यमी र मध्यम वर्गीय परिवारमाथिको बोझ घटाइने उल्लेख गरिएको छ। यसलाई सरकारले अर्थतन्त्रको औपचारिकीकरणतर्फको प्रमुख कदमका रूपमा प्रस्तुत गरेको छ।

नीति तथा कार्यक्रममा 'एक पटकको विवरण सबै सेवामा प्रयोग' भन्ने अवधारणालाई कार्यान्वयन गर्ने गरी अन्तरसञ्चालन सक्षम सरकारी डाटाबेस निर्माण गरिने उल्लेख छ। सरकारी निकायबीच डेटा आदानप्रदान सहज बनाउँदै ई-गभर्नेन्स प्रणालीलाई एकीकृत डिजिटल प्लेटफर्ममार्फत सुदृढ गरिने भएको छ। न्यूनतम एक सय सरकारी सेवा नागरिक एपमार्फत उपलब्ध गराउने योजना पनि नीति तथा कार्यक्रममार्फत सरकारले सार्वजनिक गरेको छ।

यस्तै, राष्ट्रिय परिचयपत्रलाई विभिन्न सार्वजनिक सेवासँग अन्तरआबद्ध गर्दै 'एक परिचयपत्र नीति' लागू गरिने भएको छ। जसअन्तर्गत नागरिकता, बैंकिङ, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षासहितका सेवालाई एउटै डिजिटल पहिचानमार्फत जोड्ने योजना अघि सारिएको छ।



यस्तै, 'एकल सेवा केन्द्र'लाई सबै सरकारी कार्यालयमा विस्तार गरिने र अत्यावश्यक सेवा सातै दिन सञ्चालन गरिने भएको छ। डिजिटल हस्ताक्षर, अनलाइन सेवा र समयबद्ध निर्णय प्रणालीमार्फत नागरिकलाई लाइन, झन्झट र अनावश्यक बिचौलियाबाट मुक्त गरिने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ।

सार्वजनिक खरिद, राजस्व र प्रशासनिक प्रक्रियालाई पारदर्शी, प्रविधिमैत्री र प्रतिस्पर्धात्मक बनाइने नीति पनि सरकारले अघि सारेको छ। नागरिक विश्वास तथा सुशासन धारणा सूचकाङ्क र डिजिटल अडिट प्रणालीमार्फत उच्च जोखिम क्षेत्र पहिचान गरी भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाइने उल्लेख छ।

जल तथा मौसमसम्बन्धी तथ्याङ्कलाई डिजिटल प्लेटफर्ममा एकीकृत गरी विपद् पूर्वसूचना प्रणाली विकास गरिने भएको छ। नागरिक एपमार्फत कृषि, यातायात, पर्यटन र उड्डयन क्षेत्रमा पूर्वचेतावनी सेवा विस्तार गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

यसैगरी, बैंकिङ, दूरसञ्चार तथा सार्वजनिक सेवामा डिजिटल प्रमाणीकरणका लागि ई-केवाईसी प्रणाली लागू गरिने भएको छ। सरकारले श्रम निर्यातमा निर्भर अर्थतन्त्रलाई ज्ञान, सेवा, डिजिटल व्यापार, रिमोट वर्क तथा मूल्य अभिवृद्धियुक्त सेवामुखी अर्थतन्त्रमा रूपान्तरण गर्ने लक्ष्य पनि अघि सारेको छ। अन्तरराष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिँदै विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाइने जनाइएको छ।

उड्डयन तथा पर्यटन क्षेत्रमा पनि व्यापक डिजिटल सुधारका कार्यक्रम समेटिएका छन्। सरकारले अन्तरराष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गर्दै भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विकास गर्ने जनाएको छ। पर्यटक भिसा सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिने र अन्तरराष्ट्रिय विमानस्थलमा ई-गेट प्रणाली जडान गरी यात्रुको प्रतीक्षा समय घटाइने नीति लिइएको छ। यस्तै, अध्यागमन बिन्दुबाटै पर्यटकीय अनुमति तथा सेवा उपलब्ध गराउने 'एकद्वार डिजिटल पर्यटन प्रणाली' लागू गरिने भएको छ। पर्वतीय पर्यटनको सुरक्षा, खोज तथा उद्धार प्रणालीलाई आधुनिक प्रविधिसँग जोडिने सरकारको योजना छ।

सरकारले नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न सकिने 'रिमोट वर्क नीति'को कानुनी व्यवस्था गर्ने घोषणा पनि गरेको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीपलाई 'डिजिटल सीप पासपोर्ट' मार्फत अभिलेखीकरण गरी अन्तरराष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराइने भएको छ। श्रम क्षेत्रमा डिजिटल अनुगमन प्रणाली लागू गरिने भएको छ। श्रमिकका लागि कानुनी सहायता तथा न्यायमा सहज पहुँच सुनिश्चित गरिने र डिजिटल श्रम निरीक्षण प्रणालीमार्फत न्यूनतम पारिश्रमिक, व्यावसायिक सुरक्षा तथा स्वास्थ्य प्रत्याभूति गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

शिक्षा क्षेत्रमा सरकारले ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री तथा कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गर्ने घोषणा गरेको छ। उच्च शिक्षालाई श्रम बजारसँग आबद्ध गराउँदै विश्वविद्यालयको प्राज्ञिक तथा शासकीय पुनःसंरचना गरिने नीति लिइएको छ। १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट, डिजिटल सामग्री र एआई आधारित सिकाइ प्रणाली विस्तार गरिने भएको छ।

सडक सुरक्षाका लागि सरकारले जीपीएस ट्र्याकिङ, एआई आधारित ट्राफिक क्यामेरा, डिजिटल जरिवाना प्रणाली र गति नियन्त्रणलाई कडाइका साथ लागू गर्ने जनाएको छ। पैदलयात्री तथा साइकल यात्रुका लागि सुरक्षित पूर्वाधार निर्माण गरिने र सार्वजनिक यातायातमा महिलाको सुरक्षित पहुँच सुनिश्चित गरिने नीति लिइएको छ। काठमाडौँमा 'बस र्‍यापिड ट्रान्जिट (बीआरटी)'को विस्तृत डिजाइन तथा कार्यान्वयन प्रक्रिया सुरु गरिने घोषणा गरिएको छ। सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले नेपाललाई परम्परागत प्रशासनिक संरचनाबाट डिजिटल राज्यतर्फ रूपान्तरण गर्ने महत्वाकाङ्क्षी लक्ष्य प्रस्तुत गरेको देखिन्छ। राष्ट्रपति पौडेलले 'डिजिटल सुशासन ब्लुप्रिन्ट' अनुरुप राष्ट्रिय डिजिटल पूर्वाधार स्थापना गर्दै जी-क्लाउड र डाटा नीतिको कार्यान्वयनका लागि केन्द्रीय समन्वय प्रणाली विकास गर्ने नीति सरकारले लिने बताउनुभयो।

सरकारले राष्ट्रिय डिजिटल रणनीति, डिजिटल खरिद प्रणाली, डाटा नीति, अन्तरसञ्चालन मापदण्ड तथा सरकारी क्लाउड पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने नीति अघि सारेको छ। नीति तथा कार्यक्रममा सरकारी सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउन डिजिटल संरचनाको एकीकृत विकास गरिने उल्लेख गरिएको छ।

यसैगरी, डाटा, कृत्रिम बौद्धिकता (एआई), डिजिटल प्रविधि तथा साइबर सुरक्षाको प्रयोगमार्फत नवप्रवर्तन र स्टार्टअप प्रवर्द्धन गरिने जनाइएको छ। सरकारले ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्ने लक्ष्यसहित प्रविधि क्षेत्रमा निजी क्षेत्र र युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने नीति लिएको छ। दूरसञ्चार क्षेत्रमा नवीनतम प्रविधिको विस्तार, रेडियो फ्रिक्वेन्सी व्यवस्थापनका मानदण्ड निर्माण तथा प्रभावकारी अनुगमन प्रणाली सुदृढ बनाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। साथै दुर्गम तथा पिछडिएका क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गर्दै डिजिटल विभेद न्यूनीकरण गरिने सरकारको योजना छ।

विज्ञापन तथा सञ्चार क्षेत्रलाई थप पारदर्शी र उत्तरदायी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी नियामक संरचना सुदृढ गरिने भएको छ। हुलाक सेवाको प्रविधीकरण, आधुनिकीकरण तथा डिजिटल रूपान्तरणलाई समेत सरकारले प्राथमिकतामा राखेको छ।

आज सार्वजनिक नीति तथा कार्यक्रमअनुसार सरकारले चलचित्र, वृत्तचित्र, फोटोग्राफी तथा डिजिटल सामग्री उत्पादनलाई उद्योगका रूपमा विकास गर्ने योजना पनि अघि सारेको छ। प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्दै नेपाललाई अन्तरराष्ट्रिय चलचित्र छायाङ्कन तथा सिर्जनात्मक सामग्री उत्पादनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। रासस

## 'पारस्परिक लाभ, सम्मान र बहुपक्षीय सहकार्यका आधारमा परराष्ट्र सम्बन्ध'

काठमाण्डु । सरकारले छिमेकी तथा मित्र राष्ट्रहरूसँग पारस्परिक लाभ, सम्मान र बहुपक्षीय सहकार्यमा आधारित सम्बन्ध विस्तार गर्ने जनाएको छ।

सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा सोमबार राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई केन्द्रमा राख्दै संयुक्त राष्ट्र सङ्घको बडापत्र, असङ्लग्नता र पञ्चशीलका सिद्धान्तमा आधारित सन्तुलित कूटनीति अवलम्बन गरिने उल्लेख छ।

"नेपालको मौलिक पहिचान, भाषा, कला र सम्पदालाई विश्वमञ्चमा स्थापित गर्दै सौम्य शक्ति विस्तार गरिनेछ," कार्यक्रममा भनिएको छ, "विदेशस्थित नियोगमार्फत नेपाली वस्तु, सेवा, संस्कृति र पर्यटनको विश्वव्यापी प्रवर्धन गर्दै 'ब्रान्ड नेपाल अभियान' सञ्चालन गरिनेछ।"

परम्परागत कूटनीतिलाई आर्थिक कूटनीतिमा रूपान्तरण गर्दै नेपाललाई सूचना प्रविधि र नवप्रवर्तन एवम् शिक्षा र स्वास्थ्य सेवा क्षेत्रका लागि अन्तरराष्ट्रिय गन्तव्य बनाइने उल्लेख छ। साथै, पर्यटन पूर्वाधार, ऊर्जा, सूचना प्रविधिजस्ता क्षेत्रमा विदेशी लगानी प्रवर्द्धन गरिने वैदेशिक सहायता, लगानी र विकास सहकार्यलाई नेपालको सार्वभौमसत्ता र दीर्घकालीन राष्ट्रियहित अनुकूल परिचालन गरिने जनाइएको छ।

यसैगरी विदेशस्थित नेपाली नियोगबाट प्रदान गरिने राहदानी तथा कन्सुलर सेवालाई डिजिटलाइज गरिने, विदेशमा रहेका नेपालीको सुरक्षा र अधिकार संरक्षण गर्न परराष्ट्र मन्त्रालयमा सातै दिन चौबिसै घण्टा 'सेन्ट्रल रेस्पोन्स युनिट' र नियोगमा द्रुत उद्धार टोली स्थापना गरी सञ्चालन गरिने सरकारको नीति छ। रासस

## नीति तथा कार्यक्रम : बृहत् सहरी विकास कार्यक्रम सञ्चालन गरिने

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा सरकारले सहरी पूर्वाधार सूचक कमजोर भएका नगरपालिकालाई प्राथमिकतामा राख्दै बृहत् सहरी विकास कार्यक्रम सञ्चालन गर्ने जनाएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार सङ्घीय संसद्को संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै एकीकृत फोहरमैला व्यवस्थापन प्रणाली विकास गरिने बताउनुभयो।

फोहर सङ्कलन, प्रशोधन तथा पुनःप्रयोगका लागि आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिने तथा सहरी व्यवस्थापनलाई व्यवस्थित र दिगो बनाइने सरकारको योजना छ। सरकारले आवासविहीन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि सुविधायुक्त आवास योजना कार्यान्वयन गर्ने नीति अघि सारेको छ। वास्तविक भूमिहीनको पहिचान गरी स्थायी आवास र स्वामित्व सुनिश्चित गरिने राष्ट्रपति पौडेलले बताउनुभयो।

मध्य पहाडी लोकमार्ग आसपासका नयाँ सहरलाई पहिचानयुक्त सहरका रूपमा विकास गर्दै जग्गा विकास, पूर्वाधार विस्तार र स्थानीय आर्थिक सम्भावनासँग जोडिने नीति तथा कार्यक्रममा उल्लेख छ।

राष्ट्रिय भवन संहिताको अनिवार्य कार्यान्वयन गर्दै सबै नयाँ निर्माणमा भूकम्प प्रतिरोधी, अग्नि सुरक्षा तथा आधुनिक पूर्वाधार मापदण्ड लागू गरिने सरकारले जनाएको छ। जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाको पुनःनिर्माणलाई प्राथमिकता दिइने तथा जोखिमयुक्त र छरिएका बस्तीलाई व्यवस्थित गर्न भू-उपयोग, पूर्वाधार र सामुदायिक सेवासहितको एकीकृत परियोजना सञ्चालन गरिने नीति लिइएको छ।

सरकारले प्रतिक्रियामुखीभन्दा पूर्वतयारीमुखी विपद् व्यवस्थापन नीति अवलम्बन गर्ने जनाएको छ। जोखिम नक्साङ्कन, प्रारम्भिक चेतावनी प्रणाली तथा विपद् सुरक्षा अभ्यासलाई संस्थागत गरिने तथा खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल सम्मिलित एकीकृत कमाण्ड प्रणाली विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

विपद् व्यवस्थापनमा ड्रोन, हेलिकप्टरलगायत आधुनिक प्रविधिको प्रयोग गरिने तथा यसका लागि निजी क्षेत्रसँग साझेदारी गरिने राष्ट्रपति पौडेलले बताउनुभयो।रासस

# एक सय बुँदामा समेटिएको नीति तथा कार्यक्रममा यस्ता छन् सरकारका प्राथमिकता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्का संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको छ। सोमबार अपराह्न सिंहदरबारस्थित सङ्घीय संसद् भवनमा उहाँले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो।

सरकारले आर्थिक विकास, पूर्वाधार प्रवर्द्धन, सुशासन, सामाजिक न्यायलाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेको छ। यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गत निर्वाचनमा सार्वजनिक गरेको वाचापत्रमा समावेश गरिएका विषयवस्तुलाई समेत यसमा समावेश गरिएका छन्।

रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारले आगामी आर्थिक वर्षका लागि एक सय बुँदामा समेटिएको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको हो। सरकारले भौतिक पूर्वाधारको विकास, सूचना प्रविधिको प्रयोग एवम् वित्तीय तथा प्रशासनिक मोडल कार्यक्रममा समावेश गरिएको छ।

वैकल्पिक विकास वित्त, डायस्फोरा पुँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडल लागू गर्ने जनाइएको छ। यस्तै, रूपान्तरणकारी आयोजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समय सीमासहित अघि बढाउने, आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता, डिजिटल ट्र्याकिङ, जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधान गर्दै आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने नीति लिइएको छ।

सार्वजनिक खर्चलाई परिणाममुखी बनाउने, सार्वजनिक संस्थान सुधार गर्ने र खर्च कटौती गर्ने लक्ष्य राखेको सरकारले सीमारहित अर्थतन्त्र र तौलरहित व्यापारलाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात् गरेको छ।



नीति तथा कार्यक्रममा अन्तरराष्ट्रिय 'पेमेन्ट गेटवे'लाई कानुनी मान्यता दिई विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाउने लक्ष्य राखेको छ। सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरेर महत्त्व दिइएको छ भने नेपाललाई 'टेक हब'का रूपमा अगाडि बढाउने, सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत दिने, लगानी सहजीकरण गर्ने लक्ष्य राखिएको छ।

सरकारले व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म ३० दिनभित्र सम्पन्न गर्ने 'लगानी एक्सप्रेस नीति' लागू गर्ने, तोकेभन्दा बढी लगानी गर्ने लगानीकर्तालाई 'नेपाली लगानी भिसा' उपलब्ध गराउने नयाँ कार्यक्रम अगाडि सारेको छ।

'स्टार्ट अप नेपाल पोर्टल'मार्फत लगानी गर्नेलाई एकैदिन कम्पनी दर्ता, कर छुट, बिउ पुँजीलगायत सेवा प्रदान गर्ने, ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक र उद्यमशील पेसाका रूपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्द्धन गरिएको छ।

वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गर्ने, लगानी अगाडि नै बालीको न्यूनमतम समर्थन मूल्य तोक्ने, सिधैँ किसानको बैङ्क खातामा रकम जम्मा हुने व्यवस्थाका अलावा खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई सक्षम बनाउने सरकारको कार्यक्रम छ।

नापी र मालपोत सेवालाई एकीकरण गरी जग्गा प्रशासन सेवा चरणबद्ध रूपमा सबै स्थानीय तहमा विस्तार गर्ने, आधुनिक प्रविधिबाट भूमिको नाप नक्सा गर्ने कार्यक्रम समाावेश गरिएको छ।

नेपाल कार्बन प्राधिकरण गर्ने, वन डढेलो उच्च सतर्कता केन्द्र स्थापाना गर्ने, अन्तरराष्ट्रिय जलवायु वित्तमा पहुँच बृद्धि, हरित बण्ड ढाँचा विकास गर्ने र 'नेट जिरो २०४५' लाई पूर्ण प्रतिबद्धताका साथ कार्यान्वयन गर्ने योजना अगाडि सारिएको छ।

राष्ट्रिय औद्योगिक नीति तर्जुमा गर्ने, राष्ट्रिय उद्यम प्रवर्द्धन सुविधा दिने, नेपाल व्यापार एकीकृत रणनीति र व्यापार घाटा न्यूनीकरण कार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्ने विषयलाई सरकारको नीति तथा कार्यक्रममा महत्वका साथ समावेश गरिएको छ।

'भिजिट नेपाल २०८५' को पूर्वतयारीका लागि पर्यटक आगमन प्रति पर्यटक खर्च वृद्धि र बसाइँ अवधि बढाउने गरी अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, देवभूमि नेपाल राष्ट्रिय अभियान सञ्चालन गर्ने, नेपाल होमस्टेको ब्रान्डिङ गर्ने, नेपालमा बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने 'रिमोट वर्क' नीतिको कानुनी व्यवस्था गरिने भएको छ।

वैदेशिक रोजगारीबाट फर्केका युवाको सिपलाई डिजिटल सिप पासपोर्ट अभिलेखीकरण गरी अन्तरराष्ट्रिय व्यवसायिक प्रमाणीकरण उपलब्ध गराइनेछ।

विप्रेषण लगानी मिलान कोष, रोजगार प्रवर्द्धन दशकजस्ता नयाँ कार्यक्रम समावेश गरिएको आगामी आवको नीति तथा कार्यक्रममा बालबाालिका उत्तरदायी बजेट कोड लागू गर्ने, राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला स्थापना गर्ने छ।रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| **मेष :** | आजको दिन कार्यक्षेत्रमा निकै व्यस्त रहनुपर्नेछ। |
| **वृष :** | रोकिएका धार्मिक वा लामो दुरीका यात्राका योजनाहरु सफल हुनेछन्। |
| **मिथुन :** | आजको दिन स्वास्थ्यमा विशेष सावधानी अपनाउनुहोला। |
| **कर्कट :** | दाम्पत्य जीवनमा सुख र मधुरता छाउनेछ। |
| **सिंह :** | तपाईका शत्रुहरु परास्त हुनेछन्। |
| **कन्या :** | बौद्धिक र सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ। |
| **तुला :** | पारिवारिक वातावरणमा केही उतारचढाव आउन सक्छ। |
| **वृश्चिक :** | तपाईको साहस र पराक्रम बढ्नेछ। |
| **धनु :** | वाणीको प्रभावले बिग्रिएका कामहरु बन्नेछन्। |
| **मकर :** | चन्द्रमा आज तपाईको आफ्नै राशिमा रहनेछन्। आत्मविश्वास र उर्जा बढ्नेछ। |
| **कुम्भ:** | वैदेशिक कार्य वा टाढाको यात्राका लागि समय अनुकूल छ। |
| **मीन:** | आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी 9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पशुपतिनाथ आइपुग्यो बृहत् पाशुपतक्षेत्र पदयात्रा



काठमाण्डु । आराध्यदेव भगवान् श्रीपशुपतिनाथ र पाशुपत क्षेत्रको माहात्म्य एवम् पवित्र वाग्मती नदीको विशिष्टता उगागर गर्ने उद्देश्यले गरिएको 'बृहत् पाशुपतक्षेत्र पदयात्रा-२०८२' (चौसट्ठी सिद्धलिङ्ग दर्शन) समूह आइतबार पशुपति आइपुगेको छ।

भगवान् श्रीपशुपतिनाथ र पाशुपतक्षेत्रको माहात्म्य एवं पवित्र वाग्मती नदीको विशिष्टता समस्त सनातनी तथा नेपालीलाई जागृत गराउने र वाग्मती नदी प्रदूषित भएकामा भगवान् पशुपतिनाथ एवं वाग्मतीप्रति क्षमायाचना तथा प्रायश्चित गर्ने उद्देश्यका साथ पदयात्रा आयोजना गरिएको थियो। महेश सन्न्यास आश्रमका पीठाधीश एवं 'महेश संस्कृत गुरुकुलम्'का अध्यक्ष स्वामी रमणानन्द गिरीको सत्सङ्कल्पमा पदयात्रा समूह पशुपति क्षेत्र आइपुगेको हो।

गत चैत १५ गते पशुपति शङ्कराचार्यमठमा समुद्घाटन, पशुपतिपूजन तथा वाग्मती गङ्गाको विशेष आरती गरी १६ गते पशुपति क्षेत्रबाट प्रारम्भ भएको पाशुपत पदयात्राको शुभारम्भ आदिलिङ्ग कुशेश्वर महादेवको दर्शनबाट भएको थियो। कुशेश्वरबाट दोलखा भीमसेनको दर्शन गरेर फर्किएपछि सिन्धुली, नुवाकोट, धादिङ, मकवानपुर, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, जनकपुर आदिक्षेत्रमा रहेका सिद्धलिङ्गको दर्शन पैदलयात्रा गरी समूह अघि बढेको थियो। ४२ दिनमा तीर्थयात्रा पशुपति आइपुगेको हो।

'बृहत्-पाशुपत-परिक्रमा' का सङ्कल्पकर्ता गिरिले पशुपति तत्वका बारेमा प्रकाश पार्दै पशुपतिको लघुपरिक्रमा, मध्यमपरिक्रमा र बृहत्परिक्रमाका बारेमा उल्लेख गर्नुभएको थियो।

पशुपतिनाथ विश्वका धार्मिक क्षेत्रमध्ये आध्यात्मिक दृष्टिले ऊर्जाशील भूमि नेपाललाई रोजेर वाग्मती तटमा विराजमान हुनुभएकाले यसको महत्व उजागर गर्नुपर्नेमा यस क्षेत्रका विज्ञले जोड दिँदै आएका छन्।

'बृहत् पाशुपत पदयात्रा' लाई भव्यताका साथ सम्पन्न गर्न 'मूल आयोजक समिति' र विभिन्न उपसमितिको समेत गठन गरिएको थियो। पशुपति आइपुगेपछि समूहले यस क्षेत्रका भुवनेश्वर, भष्मेश्वर, रुद्रगारेश्वरलगायत तीर्थस्थलमा विधिवत् पूजा, आराधना र रुद्राभिषेक पनि सम्पन्न गरेको जनाइएको छ।

आज (सोमबार) बिहान पशुपतिनाथ मूल मन्दिरसहित वाग्मती नदीमा पूजा, आराधना र अर्घ्यदान गरेपछि बृहत् पाशुपत पदयात्रा समापन गरिने छ। रासस

## अरनिको राजमार्ग विस्तारः

# ढिलासुस्तीबारे जनप्रतिनिधिको चासो

काभ्रेपलाञ्चोक । छ लेनमा विस्तार भइरहेको अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक निर्माणमा भएको ढिलासुस्तीबारे यहाँका जनप्रतिनिधिले चासो राखेका छन् । आइतबार बनेपा नगरपालिका कार्यालयमा जनप्रतिनिधि तथा आयोजना एवं निर्माण व्यवसायीसँग सो विषयमा छलफल भएको थियो । छलफलमा काम छिटो सम्पन्न गरी वर्षामा यात्रुलाई सहजता दिलाउनुपर्नेमा जोड दिइएको थियो।

बनेपा नगरप्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा भएको छलफलमा सूर्यविनायक-धुलिखेल सडक आयोजना निर्माणमा भइरहेको ढिलासुस्तीका विषयमा बागमती प्रदेश सामाजिक विकासमन्त्री कञ्चनचन्द्र बादे, प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, नगरउपप्रमुख विमला दाहाल, स्थानीय जनप्रनिधि, सुरक्षा निकाय, आयोजना प्रमुख, ठेकेदार कम्पनी लगायतको उपस्थिति थियो। छलफलमा धुलिखेल-सूर्यविनायक सडक आयोजनाअन्तर्गत बनेपा नगर क्षेत्रभित्रका सर्भिस लेन तथा सहायक सडकहरू बिनाअवरोध निर्वाध रूपमा सञ्चालन तथा निर्माण हुने व्यवस्था मिलाउने सम्बन्धमा सडक आयोजना र निर्माण व्यवसायीले प्रतिबद्धता जनाएका छन्।

त्यसैगरी बनेपास्थित पुण्यमाता खोला पुल तथा भैँसीपाटी खोला पुल निर्माणका क्रममा अवरुद्ध सर्भिस लेन र सहायक मार्ग पुनः सञ्चालन हुनेगरी आवश्यक निर्माण तत्काल गरिनेछ । पुलबजार क्षेत्रमा पुण्यमाता खोलाबाट हुने डुबान रोक्न खोला गहिर्याउने, खोला सफा गर्ने तथा संरक्षणसम्बन्धी कार्य तुरुन्त अघि बढाइनेछ। त्यस्तै पुण्यमाता खोलामा रहेको पुलको सुरक्षा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कार्य सम्पन्न गरिने जनाइएको छ।



"कुनै पनि हालतमा यात्रुलाई असहजता हुनुभएन, तत्काल सबै क्षेत्रमा मेन-लेनमा पक्की बनाउने नसक्ने भए सर्भिस ट्र्याकमा कुनै अवरोध हुनुभएन", मन्त्री वादेले भन्नुभयो। उहाँले चरणबद्ध रूपमा गरिने निर्माणबारे विभिन्न बहाना देखाएर निर्माण व्यवसायी पन्छिन खोजेकामा भने रोष प्रकट गर्नुभयो । सडक अव्यवस्थित हुँदा भएका दुर्घटनामा दुई जनाको ज्यान जाँदा पनि आयोजना गम्भीर नभएको प्रति उहाँले असन्तोष व्यक्त गर्नुभयो । आयोजनाप्रमुख विजय महतोले समग्र भौतिक प्रगति ७० प्रतिशत भएको जनाउँदै आगामी असार मसान्तसम्म मुख्य लेन पक्की गरिसक्ने बताउनुभयो।

उहाँका अनुसार 'कालोपत्र गर्ने तयारी गरिए पनि बिटुमिनको अभाव'ले केही महिना ढिला भएको छ, तर पनि बिटुमिन ल्याउन विभिन्न तहमा पहल भइरहेको छ । भक्तपुर-धुलिखेल सडकखण्डअन्तर्गत निर्माण हुने तीनवटा पुल निर्माणका लागि निर्माण कम्पनीसँग थप पहल भइरहेको महतोले बताउनुभयो।

करिब तीन वर्षअघि सुरु गरिएको उक्त आयोजना (१५ दशमलव ८ किलोमिटर) को हाल विस्तार दुई महिनादेखि सुस्त बनेको छ । लगातार बढ्दो मूल्यवृद्धि, निर्माण सामग्रीको अभाव तथा बजारमा

> "कुनै पनि हालतमा यात्रुलाई असहजता हुनुभएन, तत्काल सबै क्षेत्रमा मेन-लेनमा पक्की बनाउने नसक्ने भए सर्भिस ट्र्याकमा कुनै अवरोध हुनुभएन"

देखिएको असहज अवस्थाका कारण निर्माण कम्पनीहरूले कामको गति कम गरेको जनाएका छन् । उक्त आयोजना अहिले 'सामग्री अभाव' देखाउँदै प्रभावित बनाइएको छ । यसअघि चालु आर्थिक वर्षको असार मसान्तसम्म ९० प्रतिशत कामसक्ने लक्ष्यसहित तीव्रगतिमा निर्माण भइरहेको जनाइएको छ।

ठेक्काको जिम्मा पाएको लामा कन्स्ट्रक्सनका प्रबन्धक रवीन्द्र श्रेष्ठले पछिल्लो समय निर्माण सामग्रीको मूल्य अस्वाभाविक रूपमा बढ्दै आवश्यक सामग्री सहज रूपमा उपलब्ध नभएकाले कामको गति सुस्त भएको जानकारी दिनुभयो।

उहाँका अनुसार आवश्यक सामग्रीको अभावमा काम पूर्ण रूपमा बन्द भने नभएको तर पहिलेको जस्तो तीव्रता कायम राख्न कठिन भएको छ । यस्तै भक्तपुरको सूर्यविनायक काभ्रेपलाञ्चोकको साँगा खण्डमा भने कामको प्रगति अझै कमजोर देखिएको छ। उक्त खण्डमा हालसम्म ४८ प्रतिशतमात्रै काम सम्पन्न भएको जनाइएको छ।

आठ किलोमिटर दूरीको साँगा-धुलिखेल सडक विस्तारका लागि २०७९ साल मङ्सिर २७ गते सम्झौता भई २०८२ मङ्सिर २५ गते आयोजनाको म्याद सकिएको थियो।

उक्त सडकखण्ड विस्तारका लागि लामा कन्स्ट्रक्सन प्रालिले चार अर्ब पाँच करोड ६४ लाख रुपैयाँमा ठेक्का लिएको थियो । उक्त अवधिमा ६० प्रतिशतमात्र काम सम्पन्न भएको जनाइएको छ। सूर्यविनायक-धुलिखेल सडक बिस्तारकार्यअन्तर्गत दोस्रो खण्ड सूर्यविनायक-साँगा ७.५ किलोमिटर विस्तारका लागि तीन अर्ब ८८ करोड ९३ लाख रुपैयाँमा ठेक्का लगाइएको थियो। उक्त खण्डको ठेक्का अवधि पनि गत पुसमा सकिएपछि एक बर्ष म्याद थपिएको हो। हाल साँगामा 'अन्डरपास' निर्माण अन्तिम चरण पुगेको छ। रासस

# सडक सुविधाले किचकबध र कचनकबलमा पर्यटकीय चहलपहल

झापा। प्रसिद्ध पर्यटकीयस्थल किचकबध र नेपालकै होचो स्थान कचनकबल जाने सडक स्तरोन्नति गरिएपछि पर्यटकीय चहलपहल बढेको छ।

भद्रपुर नगरपालिका-२ स्थित १९ बिघा क्षेत्रफलमा फैलिएको किचकबध पर्यटकीय क्षेत्र महाभारतकालीन विराट राजाको दरबार, उनको सेनापति किचकको बध भएको स्थान र दुई हजार वर्षभन्दा पुरानो मानव इतिहाससँग जोडिएको छ।

त्यसैगरी, कचनकबल गाउँपालिका-४ स्थित कचनकबल समुद्र सतहबाट ५८ मिटरको उचाइमा रहेको नेपालको सबैभन्दा होचो स्थानका रूपमा प्रसिद्ध छ। चन्द्रगढी विमानस्थलबाट १० किलोमिटर टाढा रहेका यी दुवै पर्यटकीयस्थल महेन्द्र राजमार्गको विर्तामोड, चारआली र पूर्वीनाका काँकरभिट्टाबाट २८ देखि ४३ किलोमिटरको सडक दूरीमा छन्।

कचनकबललाई जोड्ने सडक हाल कालोपत्र भइसकेको छ। किचकबधस्थलको डेढ किलोमिटर नजिक कालोपत्र सडक पुगिसकेको किचकबध धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थल संरक्षण समितिका सचिव बमबहादुर कोइरालाले बताउनुभयो।



"काँकरभिट्टा, भद्रपुर, चारआली र विर्तामोड जताबाट आए पनि कालोपत्र सडक किचकबधस्थल नजिक पुगिसकेको छ", सचिव कोइराला भन्नुहुन्छ, "पहिलेपहिले सडकमार्ग अप्ठेरो छ भनेर गुनासो आउँथ्यो । अहिले किचकबध आउँदा जुन बाटो प्रयोग गरे पनि सजिलो छ । आगामी दिनमा सरकारले बजेट छुट्याएर किचकबधस्थलसम्मै कालोपत्र पुर्याइने आशा गरेका छौँ।"

किचकबध क्षेत्रको उत्खननबाट पुरातत्व विभागले दुई हजार वर्ष पुराना सामग्रीहरू फेला पारेपछि यसको अवलोकन गर्न आउनेको सङ्ख्या बढेको उहाँले बताउनुभयो।

पुरातत्व विभागको पटकपटकको उत्खननका क्रममा फेलापरेका धातुका प्राचीन भाँडावर्तन, माटाका सामग्री र सुराहीलाई विदेशमा लगेर कार्बन परीक्षण गरिएको थियो । कार्बन परीक्षणबाट ती सामग्री २२ सय वर्ष पुरानो रहेको पुष्टि भएको उत्खननको नेतृत्व गर्दै आउनुभएका उद्धव आचार्यले बताउनुभयो।

उहाँका अनुसार उत्खननबाट उत्तरपूर्वमा एउटा बहुतले ठूलो भवन, दक्षिणतिर अर्को भवन, उत्तरपश्चिमतिर सुरक्षाकर्मी बस्ने सानो कोठालगायत पाँचवटा भौतिक संरचना फेलापरेको छ । भवनका इँटा सतहभन्दा माथिसम्म आइपुगेका छन्।

विसं २०५९ मा पहिलोपल्ट यहाँ उत्खनन गरिएको थियो । यस क्षेत्रको संरक्षण र पर्यटकीय विकासका लागि किचकबध धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थल संरक्षण समिति सक्रिय रहँदै आएको छ।

यहाँ पर्यटकीय आकर्षणका लागि २० फिट अग्लो भीम-किचकको प्रतिमा, पोखरी र रमणीय वनभोजस्थल, बाल उद्यानलगायतका भौतिक संरचना निर्माण गरिएका छन्। अध्ययन, मनोरञ्जन र बिदा मनाउन आउनेहरूको सङ्ख्या थपिदै गएको हुँदा किचकबध क्षेत्रमा विगतको तुलनामा पर्यटकीय चहलपहल बढेको सचिव कोइरालाले जानकारी दिनुभयो।

नेपालको सबैभन्दा होचो स्थान कचनकबलमा समेत कालोपत्र सडक पुर्याइएको छ। होचो स्थान हेर्नका लागि बाह्य तथा आन्तरिक पर्यटक अब राजमार्गबाट एक घण्टाभन्दा कम समयमा कचनकबल पुग्न सक्ने कचनकबल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले बताउनुभयो।

"विगतमा ग्राभेल र धुलाम्य सडकका कारण पर्यटकलाई सास्ती हुने गरेको थियो", उपाध्यक्ष भट्टराई भन्नुहुन्छ, "बनियानी बजारबाट कचनकबल स्तम्भसम्म पुग्ने मुख्य पहुँचमार्ग अहिले कालोपत्र भइसकेको छ।"

उक्त होचो स्थानमा पर्यटकीय आकर्षणका लागि पोखरीमा माछा आकारको प्रतिमालगायतका भौतिक संरचना निर्माण गरिएको उहाँले बताउनुभयो। कचनकबल पुग्ने सडक कालोपत्र भएपछि दुईपाङ्ग्रे र चारपाङ्ग्रे सवारीसाधनबाट आउने पर्यटकको चहलपहल बढेको उहाँले जानकारी दिनुभयो।

भ्रमणका लागि पुग्नु भएका विर्तामोडका गोपाल काफ्लेले नेपालकै प्रमुख पर्यटकीयस्थलका रूपमा परिचित कचनकबलमा कालोपत्र सडकको पहुँच पुगे तापनि पर्यटकको बसाइ लम्ब्याउने किसिमका सुविधाको अझै अभाव रहेको बताउनुभयो।

महेन्द्र राजगार्गलाई एसियाली राजमार्गको रूपमा स्तरोन्नति पूरा भएपछि यी पर्यटकीयस्थल बाह्य पर्यटकका लागि अझ बढी आकर्षणको केन्द्र बन्ने अपेक्षा गरिएको छ। रासस

# विद्यालयमा आधुनिक 'इलर्निङ सेन्टर' स्थापना

भोजपुर । यहाँको टेम्केमैयुङ गाउँपालिका-९ लेखर्कस्थित सिंहदेवी माध्यमिक विद्यालयमा आधुनिक इलर्निङ सेन्टर स्थापना गरिएको छ। ग्रामीण क्षेत्रमा अध्ययनरत विद्यार्थीलाई समयसापेक्ष, गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षण प्रणालीसँग जोड्ने उद्देश्यका साथ ईश्वर मन्दिर काठमाडौँको पहलमा उक्त सेन्टर स्थापना गरिएको हो।

डिजिटल युगको आवश्यकताअनुसार शिक्षण प्रणालीलाई रुपान्तरण गर्ने लक्ष्यका साथ सञ्चालन गरिएको यस अभियानअन्तर्गत विद्यालयलाई २० थान डेस्कटप कम्प्युटर, एक थान स्मार्ट टिभी तथा आवश्यक सामग्री प्रदान गरिएको छ। यससँगै विद्यालयमा औपचारिक रूपमा इलर्निङ सेन्टर सञ्चालनमा ल्याइएको हो।

ईश्वर मन्दिर काठमाडौँ अभियानका महासचिव सङ्केत कोइरालाले ग्रामीण क्षेत्रका विद्यार्थीलाई आधुनिक प्रविधिसँग जोड्न अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो। "शिक्षामा प्रविधिको प्रयोगले सिकाइ प्रक्रियालाई अझ प्रभावकारी, सहज र रोचक बनाउँछ", उहाँले भन्नुभयो, "हामीले भोजपुरका विभिन्न दुर्गम क्षेत्रका विद्यालयहरूमा यस्ता कार्यक्रम विस्तार गर्दै लैजाने लक्ष्य लिएका छौँ।"

विद्यालयका प्रधानाध्यापक राजधन राईले इलर्निङ सेन्टर स्थापनाले विद्यालयको समग्र शैक्षिक वातावरणमा गुणात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार अब विद्यार्थीले डिजिटल माध्यमबाट पाठ्यवस्तु बुझ्न, अनुसन्धान गर्न तथा व्यावहारिक ज्ञान हासिल गर्न थप सहज हुनेछ।रासस


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय राजबिराज, सप्तरीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना।**

**(सूचना प्रकाशित मिति २०८३/०१/२९ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०४/१४ गते बुधबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय राजविराज, सप्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०८३/०२/१३ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय राजविराज, सप्तरीमा** दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरणः**

**ऋणी :** नेपाल सरकार, वाणिज्य आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा व्यावस्थापन विभाग राजविराज, सप्तरीमा, प्राईभेट फर्म रजिष्ट्रेन ऐन, २०१४ बमोजिम मिति २०७२/११/१८ मा प्रा.फ.र.नं. ४००६/०७२-०७३ भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, राजविराज सप्तरीबाट मिति २०६३/०९/२१ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२१९१६१९ को प्रमाणपत्र प्राप्त **ऊँ पंतन्जली ट्रेडर्स**।

**फर्मको ठेगाना :** सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ६।

| | |
|---|---|
| **प्रोपाइटर तथा जमानतकर्ता : बबिता देवी यादव** (ना.प्र.न. १६४८६/७१८४ जारी मिति २०६१/१०/२७ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ६ (साविक प्रशवनी गा.बि.स. वडा नं ७)। बाबु : देव नारायण यादव। पति : किसुन देव यादव। ससुरा : महि नारायण यादव। | **जमानतकर्ता : किसुन देव यादव** (ना.प्र.न. २५९३ जारी मिति २०५३/१२/२७ जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं ६ (साविक प्रशवनी गा.बि.स. वडा नं ७)। बाबु : महि नारायण यादव। बाजे : गोपि यादव। |

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. किसुन देव यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला प्रशवनी गा.वि.स. वडा नं ४, नक्सा सिट नं. ४क कित्ता नं. क्रमश १०४९, १०५०, १०५५ र १०५६ को क्षेत्रफल क्रमश ०-०-८, ०-२-३$^{३/४}$, ०-०-६ र ०-२-६ (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .........१

२. किसुन देव यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला बिषहरिया गा.वि.स. वडा नं ३, नक्सा सिट नं. ३ख कित्ता नं. ६६६ र ६७० को क्षेत्रफल ०-०-१७ र ०-०-४ (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .........१

३. बबिता देवी यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला मलेकपुर गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५ कित्ता नं. ७१२ र ७११ क्षेत्रफल ०-१-१४ र ०-९-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........१

४. बबिता देवी यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला बसबिटी गा.वि.स. वडा नं ५, नक्सा सिट नं. ५ कित्ता नं. ७८१ को क्षेत्रफल ०-०-११$^{१/२}$ (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.१

५. ऋणी **ऊँ पंतन्जली ट्रेडर्स** स्वामित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ......१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय राजविराज, सप्तरीबाट** समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय राजविराज, सप्तरीमा** सम्पर्क राख्न सकिनेछ।

prabhu bank

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**


# "अटोमेटिक" प्रविधिबाट नर्सरीमा सिँचाइ

गलकोट । यहाँको बागलुङ नगरपालिका-६ को पञ्चकोट जाने बाटैमा गङ्गाबहादुर थापाको फलफूल नर्सरी छ । उहाँ सधैँ नर्सरीमै बस्न भ्याइरहनु हुन्न। तर उहाँले नभ्याउँदा पनि आफैँले नियमित सिँचाइ भने गरिरहनुहुन्छ।

यस्तो कसरी सम्भव भयो होला ? धेरैको मनमा यस्तै जिज्ञासा आउन सक्छ। तर यो प्रविधिको माध्यमबाट सम्भव भएको हो । पाँच रोपनी जमिन ३० हजार रुपैयाँ वार्षिक भाडा तिर्नेगरी लिएर गङ्गाबहादुरले 'पञ्चकोट फलफूल नर्सरी' स्थापना गर्नुभएको हो।




बीस लाख रुपैयाँ लगानी गरेर स्थापना गरिएको नर्सरीमा टाइफ्लेट नामक जङ्गली तीनपाते सुन्तलाको बिरुवाको जरामा स्थानीय खोकु जातको सुन्तलालाई कलमी गरेर विषम हावापानी सहने बिरुवा उत्पादन गरिरहनु भएको छ।

बिरुवालाई कीरा र विभिन्न सङ्क्रमणबाट जोगाउन प्लाष्टिक टनेल र जाली लगाइएको छ । टनेलमा गण्डकी प्रदेशकै नमूना अटोमेसन प्रविधिको जडान गर्नुभएको उहाँले बताउनुभयो । सोही प्रविधिको माध्यमबाट उहाँले जुनकुनै स्थानमा बसेर टनेलमा सिँचाइ गर्दै आउनुभएको छ । सिँचाइको आवश्यकतापश्चात् इन्टरनेटको माध्यमबाट मोबाइलबाटै अटोमेसन प्रविधि सञ्चालन गर्न सकिनेछ।

बिरुवाको आवश्यकताका आधारमा आफू बागलुङ, म्याग्दी र जहाँ भए पनि अटोमेसन प्रविधिले विद्युत् र इन्टरनेटसँगै मोबाइलको सहायताले सिँचाइ गर्न सक्ने उहाँले बताउनुभयो।रासस

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सर्वसाधारणलाई नाकामा सास्ती

सरकारले भारतीय सीमासित जोडिएको नाकामा सर्वसाधारणको ओहोरदोहोर र उनीहरुले घरायशी प्रयोजनका लागि ल्याउने मालसमानहरुमा कडाई गरे पनि तस्करहरुलाई कुनै असर परेको छैन् ।खुल्लेआम तस्करी भइरहेको कयौं घटनाहरु सार्वजनिक भएको छ ।मधेश प्रदेशमा दोस्रो ठूलो भन्सार कार्यालय रहेको महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकास्थित मलिवारा भन्सार कार्यालयले तस्करी भएर भारततर्फ जान लागेको चाइनिज स्वाउ बिना कारबाही छाडेको विषय चर्चामा छ ।सशस्त्र प्रहरी टोलीले तीन थान पिकअपसहित बरामद गरेको चाइनिज स्याउ भन्सार कार्यालयले पुनःव्यवसायीलाई नै फिर्ता गरेको छ ।सशस्त्र प्रहरीको मूल्यांकन अनुसार ४१ लाख बढी मूल्यांकनको स्याउ र ५१ लाख बढी मूल्यांकनको तीन थान पिकअप बिना कुनै कारवाही व्यवसायीलाई फिर्ता गरिपछि ठूलो आर्थिक चलखेल भएको बताइएको छ। सशस्त्र प्रहरीले बरामद गरेको स्याउ लिलामीको सूचनासमेत प्रकाशन गरिसकेको अवस्थामा भन्सार कार्यालयले पिकअप सहित स्याउ व्यवसायीलाई नै जिम्मा लगाउने कार्यमा आर्थिक मिलोमतो रहेको आरोप लगाइएको छ ।तस्करी नियन्त्रणका लागि सीमामा सशस्त्र प्रहरी र भन्सारका कर्मचारी प्रमुख रुपमा सक्रिय रहेको छ ।नेपाल प्रहरीले पनि तस्करी नियन्त्रणमा भूमिका निर्वाह गर्दै आएको छ ।तर तस्करी झन मौलाउदै गएको छ ।सरकारले भन्सार नियन्त्रणको लागि जति कडा निर्देशन दिए पनि त्यसको पालना फितलो नै छ ।सीमावर्ती क्षेत्रमा भन्सारकै मिलोमतोमा तस्करीको ट्रक पास हुने गरेको छ ।भन्सार कार्यालयले थोरै परिणामको दरबन्दीमा उल्लेख रहेको न्यूनतम मूल्यमा भन्सार काट्ने गरेको छ ।त्यसले तस्करी गर्नेहरुलाई ठूलो राहत हुने गरेको छ ।भन्सार मूल्यांकन गरी मालसामानहरु छाडिसकेपछि त्यसलाई प्रहरीले बाटोमा समाउन कठिन नै हुन्छ ।हुन त कतिपय समयमा भन्सार कार्यालयले छाडेको मालवाहक सवारीलाई सशस्त्र प्रहरीले बाटोमा रोकेर चेकजाँच गर्छन् ।भन्सार बुझाइएको भन्दा बढी मालसामान फेला परे प्रहरीले नियन्त्रणमा समेत लिने गरेको छ ।तर त्यो केही लेनदेनमा छुट्ने गरेको छ ।तस्करी नियन्त्रणका लागि खटिएका सुरक्षाकर्मीहरुले नै तस्करलाई सेटिंगमा लाइन दिने गर्छन् ।उनीहरुले सुरक्षित मार्गबाट तस्करीका मालसामानहरुलाई जिल्ला कटाउने गरेको आरोप पनि लाग्दै आएको छ ।भन्सार र सुरक्षाकर्मीहरुबीच कयौं पटक तालमेल भएको देखिदैन् ।त्यसको प्रमुख कारण तस्कर हरुसित भन्सार कार्यालयले सोझै रकम बुझ्ने अथवा कहिले काहीँ सुरक्षाकर्मीले सोझै रकम बुझेर भन्सार छल्दै मालसामान ओहोरदोहोर गराएको देखिन्छ ।सरकारले सर्वसाधारणलाई राहत दिएर ठूला तस्करहरुलाई नियन्त्रण गर्न आवश्यक छ ।५/१० हजार सम्मको घरायशी प्रयोजनका लागि मालसामान ल्याउने,लैजानेहरुलाई सरकारले सहज वातावरण बनाइदिनु पर्छ ।

# अन्तगृह परिक्रमा क्षेत्र भित्र निषेधित माछा मासु मदिरा बेच बिखनमा पून:रोक लगाउ सरकार !



प्रफुल्ल घिमिरे

भर्खर गठित नयाँ सरकारको सय दिन पुग्दा न पुग्दै जताततै चर्चा परिचर्चा चुलिएको छ। बालेन्द्रको सरकारले एकपछी अर्को निर्णय गर्दै कार्यान्वयन मार्गमा अग्रसर हुँदा कतिपय गरेको निर्णयमा पछि हट्नु परेको अवस्था देखिन्छ । हठातमा गरिएका निर्णयहरु वा सरकार द्वारा गरिएका कार्यको पक्ष -विपक्षमा मत बांटिनु स्वाभाविकै हो। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान २०७२ को आधार शिलामा टेकेर अप्रत्याशित अकल्पनीय लगभग दुई तिहाई बहुमत बाट स्थापित हुन पुगेका बालेन्द्रको सरकारसंग आम नागरिकले ज्यादा अपेक्षा राखेका छन । र साथै सरकारका प्रत्येक गतिविधिमा पनि निगरानी राखिरहेका छन । लोकतान्त्रिक पद्धतिको यो राम्रो पक्ष हो। प्रेस स्वतन्त्रता- भ्रष्टाचार र सुशासनको नारा बोकेर स्थापित हुन पुगेका सरकारका प्रत्येक गतिविधिका सन्दर्भमा आम नागरिकले व्यापक रूपमा चासो राखेका अतिक्रमणका विरुद्ध थालेको "डोजर अभियान"लाई सकारात्मक रुपमा लिइएको देखिन्छ । यसको प्रभाव जनकपुर धाममा पनि पर्ने हो कि अतिक्रमणकारीहरुको चर्को दबाबमा त्यतिकै तुहिने हो प्रत्येक चौक चौराहा चिया पसलमा चर्चा हुने गरेको छ।

जनकपुर धामको सन्दर्भमा बिगतका सरकारहरुद्वारा विभिन्न आयोग गठन गरेर तयार पारिएका प्रतिवेदनहरु मन्त्रालयमा थन्क्याएर राखिएको अवस्था छ। विभिन्न गठित आयोगको प्रतिवेदन थन्काइएता पनि बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका तत्कालीन अध्यक्ष भोजराज घिमिरेको अध्यक्षतामा गठित समितिले तयार पारेको प्रतिवेदन मन्त्री परिषदले कार्यान्वयनलागि निर्णय गरिसकेको अवस्था छ। मन्त्री परिषदले निर्णय गरिसकेता पनि विभिन्न राजनीति घटना क्रमले सरकारहरु परिवर्तन हुँदा मन्त्री परिषदले गरेको उक्त निर्णयलाई नयाँ बन्ने सरकारले आत्मसात नगरिदिदा हाल सम्म कार्यान्वयन हुन सकेको छैन । लगभग दुई तिहाइ बहुमतबाट स्थापीत वर्तमान सरकारले पनि बिगतका समयमा मठ-मन्दिर , तलाउ-पोखरी , बन-बगैंचा -फुल-फुलवारि, इनार-कुवाले सुशोभित जनकपुर धामलाई पून उहीँ स्वरुपमा स्थापित गर्ने मार्गमा भोजराज घिमिरेको प्रतिवेदनलाई कार्यनयन गर्न अग्रसरता देखाउला र ? यस्ता यावत प्रश्नहरु सरकार प्रती तेर्सिएका छन ।

यसै सन्दर्भमा जनकपुर धामका अतिक्रमणमा परेका धार्मिक साँस्कृतिक महत्वका जग्गा , मठ -मन्दिर , पोखरी ,इनार , फुल फुलवारी बन बगैचाहरुको चर्चा पनि हुने गर्छ। यस प्रसंगमा दुइटा प्रश्न प्राय जसो उठ्ने गरेका छन । एउटा प्रश्न गूठी-मठमन्दिरका धार्मिक पोखरी -पोखरीको डिल , फुल-फुलवारी, बन-बगैचा , इनार, लोप भएका मठ मन्दिर पोखरीलाई उत्खनन अतिक्रमण मुक्त गराउने मार्गमा वर्तमान समयमा सरकार ढृड्ता पुर्वक अग्रसर हुन सक्ला र ? गम्भीर प्रश्न उब्जेको छ।

अर्को प्रश्न अन्तगृह परिक्रमा क्षेत्रमा कानुन सम्मत पुर्वका समय देखि निषेधित गरिएका माछा मासु मदिरा बेच बिखनमा पूनः रोक लगाउन सकिएला र ? यी दुवै प्रश्न जनकपुर धाममा परापुर्वकाल देखि बसोबास गरिरहेकाहरुका मनमस्तिष्कमा घुम्ने गर्छ्न। बहस हुने गर्छन्। कानुन सम्मत हुँदा हुदै पनि बिगतका सरकारहरुले गर्न नसकेको वर्तमान अवस्थामा लगभग दुई तिहाइ बहुमत पुगेका बालेन्द्रको सरकारले यता तर्फ अनाहकमा किन आफ्नो टाउको दुखाउला र ! भन्ने यस्ता यस्तै तर्क कुतर्कहरु प्राय जसो सुन्न पाइने गरिएको छ।

खैर , प्रसंग बदलौं। चर्चा गरौं -जनकपुर धामको अन्त गृह परिक्रमा क्षेत्र भित्र माछा मासु मदिरा बेचबिखनको सन्दर्भमा ।

महर्षी राजा जनकको नाउँमा रहन गएको मिथिला प्रदेशको प्राचीन राजधानी जनकपुर धाम र यसको वरिपरिमा बैष्णव , शैव र साक्त सम्प्रदायका प्रशस्त देव देविका मठ मन्दिर र स्थलहरु रहेका छन।

पौराणिक कालदेखि नै धार्मिक साँस्कृतिक महत्व ओगटेको करोडौं सनातन हिन्दू धर्मावलम्बीका आस्थाको केन्द्र जनकपुर धाम बिगतमा मठै-मठ, मन्दिर, तलाउ पोखरीहरुले सुसज्जित , फुल-फुलवारी, बन-बगैंचाले सुशोभित एवं स्वच्छता र पवित्रताको वातावरणमा रहेको रमणीय धार्मिक तीर्थस्थल रहेको थियो।

समयको विडम्बना ! सामाजिक राजनीतिक उथलपुथलको मारमा जनकपुर धामको पवित्रता , स्वच्छता, एवं धार्मिक संस्कृतिक एवं सहिष्णुता सद् भावको पहिचान गरिमालाई हामीले जानेर हो वा नजानेर सिध्याउन तर्फ लाग्यौं।

जबकि केही समय पहिला सम्म परिक्रमा क्षेत्र भित्र माछा मासु, अण्डा र मदिरा बेच बिखन गर्न पाइदैन थियो। तलाउहरुमा माछा मार्न, पशु पंछि जीव हत्या गर्न समेत निषेध गरिएको थियो। परिक्रमा क्षेत्र भन्दा बाहिर रहेका पसलहरुले पनि धार्मिक चाड पर्व एकादशी, पुर्णीमा , झुलन, विवाह पञ्चमी, राम नवमी, जानकी नवमी लगायतका विभिन्न धार्मिक पर्वहरुका दिन माछा मासु र मदिरा बेच बिखन गर्न पाइदैन थियो । कडाइका साथ पालना गराइएको थियो।

तर समयको चक्र ! राजनीतिक उथलपुथल ! उन्मुक्त स्वच्छन्दता -अराजक असहिष्णु , बिद्वेषपूर्ण वातावरणको सिर्जना हुन पुग्यो। स्थानीय प्रशासन निष्क्रिय बन्न पुगे। नियम कानुनहरु तोडिन थालियो । धर्म संस्कृतिक परम्पराहरुको समेत धज्जी उडाइयो। निषेधित रहेको धार्मिक पोखरी तलाउहरुमा माछा पालनको ठेक्का लगाउन थालियो । धर्म संस्कृतिका रक्षक मठाधीशहरु तथा संबंधित संस्थाहरु , धर्म साँस्कृतिक संरक्षण सम्बर्द्धन गर्न गठित गूठी संस्था नै भक्षक भइदिए । परिक्रमा क्षेत्र भित्र निषेधित रहेका माछा मासुर मदिरा पसल , रेष्टुरेन्टहरु कानुन विपरीत तीब्रगतिमा जहाँ पायो त्यहाँ खोलिए। अनुगमन रोकथाम गर्ने सम्बन्धित निकायहरुले पनि आफ्नो सामर्थ्य देखाएनन। वर्तमान परिवेशमा : जनकपुर धामको धार्मिक संस्कृतिक पहिचान पूर्ण रुपमा धूमिल हुन थालेको छ।

जब नेपालको गौरवमय धार्मिक इतिहास अगोटेको जनकपुर धामको तिर्थस्थलिय धार्मिक साँस्कृतिक वातावरणको जगेर्ना , संरक्षण ,सम्बर्द्धन गर्न विगत काल देखी नै राज्य व्यवस्थाद्वारा पहल कदम गर्दै कानुन नै निर्माण गरेर निर्णय निर्देशनहरुलाई पालन गर्न आम नागरिकलाई जानकारी दिदै आएका कुराहरू हाम्रो माझ सर्वविदितै रहेको छ।

कुनै पनि मुलुकको राष्ट्रिय पहिचानको महत्वपूर्ण आधार भनेकै त्यस देशको धार्मिक एवं संस्कृतिक विशेषता हो । धार्मिक एवं तिर्थस्थलिय वातावरण कायम गर्नका लागि राज्य व्यबस्थाले कुनै तिर्थस्थल वा देव देविको मठ मन्दिर वरिपरि मद्ध मदिरा , माछा , मासु निषेध गर्दछ भने त्यसलाई एउटा राष्ट्रिय पहिचानको रुपमा सबैले लिनुपर्ने हुन्छ।

> धार्मिक ,साँस्कृतिक एवं वातरणिय संरक्षण र वर्चस्व कायम गर्न कुनै स्थान विशेष वा निश्चित क्षेत्र भित्र राज्य व्यवस्थाले नै मध मदिरा, माछा मासु जस्ता पदार्थहरुको बिक्री वितरण र सेवनमा रोक लगाउँछ वा निशेध गर्दछ वा सो क्षेत्रलाई मध मदिरा ,माछा मासु अन्डा निषेधित क्षेत्र घोषित गर्दछ भने सोलाई पालन गर्नु पनि नागरिकको उत्तिकै महत्वपूर्ण कर्तव्य हुन आउँछ ।

लामो समय देखी नै धार्मिक साँस्कृतिक तीर्थस्थलिय वातावरणलाई संरक्षित गर्न जनकपुर धामको परिक्रमा क्षेत्र भित्र धार्मिक स्वच्छता र पवित्रता कायम राख्ने प्रयोजनको निमित्त धेरै प्रयासहरु हुँदै आएका छन । परिक्रमा क्षेत्र भित्र माछा मासु, अन्डा , मदिरा बेच बिखन एवं जीव जन्तुको हत्या गर्न राज्य व्यवस्थाद्वारा नै निषेध गरिएको छ। तापनि निषेधित माछा मासु, मदिरा र अन्डा परिक्रमा क्षेत्र भित्र किन ? एक पटक सबैले सोच्नुपर्ने होइन र!

जबकि धार्मिक पवित्रता स्वच्छताको वातावरण कायम राख्दै धर्म संस्कृतिको जगेर्ना गर्नका लागी तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज जंगबहादुर राणाबाट वि.स. १९३३/१०/११ गते एउटा सनद जारी गरि सनदमा उल्लेख भएका अनुसार आचरण गर्नलाई काठमा सनद कुँद्न लगाएर सर्व साधरणलाई जानकारीको लागि जनकपुर धामको श्रीराम मन्दिरमा राख्न लगाएका थिए। जुन काष्ठ-पत्रको नाउँले प्रख्यात छ। उक्त काष्ठ पत्रमा " यस जनकपुर धाम अन्तगृह भित्रका तालाव, पोखरीबाट बारी बगैचा अरु जमीन डगर गैर्हामा कसैले माछा नमार्नु पशु पंछी चिडिया कसैले अन्तगृह भित्रमा त्यो भन्या मारेको जसले देख्छ तेसैले त्यो मार्याको जानवर र मान्र्या समेतलाई पक्री अदालत ठानामा लगि माछाको २।. मोहर पंछी चिडियाको २।।० मोहर रुपैयाँ फी पशुको ५/ रु.को दरले दण्ड गर्नु " भन्ने उल्लेख रहेको छ। उक्त काठ पत्र राम मन्दिरबाट गुठी संस्थाले कता पुर्याएको छ वर्तमान समयमा देख्न पाइदैन।

तत्कालीन कानुनी व्यवस्थामा लाल मोहरलाई समेत काटन सक्ने क्षमता रहेको सनद कानुन सरह मान्य र लागु हुन्छ । यसो हेर्दा यहाँको धार्मिक वातावरण र तिर्थस्थलिय संस्कृतिलाई परापुर्व काल देखी नै कानुन द्वारा सुरक्षीत र संरक्षित गरिदैं आएको छ।

धार्मिक अध्यात्मिक पवित्र तिर्थस्थल जनकपुर धामको प्राचीन संस्कृतिको रक्षा गर्नु प्रत्येक नागरिकको कर्तव्य र दायित्व हुन्छ। यसै कर्तव्य र दायित्वलाई बोध गराउन तत्कालीन श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयले भाद्र २० गते २०२९ सालमा नेपाल राजपत्र भाग ४ मस सूचना समेत जारी गरेको थियो। उक्त सुचनामा- " श्री ५ को सरकारको मिति २०२९/०४/२६ को निर्णयनुसार जनकपुर अञ्चल ,धनुषा जिल्ला जनकपुरधामको परिक्रमा क्षेत्रभित्र माछा,मासु र मदिराहरु बिक्री गर्ने र जीव जन्तु मार्ने काम निषेध गरिएको छ" भनेर उल्लेख रहेको छ।

यसरी जनकपुर धामको परिक्रमा क्षेत्र भित्र माछा मासु मदिरा बिक्री वितरण र जिवजन्तु बध गर्ने कार्य निषेध गरिएको छ भन्ने निर्णय गरेर सर्व साधरनको जानकारीकोलागी वि.स.२०२९ साल भाद्र २० गतेको राज पत्रमा समेत प्रकाशित गरेको छ। सो अनुसार विगतका समयमा कडाइका साथ कार्यान्वयन रहेको अवस्था थियो।

जुन कानुनी व्यवस्था सम्बन्धि एन २०१० को दफा २ को देहाय (ङ) अनुसार कनुनी सरह नै छ।

साथै जनकपुर धाम नगर पालिका क्षेत्रमा पहिला देखि नै रोक एंव निषेध गरिएकोमा सनदबाट भइरहेको व्यवस्थालाई मुर्त रुप दिने उद्देश्यले मदिरा एन २००३१ र मदिरा नियमावली २०३३ मा सो अनुरुपको व्यवस्था भएको हुन सक्छ होला ।

मदिरा एन २०३१ को दफा ४ बमोजिम कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री वितरण गर्ने वा खुवाउने वा रेस्टुरेन्ट वा पसल थाप्न नपाउने कानुनी व्यवस्था रहेको छ। कानुनले नै यसरी व्यवस्था गर्दागर्दै पनि कानुनले निषेध गरेको कार्य कसैले गर्छ भने त्यस्ता कार्य ठाडो कानुनको उल्लंघन भित्र पर्दछ।

तत्कालीन अन्तशुल्क अधिकारीले मनाही गरेको ठाउँमा मदिरा बिक्री वितरण खान खुवाउन समेत पाइदैन भन्ने व्यबस्था मदिरा नियमावली २०३३ को दफा ११ मा प्रष्ट रूपमा नै लेखिएको छ। मदिरा नियमावली २०३३ को नियम ३ (२) अन्तर्गत प्रदान गरिने अनुमति पत्रको पिठमा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तहरु मध्ये प्रकरण (च) मा " धार्मिक दृष्टिले पूजा गर्दा वा प्रसादको रुपमा रक्सी प्रयोग गर्न मान्यता प्राप्त भएकोमा बाहेक अन्य देवस्थल , पाठशाला ,स्कुल र कलेजोको कम्पाउण्ड भित्र वा त्यहाँबाट २०० गज भन्दा नजिक बोतलबन्दी वा खोली वा उत्पादन गरि मदिरा बेच्न वा मदिरा पिलाउने पसल राख्नु हुदैन " भन्ने उल्लेख रहेको छ।

यसको वाबजुद पनि मदिरा बिक्री वितरण गर्न नपाउने गरि कडाइका साथ रोक लगाउने पुर्व बिल मिलाउन हुनकालागी निर्देशानुशार अनुरोध गर्दछु भन्ने २०४९/६/१३ मा गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय धनुषालाई समेत पत्र लेखेको छ । उक्त पत्रको जानकारी जनकपुर धाम नगर पालिकालाइ समेत जिल्ला प्रशासनले गराएको छ।

हुनत नगर क्षेत्रको प्राचीन संस्कृतिको संरक्षण गर्ने काम कर्तव्य र अधिकार स्थानीय स्वायत्त शासन एनले नगर पालिकालाई नै प्रदान गरेको छ। नगर पालिका एन २०४८ को दफा १५ को उपदफा १ को ( ङ) मा नगर पालिकालाई वातावरण र संस्कृतिको संरक्षण गर्ने काम कर्तव्य र अधिकारको व्यवस्था ले सो गर्नु नगर पालिकाको अधिकार र कर्तव्य नै हो।

नगर पालिका एन २०४८ को १५ अनुसार नगरको वातावरण संरक्षण , पुरातात्त्विक वस्तुको र संस्कृतिको संरक्षण गर्ने , विभिन्न जाति भाषा , धर्म संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने , अनैतिक पेशा र व्यपार नियन्त्रण सम्बन्धि कार्यहरू समेत नगर पालिकाको काम कर्तव्य र अधिकार भित्र पर्ने देखिन्छ ।

जनकपुरं धामको परिक्रमा क्षेत्र भित्र माछा मासु र मदिरा बिक्री वितरण र सेवन समुचित नियन्त्रण गरि गराई धार्मिक तथा संस्कृतिक वातावरण कायम राख्ने जस्ता कार्य उक्त दफा १५ को काम र कर्तव्य भित्र नै पर्दछ।

तर तत्कालीन नगर पालिकाका नेतृत्व कर्ताहारुले नगर पालिकाको काम कर्तव्य , दायित्व एवं अधिकार क्षेत्र नबुझिदिदां जनकपुर धामको धार्मिक संस्कृतिक तिर्थस्थलिय वातावरणलाई जगेर्ना गर्न विभिन्न समाजिक संघ संस्था , नागरिक अगुवाहरु लगायत धर्म अनुरागिहरु सबै सडकमा उत्रेकै हुन । आन्दोलन गरेकै हुन । धर्ना अनशन समेत बसेकै हुन । सम्बन्धित निकायहरुमा ज्ञापन पत्र पनि बुझाएका नै हुन । कानुन सम्मत निषेधित रहेका मध मदिरा ,माछा मासु,अन्डा परिक्रमा क्षेत्र भित्र बिक्री वितरण गर्न नपाउने भनी व्यापक रुपमा आन्दोलन अगाडि बढेको नै हो ।

यै आधारहरुमा तत्कालीन जनकपुर धाम नगर पालिकाका प्रमुखको अध्यक्षतामा बसेका प्रशासन लगायत सर्व दलिय एंव सरोकारवालाहरुको प्रतिनिधिहरुको बैठकद्वारा परिक्रमा क्षेत्र भित्र मदिरा बिक्री वितरण माछा मासु अण्डा बिक्री गर्न रोक्न र परिक्रमा सडक भन्दा २०० गज टाढा पसल थापी सञ्चालन गर्ने निर्णय २०५४/७/२० गतेमा गर्यो ।

सो निर्णयमा "जनकपुर धाम परिक्रमा क्षेत्र भित्र मध मदिरा ,माछा , मासु तथा अण्डा बिक्रि वितरण र सेवन निषेधित र अबैध रहेकोले यसको बिक्री वितरण र सेवन कडाइका साथ रोकथाम लगाउन र परिक्रमा बाहिर २०० गज टाढा उक्त व्यबसायिहरुलाई हटाउन नगर पालिकाका प्रतिनिधि , मुल्य अभिवृद्धि कर कार्यलयका प्रतिनिधि र प्रहरी प्रतिनिधिहरुको सहयोगमा टोलि खटाई नियमानुसार कार्यान्वयन गर्ने , परिक्रमा बाहिर भएको मध मदिरा माछा मासु, अन्डा र जीव हत्या पसलहरु १५ दिन भित्र सार्वजनिक स्थल , धार्मिक ठाउँ , मठ मन्दिर र बिधालय देखि २०० गज टाढा हटाउन लगाउने र मध मदिरा , माछा मासु, अन्डा बिक्री वितरण र सेवन भन्नाले होटल ,लज , रेस्टुरेन्टलाई जनाउँछ भनी उल्लेख रहेको छ।

यस निर्णय अनुसार नगर पालिकाले म्याकिंग एवं पम्पप्लेटद्वारा- " जनकपुर धामको परिक्रमा क्षेत्र भित्र पूर्ब निषेधित भइ सकेको जन भावना अनूकुल माछा मासु र मदिरा बिक्री वितरण र सेवन गर्न बन्द गर्नु " भनेर समय सीमा तोकेर आम नागरिकलाई जानकारी गराएको थियो।

बन्दको कार्यान्वयन न हुँदै सोही समयमा परिक्रमा क्षेत्र भित्र कानुन बिपरित नै ब्यवसाय सञ्चालन गरि रहेका केहि व्यबसायिहरुले नागरिक अधिकार एन २०१२ को दफा ६ (७) अन्तर्गतको अधिकार कुण्ठित भयो भनी पुनरावेदन अदालत जनकपुर धाममा निषेधाज्ञाको आदेश जारी गरि पाउ भनी मिति २०५४/९/२५/६ मा मुद्दा नगर पालिकाको विरुद्ध दर्ता गराए ।

पुनराबेदन अदालतले २०५४/९/२८ मा अन्तरिम आदेश जारी गर्यो। कानुनी जटिलता एवं न्यायधिसहरुको दिवालियापन सोचले गर्दा कानुन बिपरित निषेधित रहेका परिक्रमा क्षेत्र भित्र रहेका माछा मासु मदिराका पसलहरु निर्भीक रुपमा अनुमतिपत्र बेगर पनि तीब्र रुपमा जहाँ पायो त्यहीँ सञ्चालन हुन लाग्यो। यो मुद्दा लगभग दुई साल सम्म चल्यो। धर्म, संस्कृति नष्ट गर्ने व्यक्तिगत स्वार्थमा रुमल्लिएकाहरुको मनोबल उच्च भयो। नगर पालिकाले थाल्नी गरेको काम कार्यवाही तत्कालीन रोक्नु थियो त्यसमा न्यालयले गर्दा उनीहरुले सफलता पाए । लगभग दुई वर्ष सम्म मुद्दा चल्यो। अन्त्यमा मिति २०५६ साल पौष २९ गतेका दिन मा.न्यायाधीश श्री गोबिन्द प्रसाद पराजुली र मा. न्यायाधीश श्री लक्ष्मीप्रसाद दाहालको संयुक्त इजलासले " .......अन्तरिम आदेश स्वतः निष्क्रिय भै बिपक्षीहरुको नाउमा निषेधाज्ञा जारी गरि पाउ भन्ने निवेदन दाबी समेत खारेज हुने ठहर्छ ।" भनी फैसला गर्यो।

विडम्बना ! यो मुद्दा पुनराबेदन अदालतमा मात्र रहेन । सर्वोच्च सम्म पुग्यो । २०५७ सालमा सर्बोच्चमा दर्ता भएको यस मुद्दाले लगभग पाँच वर्ष पछि २०६२ जेष्ठ २४ गते फैसला प्राप्त गर्ने अवसर पायो। सर्बोच्च अदालतका मा.न्या. श्री अनूप राज शर्मा र मा.न्या. श्री बलराम के.सी. को संयुक्त इजलासले - "...........जनकपुर धामको धार्मिक स्वच्छता र पवित्रता कायम राख्ने प्रयोजनका निमित्त ....... प्रतिनिधिहरु, प्रत्यर्थी निकाय , अन्य धार्मिक , समाजिक संघ संस्थाका प्रतिनिधिहरु, ईतिहासबिद, स्थानीय प्रतिष्ठित व्यक्तिहरु लगायत अन्य आवश्यक व्यक्तिहरु समेत राखी जनकपुर धामको परिक्रमा क्षेत्र निश्चित गरि सो क्षेत्र भन्दा बाहिर निबेदकहरुलाई कानुन बमोजिम माछा मासु ,र मदिरा बिक्री वितरण गर्न एवं निजहरूको ग्राहक एवं पाहुनाहरुले बाहिरबाट ल्याएका मदिरा सेवन गर्न निजहरुलाई कुनै बाधा बिरोध नगर्नु नगराउनु भनी बिपक्षीहरुको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ। निबेदकहरुको निवेदन दाबी समेत खारेज हुने ठहर्छ। भनी पुनराबेदन अदालत, जनकपुरले मिति ०५६//९/२९ मा गरेको आदेश उल्टि हुने ठहर्छ " भनी फैसला सुनायो।

अब पनि सर्वोच्चको फैसला , सनद , राजपत्रमा प्रकाशित सूचना , गृह मन्त्रालयको जिल्ला प्रशासन धनुषालाई दिएको निर्देशन , मदिरा एन, नियामावली , नगर पालिका एन तथा नगर पालिकाले गरेको सर्व पक्षीय-सर्व दलीय , स्थानीय प्रशासन , सरोकारबाललाहरुको प्रतिनिधिहरुको संयुक्त बैठकले गरेको निर्णयहरुलाई कार्यान्वयन गर्न सकिएन भने यो भन्दा लज्जास्पद कुरा के हुन सक्ला र !

नगर पालिकाको बैंठकको निर्णय कतैबाट बदर नभै हाल सम्म यथावतै रहेको छ। सो लाई बदर गर्ने वा सो को प्रतिकूल हुने गरी कतैबाट कुनै निर्णय भएको पनि छैन।

धार्मिक ,साँस्कृतिक एवं वातरणिय संरक्षण र वर्चस्व कायम गर्न कुनै स्थान विशेष वा निश्चित क्षेत्र भित्र राज्य व्यवस्थाले नै मध मदिरा, माछा मासु जस्ता पदार्थहरुको बिक्री वितरण र सेवनमा रोक लगाउँछ वा निशेध गर्दछ वा सो क्षेत्रलाई मध मदिरा ,माछा मासु अन्डा निषेधित क्षेत्र घोषित गर्दछ भने सोलाई पालन गर्नु पनि नागरिकको उत्तिकै महत्त्वपूर्ण कर्तव्य हुन आउँछ ।

स्थानीय प्रशासन र सर्वदलीय समितिको बैठकद्वारा पनि बिगत समय देखि नै व्यवस्था रहेको तदनुरुपकै व्यवस्था लागू गर्न तथा राज्यको धार्मिक एवं साँस्कृतिक सम्पदाको जगेर्ना गर्न राज्य व्यवस्थाले नै उठान गरेको प्रयासमा सघाउ पुर्याउनु सम्पूर्ण नागरिकको समेत नैतिक कर्तव्य हुन आउछ।

व्यबसाय गर्नुछ भन्दैमा जहाँ पायो त्यहाँ आफ्नै मनमानी खुसी राजिले सञ्चालन गर्न पाइदैन । राज्य व्यवस्थाले निषेध नगरेको क्षेत्रमा मात्र कानुनी विधि पूरा गरेर गर्न पाइने हो।

त्यसर्थ पुर्व समयकाल देखि नै जनकपुर धामको परिक्रमा क्षेत्र भित्र राज्य व्यवस्थाले माछा मासु बिक्री वितरण र मदिरा सेवन गर्न नपाउने गरि निषेध गर्दै आएको कार्यलाई सम्बन्धित निकाय , अधिकारी , संघ संस्था तथा आम नागरिकले कार्यान्वयन गराउने मार्गमा जोडदार रुपले अग्रसर हुनै पर्दछ। अग्रसर भएकाहरूलाई सकारात्मक मान्नुपर्छ । नभएकाहरुलाई पनी एकजुट बनाएर मुक्ति भूमि , पुण्य भूमि , ज्ञान भूमि र शान्ति भूमिको रुपमा रहेको जनकपुर धामको सहिष्णुता-सद्भावपुर्ण गरिमामय गौरवलाई जगेर्ना गर्न धार्मिक संस्कृतिक अस्मितालाई जोगाउदैं रामायण कालिन तीर्थस्थलीय पहिचानको रक्षार्थ अगाडि बढौं। अस्तु

# एनएमए नवनिर्वाचित कार्यसमितिलाई शुभकामना: पेशागत मर्यादा र मानवीय संवेदना- एउटै सिक्काका दुई पाटा



डा. राजा बाबु मण्डल

नेपाल चिकित्सक संघको नवनिर्वाचित कार्यसमितिका सम्पूर्ण पदाधिकारीज्यूहरूमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना!

चिकित्सक भन्नुभन्दा पहिले हामी सबै सर्वसाधारण हौं र समाजको एउटा अभिन्न हिस्सा हौं। राज्य र समाजका सामु चिकित्सकहरूको हकहित, सुरक्षा र एउटा सम्मानजनक कार्यवातावरणका लागि यहाँहरूले सशक्त पैरवी गर्नुहुनेछ भन्नेमा हामी विश्वस्त छौं। पेशागत सुरक्षा र अधिकारका लागि हुने यहाँहरूको हरेक प्रयासमा हाम्रो पनि ऐक्यबद्धता रहनेछ।

तर, यो गरिमामय संस्थाको नेतृत्व गरिरहँदा यहाँहरूबाट एउटा कुराको अपेक्षा सधैं रहनेछ- चिकित्सक र बिरामीबीचको सम्बन्ध केवल प्राविधिक मात्र नभएर मानवीय संवेदनासँग पनि जोडिएको हुन्छ। अधिकारको वकालत गरिरहँदा, कुनै पनि हालतमा मानवीय संवेदनामा आघात पुग्ने वा आम सर्वसाधारणलाई सास्ती हुने कार्यहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नहुन् भन्नेमा यहाँहरूको विशेष ध्यानाकर्षण होस्। चिकित्सकहरूको भौतिकवादी सोच र राज्यको फितलो नीतिका कारण आम जनतामा उत्पन्न भएको निराशालाई समेत सम्बोधन गर्दै नेपाल चिकित्सक संघले यस्ता विषयमा गम्भीरतापूर्वक ध्यान दिनुपर्छ।

स्वास्थ्य क्षेत्रको संकट, हराउँदै गएको मानवीय संवेदना र राज्यको उदासीनताले गर्दा आज चिकित्सक र बिरामीबीचको सम्बन्धमा जुन खाडल र वितृष्णा देखिएको छ, त्यो आकस्मिक होइन। यो त वर्षौंदेखि थुप्रिएको असन्तुष्टि र बिग्रँदो प्रणालीको परिणाम हो। चिकित्सा पेसालाई 'पवित्र सेवा' मानिन्थ्यो, जहाँ डाक्टरलाई भगवानको रूप दिइन्थ्यो। दुर्भाग्यवश, संवेदना माथि भौतिकवादको छाया पर्दा आज यो पेसा बिस्तारै व्यावसायिक र भौतिकवादी बन्दै गएको आभास हुन्छ। बिरामीको पीडा र संवेदनाभन्दा बढी आर्थिक पक्ष, महँगो जाँच, र कमिसनको खेलमा केही चिकित्सकहरू केन्द्रित हुँदा समग्र पेसाकै बद्नामी भएको छ। जब डाक्टरको स्टेथस्कोपले मुटुको धड्कनभन्दा बढी बिरामीको खल्ती छाम्न थाल्छ, तब समाजमा वितृष्णा जन्मनु स्वाभाविक हो।

सरकारको अनुदार स्वास्थ्य नीतिले गर्दा आज यो अवस्था आउनुमा चिकित्सक मात्र होइन, राज्य पनि उत्तिकै दोषी छ। नेपालको स्वास्थ्य नीति आम नागरिकमैत्री छैन। सरकारी अस्पतालहरूको अवस्था जर्जर हुनु, दक्ष जनशक्तिलाई उचित सेवा-सुविधा र सुरक्षा दिन नसक्नु र स्वास्थ्य सेवालाई निजीकरणको हातमा सुम्पिनुले स्वास्थ्य सेवालाई सर्वसाधारणको पहुँचभन्दा टाढा पुर्‍याएको छ। राज्यले स्वास्थ्यलाई मौलिक हकका रूपमा कार्यान्वयन गर्न नसक्दा नै बिरामी र चिकित्सक दुवै मारमा परेका छन्।

नवनिर्वाचित नेतृत्वले बुझ्नुपर्छ कि- चिकित्सकहरूको हकहित र सुरक्षाका लागि वकालत गरिरहँदा आफ्नो पेसागत नैतिकतालाई पनि पुनर्जीवित गर्न आवश्यक छ। चिकित्सकहरूले आफ्नो मानवीय चेहरा फर्काउनुपर्छ भने सरकारले स्वास्थ्य बजेट र नीतिमा आमूल परिवर्तन गर्नुपर्छ। स्वास्थ्य क्षेत्रको नीतिगत संरचनामा व्यापक सुधार नगरेसम्म चिकित्सकको पेशागत सुरक्षा, स्वास्थ्य सेवाको गुणस्तरमा सुधार र सर्वसाधारणका निम्ति सहज स्वास्थ्य उपचार सुनिश्चित गर्न कठिन छ। जबसम्म उपचारलाई व्यापारभन्दा माथि राखिँदैन र राज्यले नागरिकको स्वास्थ्यको पूर्ण जिम्मेवारी लिँदैन, तबसम्म यो वितृष्णा मेटिने छैन। चिकित्सा पेसाको गरिमा बचाउन अब चिकित्सक आफैं र राज्य दुवैले निर्मम आत्मसमीक्षा गर्ने बेला आएको छ।

पेशागत हकहितको लडाइँ लड्दै गर्दा मानवीय धर्म र उपचार पाउने नागरिकको नैसर्गिक अधिकारको पनि रक्षा होस्। सेवा र संघर्ष दुवैलाई सन्तुलित रूपमा अगाडि बढाउने ऊर्जा यहाँहरूलाई मिलोस्।

*शुभकामना!*

# आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको पूर्णपाठ



काठमाण्डु । सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा आज सरकारको आगामी आर्थिक वर्ष २०८३/ ८४ को नीति तथा कार्यक्रम प्रस्तुत गएिको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संयुक्त बैठकमा नीति तथा कार्यक्रमलाई वाचन गर्नुभएको हो । राष्ट्रपतिबाट प्रस्तुत नीति तथा कार्यक्रमको पूर्णपाठ यहाँ प्रस्तुत गरिएको छ ।

**प्रतिनिधिसभाका सम्माननीय सभामुख,**
**राष्ट्रियसभाका सम्माननीय अध्यक्ष,**
**संघीय संसद्का माननीय सदस्यहरू,**

विसं २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपश्चात् जनताबाट प्राप्त स्पष्ट जनादेशसहित गठन भएको सरकारका तर्फबाट सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु ।

नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजलाई स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक रूपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षासहित २०८२ भदौ २३ र २४ गते युवापुस्ताको ऐतिहासिक सहभागितामा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने नागरिक तथा राष्ट्रसेवक एवम् लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरूको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु ।

उहाँहरूको बलिदान यस राष्ट्रका लागि चिरस्मरणीय र प्रेरणाको अक्षय स्रोत बनिरहनेछ। उहाँहरूको त्याग, साहस र बलिदानलाई परिणाममुखी शासनमार्फत सार्थक बनाइनेछ भन्नेमा विश्वस्त छु ।

**माननीय सदस्यहरू,**

१. निर्वाचनपछि प्रतिनिधि सभामा स्पष्ट बहुमत प्राप्त एउटै राजनीतिक दलको नेतृत्वमा सरकार गठन हुनु मुलुकका लागि राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र रूपान्तरणकारी सुधारको ऐतिहासिक अवसर हो। सरकारले सुशासनलाई समृद्ध नेपालको आधारशिलाका रूपमा ग्रहण गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानका रूपमा अघि बढाउनेछ । सबै वर्ग, क्षेत्र र समुदायको समान अपनत्व सुनिश्चित गर्न राजनीतिक दलहरूसँग संवाद र सहकार्यका आधारमा संविधान संशोधनका साझा विषय पहिचान गरी "संविधान संशोधन बहस पत्र" तयार गरिनेछ । सरकारले अघि सारेका शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्दै निरन्तरता दिइनेछ ।

२. नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्न आगामी दशक औसत वास्तविक आर्थिक वृद्धि दर सात प्रतिशत पुग्ने गरी "नयाँ चरणको आर्थिक सुधार शृङ्खला" अन्तर्गत वृहत् कानुनी र संस्थागत सुधार गरिनेछ । उत्पादन लागत घटाउन, व्यवसाय गर्ने वातावरण सरल बनाउन, नीतिगत तथा कानुनी अवरोध हटाउन, र स्वदेशी, विदेशी तथा प्रवासी लगानी आकर्षित गर्न आर्थिक उत्प्रेरणाको आधारभूत पुनर्संरचना गरिनेछ । दीर्घकालसम्म स्थिर र पूर्वानुमानयोग्य आर्थिक नीति कायम रहने व्यवस्था गर्दै राष्ट्रिय विकास प्राथमिकता, आयोजना छनोट र कार्यान्वयनमा निरन्तरता सुनिश्चित गर्ने सक्षम संस्थागत संयन्त्र निर्माण गरिनेछ। साथै प्राथमिकताका सबै क्षेत्रको क्षेत्रगत नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

३. सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारिकीकरण गरिनेछ । करका संरचनाको पुनरावलोकन गर्दै उद्यमी तथा मध्यम वर्गीय परिवारमाथिको बोझ घटाइनेछ । स्वेच्छिक कर अनुपालन, प्रविधिमैत्री राजस्व प्रशासन र शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व प्रणालीलाई उद्यममैत्री बनाइनेछ ।

४. विभिन्न देशसँग दोहोरो कर मुक्ति सम्झौता विस्तार गरिनेछ। प्रदूषण, पूर्वाधार र अन्य छरिएका शुल्कलाई क्रमशः एकीकृत "हरित कर" प्रणालीमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ । भन्सार नाकामा न्यून बिजकीकरण नियन्त्रण गरिनेछ। मूल्य अभिवृद्धि लगायत सबै करको फिर्ता गर्ने प्रणाली स्वचालित र समयबद्ध बनाइनेछ ।

५. सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै जोखिममा आधारित नियमन, सुपरीवेक्षण र अभियोजन प्रणाली लागु गरिनेछ। सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको क्षमता सुदृढ गरिनेछ। समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताको रकम फिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गरी कर्जा असुली मार्फत बचतकर्ताको रकम फिर्ता गरिनेछ। कर्जा सूचना प्रणालीलाई सुदृढ गरी अत्यधिक ऋण, मिटर ब्याज र आर्थिक अपराध नियन्त्रण गरिनेछ ।

६. पुँजी बजारलाई सुरक्षित, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास गरिनेछ । धितो पत्र नियमन, नेप्से तथा क्लियरिङ प्रणालीको पुनर्संरचना गर्दै संस्थागत लगानीकर्ता, पेन्सन कोष, बिमा, म्युचुअल फन्ड र गैर आवासीय नेपालीको सहभागिता विस्तार गरिनेछ । ऋण बजार, बन्ड बजार, पूर्वाधार बन्ड र जोखिम व्यवस्थापन उपकरण विकास गरी दीर्घकालीन पुँजी निर्माण गरिनेछ ।

७. वैकल्पिक विकास वित्त, डायस्पोरा पुँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडेल लागु गरिनेछ । वैदेशिक सहायता, ऋण र निजी क्षेत्रको लगानीलाई उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गरिनेछ । रूपान्तरणकारी आयोजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समय सीमासहित अघि बढाइनेछ । आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता, डिजिटल प्रगति ट्र्याकिङ, जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधान गर्दै आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने व्यवस्था गरिनेछ ।

८. सार्वजनिक खर्चलाई परिणाममुखी बनाउँदै सार्वजनिक संस्थान सुधार, खर्च कटौती र चुस्त सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ । सार्वजनिक संस्थानको वर्गीकरण गरी गाभ्ने, निजी क्षेत्रसँग सहकार्य गर्ने, रणनीतिक साझेदार भित्र्याउने वा विनिवेश गर्ने स्पष्ट नीति लागु गरिनेछ ।

९. 'सीमारहित अर्थतन्त्र' र 'तौलरहित व्यापार' लाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात् गर्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत्, पर्यटन र उच्च मूल्यका कृषि तथा हरित औद्योगिकीकरणलाई आर्थिक रूपान्तरणका प्रमुख आधार क्षेत्रका रूपमा विकास गरिनेछ ।

१०. श्रम-निर्यातमा निर्भर अर्थतन्त्रलाई ज्ञान, सेवा, डिजिटल व्यापार, रिमोट वर्क र मूल्य अभिवृद्धि हुने सेवामुखी अर्थतन्त्रमा रूपान्तरण गरिनेछ। अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिई विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाइनेछ। निर्यात प्रतिस्पर्धात्मकता अभिवृद्धि, बजार विविवधीकरण, एकीकृत व्यापार रणनीति र औद्योगिक लजिष्टिक गुरुयोजना कार्यान्वयन गरिनेछ ।

११. सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेशन निर्यातलाई प्रवर्धन गरिनेछ । डिजिटल पार्क, उच्च क्षमताका डेटा सेन्टर र सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबका रूपमा अघि बढाइनेछ । सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजीकरण, सरकारी सह लगानी सहित अनुसन्धान तथा नवप्रवर्तन खर्चमा कर प्रोत्साहन उपलब्ध गराइनेछ ।

१२. व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म तीस दिनभित्र सम्पन्न गर्ने "लगानी एक्सप्रेस" नीति लागु गरिनेछ । विदेशी लगानी सम्बन्धी कानून संशोधन गरी स्वचालित मार्ग विस्तार गरिनेछ । नेपाल सरकारले तोकेभन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई 'नेपाल लगानी भिसा' उपलब्ध गराइनेछ ।

१३. विशेष आर्थिक क्षेत्रहरूको विस्तार तथा साझा पूर्वाधारसहित "औद्योगिक ग्राम" स्थापना गरिनेछ । ग्रिन गार्मेन्ट भिलेज, सूचना प्रविधि पार्क, कृषि उत्पादन केन्द्र लगायत उत्पादनमूलक तथा नवप्रवर्तनमा आधारित औद्योगिक क्षेत्रहरूको विकास गर्दै त्यस्ता क्षेत्रलाई औद्योगिक पर्यटनसँग आबद्ध गरिनेछ। "स्टार्टअप नेपाल पोर्टल" मार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट, बिउ पुँजी लगायतका सेवा प्रदान गरिनेछ ।

**माननीय सदस्यहरू,**

१४. ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक र उद्यमशील पेसाको रूपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्धन गरिनेछ । उत्पादन वृद्धि, लागत न्यूनीकरण, आयात प्रतिस्थापन र खाद्यान्न आत्मनिर्भरताका लागि नीतिगत सुधार, 'प्याकेजमा आधारित उत्पादन प्रणाली', यान्त्रिकीकरण, डिजिटल प्रविधि तथा एग्रिटेक मार्फत कृषि आधुनिकिकरणलाई तीव्रता दिइनेछ । विशिष्टीकृत उत्पादन क्षेत्र विकास गरी कृषि उत्पादनलाई उद्योग, प्रशोधन र बजारसँग जोड्दै वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिनेछ ।

१५. बाली लगाउनुअघि नै प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य तोकी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। समर्थन मूल्यको कार्यान्वयन तथा भुक्तानी प्रणालीलाई डिजिटल बनाउँदै रकम सीधै किसानको बैंक खातामा जम्मा हुने व्यवस्था मिलाइनेछ । न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने निजी कम्पनी तथा सहकारीलाई सहुलियत प्रदान गरिनेछ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई सक्षम बनाइनेछ ।

१६. सार्वजनिक-निजी साझेदारीमा कृषि कम्पनी र सञ्जाल स्थापना गरी उत्पादनपछिको क्षति न्यूनीकरण र आपूर्ति शृङ्खला सुदृढ गरिनेछ । गुणस्तर मापदण्ड र प्रमाणीकरण सहित विशिष्ट पहिचान गरिएका उत्पादनलाई भण्डारण, ब्राण्डिङ र बजारीकरण मार्फत निर्यात प्रवर्धन गरिनेछ । विषादीको आयात तथा प्रयोगको नियमन सुदृढ गर्न संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरिनेछ । प्रमुख कृषि उपज बजार र भन्सार बिन्दुमा विषादी जाँच गर्ने अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालाहरू विकास, विस्तार र सञ्चालन गरिनेछ ।

१७. कृषियोग्य जमिन बाँझो रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै भूमि बैंक प्रणालीमार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहीन तथा साना तथा सीमान्तकृत किसानको पहुँच सुनिश्चित गरिनेछ । किसान सूचीकरण, परिचयपत्र र क्रेडिट कार्डमार्फत सहुलियत पूर्ण वित्त र प्रविधिमा पहुँच विस्तार गरिनेछ। करार खेती, सहकारी खेती र कृषि वन प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

१८. नापी र मालपोत सेवालाई एकीकरण गरी जग्गा प्रशासन सेवा चरणबद्ध रूपमा सबै स्थानीय तहमा विस्तार गरिनेछ । आधुनिक प्रविधिबाट भूमिको नाप नक्सा गरी अभिलेख अद्यावधिक गर्ने प्रकृया अगाडि बढाइनेछ। भूमिको स्वामित्व र उपयोगबीच सन्तुलन कायम हुने गरी असुरक्षित स्थानमा बसोबास गर्ने, भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालिन समाधानका लागि सुरक्षित र उचित बसोबासको व्यवस्थापन गरिनेछ ।

१९. माटोको स्वास्थ्य सुधार गर्न जैविक एवं प्राङ्गारिक मलमा अनुदानको व्यवस्था गर्दै जैविक विविधता संरक्षण र रैथाने बाली प्रवर्धन गरिनेछ । उत्पादनदेखि उपभोगसम्म सम्पूर्ण खाद्य प्रणालीलाई उत्थानशील बनाइनेछ । बिमा, पशु स्वास्थ्य सेवा र व्यावसायिकीकरणमार्फत पशुपालन क्षेत्र सुदृढ गरिनेछ । जलाधार संरक्षण, पर्यावरणीय कृषि प्रणाली र प्रविधिमार्फत कृषि क्षेत्रलाई हरित अर्थतन्त्रसँग जोडिनेछ ।

२०. खोरेत तथा पशुपन्छीमा लाग्ने अन्य रोगको नियन्त्रणका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गरी अभियानमुखी खोप कार्यक्रम सञ्चालन गरिनेछ । साना किसानका लागि बाली तथा पशुधन बिमाको दायरा विस्तार गरी बिमा लेख जारी, प्रिमियम अनुदान भुक्तानी र दाबी प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गरिनेछ ।

**माननीय सदस्यहरू,**

२१. दिगो वन व्यवस्थापनमार्फत काठ, जडीबुटी, आयुर्वेदिक औषधि, कार्बन व्यापार, पर्यटन तथा वनमा आधारित उद्योगको विकास गरी अर्थतन्त्रमा वन क्षेत्रको योगदान अभिवृद्धि गरिनेछ । जडीबुटी प्रशोधन, मूल्य अभिवृद्धि र निर्यातलाई प्राथमिकता दिइनेछ ।

२२. चरन क्षेत्र विकास, पशुपालन र वनमा आधारित जीविकोपार्जन प्रवर्द्धन गर्दै वन क्षेत्रका स्रोतहरूको वैज्ञानिक उपयोग गरिनेछ । वन क्षेत्रभित्र रहेका स्याउला, सोतर तथा मिचाहा वनस्पतिलाई स्थानीय समुदाय र निजी क्षेत्रको संलग्नतामा उपयोग गरी प्राङ्गारिक मल, ब्रिकेट र बायोचार उत्पादन प्रवर्द्धन गरिनेछ ।

२३. "नेपाल कार्बन प्राधिकरण" गठन गरी रेड-प्लस कार्यक्रम विस्तार गरिनेछ । सामुदायिक वन समूहलाई कार्बन क्रेडिटबाट प्रत्यक्ष लाभ सुनिश्चित गरिनेछ । नीतिगत सुधार मार्फत भवन निर्माण तथा उद्योगमा स्वदेशी काठको उपयोगलाई प्रोत्साहन गरिनेछ ।

२४. 'वन डढेलो उच्च-सतर्कता केन्द्र' स्थापना, निरन्तर निगरानी तथा अग्नि नियन्त्रण क्षमता अभिवृद्धि गरिनेछ । ड्रोन, स्याटलाइट लगायत आधुनिक प्रविधिमार्फत डढेलो, वन अतिक्रमण तथा अवैध क्रियाकलापको रियल-टाइम निगरानी गरिनेछ ।

२५. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि क्षतिपूर्ति, पूर्व सूचना प्रणाली, रोकथाम संरचना, नसबन्दी, स्थानान्तरण र वैकल्पिक बाली प्रवर्धन जस्ता उपाय कार्यान्वयन गरिनेछ । राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको वासस्थान संरक्षण गरिनेछ। चुरे क्षेत्रमा एकीकृत संरक्षण, जल पुनर्भरण तथा वैज्ञानिक उत्खनन लागु गरिनेछ ।

२६. वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति र वनसम्बन्धी अनुमति प्रक्रियालाई इ-पोर्टल मार्फत सरलीकृत गर्दै पूर्वाधार विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम गरिनेछ । वायु गुणस्तर सुधार, स्वच्छ प्रविधि प्रवर्धन र प्रदूषण नियन्त्रण गरिनेछ। काठमाडौँ उपत्यका वायु गुणस्तर सुधार कार्ययोजना अद्यावधिक गर्दै राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्ययोजना कार्यान्वयन गरिनेछ । परम्परागत इँटा उद्योगलाई स्वच्छ प्रविधिमा रूपान्तरण गरिनेछ ।

२७. वायु प्रदूषण न्यूनीकरण, जलवायु अनुकूलन र दिगो सहरी वातावरण व्यवस्थापनका लागि बहुपक्षीय समन्वयमा कार्यान्वयन प्रणाली सुदृढ गरिनेछ । सीमापार प्रदूषण नियन्त्रणका लागि द्विपक्षीय तथा क्षेत्रीय सहकार्य सुदृढ गरिनेछ ।

२८. अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच वृद्धि गर्दै वन, कृषि, ऊर्जा र जैविक विविधतामा आधारित हरित अर्थतन्त्रलाई टेवा दिईनेछ । 'हरित बन्ड ढाँचा' विकास गरी जलविद्युत् लगायत हरित पूर्वाधारमा अन्तर्राष्ट्रिय सहुलियतपूर्ण वित्त आकर्षण गरिनेछ । 'नेट जिरो २०४५' प्रतिबद्धता कार्यान्वयनका लागि क्षेत्रगत लक्ष्य र समय सीमासहितको राष्ट्रिय कार्ययोजना लागु गरिनेछ ।

**माननीय सदस्यहरू,**

२९. नेपालका नदीहरूलाई केवल जलस्रोत मात्र नभई सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वको आधारमा समेत संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गरिनेछ । धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा सामाजिक महत्वका नदीहरूको वैज्ञानिक अध्ययन गरिनेछ । नदीसँग जोडिएका आदिवासी समुदाय, परम्परा र आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्दै आगामी पुस्ताका लागि स्वच्छ, निरन्तर बहने नदी प्रणाली सुनिश्चित गरिनेछ । नदी बेसिनमा आधारित एकीकृत जलस्रोत व्यवस्थापन लागु गर्दै जलविद्युत, सिँचाइ, खानेपानी, पर्यटन र तल्लो तटीय लाभहरू समेट्ने बहुउद्देश्यीय आयोजना विकास गरिनेछ । आगामी दशकमा तीस हजार मेगावाट विद्युत उत्पादन लक्ष्य हासिल गर्न ऊर्जा, वन, भूमि तथा वातावरणसम्बन्धी कानून परिमार्जन गरी एकद्वार प्रणाली लागू गरिनेछ । आयोजना प्रभावित क्षेत्रका नागरिकलाई मुआब्जाको सट्टा शेयर लगानीको विकल्प प्रदान गरिनेछ ।

३०. विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ । ऊर्जा-आधारित उद्योग प्रवर्धन गर्दै आन्तरिक खपतमा व्यापक वृद्धि गरिनेछ । अन्तर देशीय ऊर्जा व्यापार सम्झौताहरूलाई दीर्घकालीन लगानी आकर्षित गर्ने माध्यम बनाइनेछ ।

३१. राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत् प्रणाली विस्तार गरिनेछ। ग्रिन हाइड्रोजन, हरित अमोनिया तथा रासायनिक मल जस्ता रणनीतिक हरित उद्योगलाई प्रवर्धनका लागि कर-भन्सार छुट, सहुलियतपूर्ण विद्युत् दर, पुँजी प्रोत्साहन र लगानीमैत्री नीति लागु गरिनेछ । साथै, यातायात क्षेत्रमा व्यावसायिक प्रयोग विस्तार गर्न ग्रिन हाइड्रोजन पूर्वाधारको सुरुवात गरिनेछ ।

३२. तराई-मधेशका सिँचाइ सेवा नपुगेका क्षेत्रमा भूमिगत जलस्रोत मार्फत तथा पहाडी र हिमाली क्षेत्रका कृषियोग्य टारहरूमा लिफ्ट प्रविधि मार्फत सिँचाइ सुविधा सुनिश्चित गरिनेछ । ठुला सिँचाइ प्रणालीको आधुनिकीकरण, मर्मत सम्भार तथा पुनर्स्थापना गर्दै उपभोक्ता सहभागितामा आधारित दिगो व्यवस्थापन प्रणाली विकास गरिनेछ । स्वचालित जल तथा मौसम केन्द्रको विस्तार गरी पूर्वानुमान प्रणाली सुदृढ गरिनेछ। बहु प्रकोप पूर्व सूचना प्रणालीलाई सुदृढ गरी थप विश्वसनीय बनाइनेछ ।

**माननीय सदस्यहरू,**

३३. औद्योगिक नीति, २०६७ परिमार्जन गरी नयाँ "राष्ट्रिय औद्योगिक नीति" तर्जुमा गरिनेछ । स्टार्टअप, लघु, साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा एकीकृत पहुँच उपलब्ध गराउन "राष्ट्रिय उद्यम प्रवर्धन सुविधा" स्थापना गरिनेछ। नेपाल व्यापार एकीकृत रणनीति र व्यापार घाटा न्यूनीकरण कार्य योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३४. लगानीका क्षेत्र विस्तार गर्दै सार्वजनिक निजी साझेदारीमार्फत परियोजना पाइपलाइन तयार गरी लगानी जोखिम बाँडफाँट र सम्झौता ढाँचा स्पष्ट गरिनेछ। महिलाले नेतृत्व गरेका उद्यमलाई बजारमुखी बनाउन 'महिला उद्यमशीलता विकास रणनीति' तर्जुमा गरिनेछ। श्रम प्रधान, निर्यात सम्भावना भएका कृषि प्रशोधन, पर्यटन सेवा, हलुका उत्पादन र प्रविधिमा आधारित उद्योगको विस्तारका लागि 'रोजगारी आबद्ध उत्पादन क्षेत्र' स्थापना गरिनेछ ।

३५. खनिज तथा खानी क्षेत्रलाई आर्थिक वृद्धिको आधारको रूपमा विकास गर्न नीतिगत, कानुनी र संस्थागत सुधार गरिनेछ । ढुङ्गा, गिट्टी, बालुवा लगायत निर्माण सामग्रीको दिगो उपयोग, पारदर्शी आपूर्ति र नियमन गरी अवैध उत्खनन तथा अनियमितता नियन्त्रण गरिनेछ ।

**माननीय सदस्यहरू,**

३६. हवाई पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विकास गरिनेछ। नागरिक उड्डयन क्षेत्रमा संरचनात्मक सुधार, निजी क्षेत्रको सहभागिता विस्तार र अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड कार्यान्वयन गरिनेछ । पर्यटक भिसा सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिनेछ । अन्तर्राष्ट्रिय विमानस्थलमा ई-गेट प्रणाली जडान गरी यात्रुको प्रतीक्षा समय घटाइनेछ । गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षण गर्न कूटनीतिक पहल गरिनेछ ।

३७. अध्यागमन बिन्दुबाटै पर्यटकीय अनुमति र सेवाहरूलाई एकीकृत गर्ने एक द्वार डिजिटल पर्यटन प्रणाली लागु गरिनेछ । पर्वतीय पर्यटनको सुरक्षा, खोज तथा उद्धार प्रणालीलाई आधुनिक प्रविधिसँग जोडिनेछ । 'भिजिट नेपाल २०८५' को पूर्व तयारीका लागि पर्यटक आगमन, प्रति पर्यटक खर्च वृद्धि र बसाई अवधि बढाउने गरी अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गरिनेछ ।

३८. नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न 'देवभूमि नेपाल' राष्ट्रिय अभियान सञ्चालन गरिनेछ । धार्मिक, सांस्कृतिक, आरोग्य, अध्ययन, चलचित्र, आध्यात्मिक तथा अवकाश पर्यटनको उदाउँदो गन्तव्यका रूपमा विकास गरिनेछ। आध्यात्मिक तीर्थ कूटनीति मार्फत पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्धन गरिनेछ ।

३९. समुदायद्वारा सञ्चालित होमस्टे, स्थानीय कला, संस्कृति र परम्परालाई पर्यटनसँग जोड्दै सीमान्तकृत तथा दलित समुदायको आयआर्जन र रोजगारी प्रवर्धन गरिनेछ । जीवित सङ्ग्रहालयको अवधारणालाई कार्यान्वयन गर्दै कम्तीमा पाँच हजार नयाँ होमस्टेलाई 'नेपाल होमस्टे' ब्रान्डिङसहित बुकिङ प्लेटफर्मसँग आबद्ध गरिनेछ ।

४०. नेपाललाई साहसिक पर्यटनको आकर्षक गन्तव्यको रूपमा विकास गर्न पर्वतारोहण, ट्रेकिङ, र्‍याफ्टिङ, प्याराग्लाइडिङ, बञ्जी जम्प, स्काइडाइभिङ लगायत साहसिक पर्यटन पूर्वाधार, सुरक्षा मापदण्ड र अन्तर्राष्ट्रिय प्रवर्धनलाई सुदृढ गर्दै प्रकृति, संस्कृति र समुदायमा आधारित नयाँ पर्यटन इकोसिस्टम विकास गरिनेछ। कर्णाली, सुदूरपश्चिम, मधेश र कोशी प्रदेशलाई थप प्राथमिकतामा राखी नयाँ गन्तव्यहरूको प्रवर्धन गरिनेछ । हिमाली, मध्यपहाडी र तराई क्षेत्रमा कम्तीमा दश नयाँ पदमार्ग पहिचान र प्रवर्धन गरिनेछ । नेपाल पर्यटन बोर्डलाई सार्वजनिक निजी साझेदारी मोडलमा पुनर्संरचना गरी नवप्रवर्तनशील बनाइनेछ ।

**माननीय सदस्यहरू,**

४१. नयाँ राष्ट्रिय रोजगारी नीति तर्जुमा गरी सिप, शिक्षा, श्रम बजार सूचना, सामाजिक सुरक्षा र रोजगार सेवा प्रणालीलाई एकीकृत गरिनेछ । 'कमाउँदै सिक्दै' अवधारणामा आधारित राष्ट्रिय अप्रेन्टिससिप कार्यक्रम सञ्चालन गरिनेछ । नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने 'रिमोट वर्क नीति' को कानुनी व्यवस्था गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका युवाको सिपलाई डिजिटल 'सिप पासपोर्ट' मार्फत अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराइनेछ ।

४२. श्रमिकका लागि कानुनी सहायता र न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ । डिजिटल श्रम निरीक्षण प्रणाली लागु गरी न्यूनतम पारिश्रमिक सुनिश्चितता, कार्यस्थलमा व्यावसायिक सुरक्षा तथा स्वास्थ्यको प्रत्याभूति गरिनेछ। सरकार, रोजगारदाता र श्रमिकबीच असल श्रम सम्बन्ध विकास गर्दै राष्ट्रियस्तरको कल्याणकारी कोष प्रभावकारी रूपमा परिचालन गरिनेछ। बाल श्रम निवारणसम्बन्धी प्रतिबद्धताको कडाइका साथ कार्यान्वयन गरिनेछ ।

४३. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र प्रतिफलयुक्त बनाइनेछ । अत्यधिक सेवा शुल्क र श्रम शोषणविरुद्ध कारबाही गरिनेछ । वैदेशिक रोजगारमा जानेका लागि छुट्टै लेन र सेवा उपलब्ध गराइनेछ। श्रम कूटनीति मार्फत उच्च पारिश्रमिक दिने गन्तव्यतर्फ विविवधीकरण गरिनेछ । विप्रेषणलाई उपभोगबाट उत्पादनशील लगानीमा रूपान्तरण गर्न "विप्रेषण-लगानी मिलान कोष सञ्चालन गरिनेछ । विदेशमा मृत्यु वा अङ्गभङ्ग भएका कामदारका परिवारका लागि उद्धार र कल्याणकारी कार्यक्रम सुदृढ गरिनेछ । रिभर्स प्रवासनलाई प्रोत्साहन गर्न एकीकृत प्रोत्साहन प्याकेज ल्याइनेछ।

४४. अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्दै श्रमिकको अधिकार संरक्षण गरिनेछ । वैदेशिक रोजगारीलाई बाध्यताबाट विकल्पमा रूपान्तरण गर्न आर्थिक वर्ष २०९२/०९३ सम्म २०८३/०८४ देखि २०९२/०९३ सम्म 'रोजगार प्रवर्धन दशक' घोषणा गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**माननीय सदस्यहरू,**

४५. शिक्षालाई समता र समृद्धिको आधारका रूपमा स्थापित गरिनेछ। माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिनेछ । पुस्तक, दिवा खाजा र पोसाकको सहज वितरण सहित शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी तथा रोजगारमुखी बनाउँदै सबै तहको पाठ्यक्रमको समयसापेक्ष पुनरावलोकन गरिनेछ। सार्वजनिक शिक्षामा दीर्घकालीन लगानी वृद्धि गर्दै निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थालाई सेवामुखी र गुणस्तर-केन्द्रित बनाउन स्वस्थ नियमन गरिनेछ ।

४६. ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ। उच्च शिक्षालाई श्रम बजारसँग आबद्ध गराउँदै विश्वविद्यालयको प्राज्ञिक तथा शासकीय पुनर्संरचना गरिनेछ । दश हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट, डिजिटल सामग्री र कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ। विद्यालय नक्साङ्कन, समायोजन, शिक्षक दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला सुधार एकीकृत योजनामार्फत कार्यान्वयन गरिनेछ ।

४७. विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ । स्वास्थ्य, पोषण, छात्रवृत्ति, आवासीय सुविधा र सुरक्षित सिकाइ वातावरणलाई सुदृढ गरिनेछ । अटिजम तथा न्यूरोडाइभर्सिटी बालबालिकाका लागि थेरापी सेवा, असिस्टिभ टेक्नोलोजी, विशेष तालिम प्राप्त शिक्षक र समावेशी विद्यालय प्रणाली विकास गरिनेछ। सबै छात्रवृत्ति कार्यक्रमलाई योग्यतामा आधारित र डिजिटल प्रणालीमार्फत सिधै बैङ्क खातामा भुक्तानी हुने व्यवस्था मिलाइनेछ ।

४८. शिक्षक नियुक्ति, पदोन्नति र मूल्याङ्कन प्रणालीलाई योग्यतामा आधारित र पारदर्शी बनाइनेछ । शिक्षकको पेसागत विकास, अभिलेख व्यवस्थापन र उचित पारिश्रमिक सुनिश्चित गरिनेछ । उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय शिक्षालाई सिकाइमुखी बनाउन पाठ्यक्रम, मूल्याङ्कन र प्रमाणीकरण प्रणालीको पुनरावलोकन एवम् सुधार गरिनेछ ।

४९. खेलकुदलाई राष्ट्रिय एकता, स्वास्थ्य, पर्यटन र अर्थतन्त्रसँग जोड्दै विद्यालय तहदेखि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ । खेल क्षेत्रको व्यावसायिकीकरण, निजी क्षेत्रको सहभागिता र खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ । राष्ट्रिय स्वयंसेवक कार्यक्रम सञ्चालन गरी डिजिटल साक्षरता, समुदाय सेवा, नवप्रवर्तन र स्थानीय विकासमा युवा परिचालन गरिनेछ ।

**माननीय सदस्यहरू,**

५०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणलाई उच्च प्राथमिकता दिइनेछ । अन्तर ाष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्दै अधिकारमा आधारित विकासको सुनिश्चितता गरिनेछ।

५१. सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाइनेछ गर्दै मानव बेचबिखनमुक्त समाज निर्माण गरिनेछ। सामाजिक तथा सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिनेछ । हिंसा पीडित-केन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्धार, कानुनी सहायता, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

५२. आगामी आर्थिक वर्षभित्र सडक बालबालिकामुक्त नेपाल घोषणा गरिनेछ । तीन वटै तहका सरकारको बजेट प्रणालीमा "बालबालिका उत्तरदायी बजेट कोड लागु गरिनेछ ।

५३. असहाय, अशक्त तथा जोखिममा परेका नागरिकको समुदायमै संरक्षण तथा पुनर्स्थापना सेवाको व्यवस्था

(बाँकी पृष्ठ ७ मा)

# ट्रम्प-सी भेटअघि चीनको 'स्थिरता' सन्देश

रासस/एएफपी । अमेरिका र चीनबीच व्यापार, ताइवान र मध्यपूर्व युद्धजस्ता संवेदनशील विषयमा तनाव चर्किरहेका बेला बेइजिङले वासिङ्टनसँग 'थप स्थिरता र निश्चितता' निर्माण गर्न सहकार्य गर्न तयार रहेको जनाएको छ । यही क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसै साता चीन भ्रमण गर्ने औपचारिक पुष्टि भएको छ । सन् २०१७ पछि कुनै पनि अमेरिकी राष्ट्रपतिले चीनको भ्रमण गर्न लागेको यो पहिलो अवसर हुनेछ ।

चीनको विदेश मन्त्रालयले ट्रम्पको भ्रमण बुधबारदेखि शुक्रबारसम्म हुने जानकारी दिएको छ । ह्वाइट हाउसले केही साताअघि नै भ्रमणको घोषणा गरिसकेको भए पनि बेइजिङले सोमबार त्यसको औपचारिक पुष्टि गरेको हो । सुरुमा मार्चको अन्त्य वा अप्रिलको प्रारम्भमा तय गरिएको भ्रमण अमेरिका-इजरायल र इरानबीच विकसित युद्धस्थितिका कारण पछि सारिएको थियो ।

भ्रमणअघि दुवै मुलुकबीच कूटनीतिक र आर्थिक गतिविधि तीव्र बनेका छन् । ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच हुने शिखर वार्ताको एक दिनअघि दुवै देशका शीर्ष व्यापार वार्ताकारहरू दक्षिण कोरियाको राजधानी सियोलमा भेट्ने भएका छन् । उक्त भेटवार्तामा व्यापार तथा आर्थिक विषयका बाँकी मतभेद टुङ्ग्याउने प्रयास गरिने अपेक्षा गरिएको छ । यसलाई ट्रम्पको चीन भ्रमणको आधार तयार पार्ने उच्चस्तरीय तयारीका रूपमा हेरिएको छ ।



चीनको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले नियमित पत्रकार सम्मेलनमा शीर्ष तहको कूटनीतिले चीन-अमेरिका सम्बन्धलाई दिशा दिने महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले समानता, पारस्परिक सम्मान र आपसी हितका आधारमा अमेरिकासँग सहकार्य विस्तार गर्न चीन तयार रहेको उल्लेख गर्दै अस्थिर र आपसमा गहिरो रूपमा जोडिएको विश्वमा थप स्थिरता ल्याउन दुवै देशले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने धारणा राख्नुभयो ।

सन् २०१७ मा ट्रम्पले गरेको अघिल्लो चीन भ्रमण अत्यन्तै प्रतीकात्मक मानिएको थियो । त्यसबेला उहाँले बेइजिङस्थित 'टेम्पल अफ हेभन' अवलोकन गर्नुका साथै भव्य राजकीय भोजमा सहभागिता जनाउनुभएको थियो । यसपटकको भ्रमण पनि उच्च राजनीतिक र कूटनीतिक महत्त्वको हुने बताइएको छ । ह्वाइट हाउसले भ्रमणलाई 'अत्यधिक प्रतीकात्मक महत्त्व' भएको भन्दै अमेरिकी जनताका लागि ' उत्तम सम्झौता' हासिल गर्ने लक्ष्य राखिएको जनाएको छ ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सियोलमा चिनियाँ उपप्रधानमन्त्री हे लिफेङसँग वार्ता गर्ने कार्यक्रम छ । बेसेन्ट र हे दुवै देशका व्यापार तथा आर्थिक मामिलाका मुख्य वार्ताकार मानिनुहुन्छ । उहाँहरूबीच हुने छलफलले ट्रम्प-सी शिखर सम्मेलनमा सम्भावित घोषणाहरूको अन्तिम रूप तय गर्न सक्ने अनुमान गरिएको छ । बेसेन्टले सियोल पुग्नुअघि जापानको टोकियोमा जापानी प्रधानमन्त्री साने ताकाइचीसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । ताइवानसम्बन्धी ताकाइचीको हालैको टिप्पणीपछि बेइजिङ र टोकियोबीच यस विषयमा कूटनीतिक चासो र संवाद बढेको देखिएको थियो । बेसेन्टले सामाजिक सञ्जालमार्फत अमेरिका फर्स्ट आर्थिक एजेन्डालाई अघि बढाउने उद्देश्यसहित जापान र दक्षिण कोरियाको भ्रमण गर्न लागेको जानकारी दिनुभएको छ ।

यसपटक ट्रम्प-सी भेटमा मध्यपूर्वको युद्ध प्रमुख एजेन्डा बन्ने सङ्केत देखिएको छ । चीन इरानको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । गत साता इरानका विदेशमन्त्रीले बेइजिङ भ्रमण गर्नुभएको थियो । त्यस क्रममा चिनियाँ विदेशमन्त्री वाङ यीले क्षेत्रीय शान्ति पुनःस्थापनामा चीनले 'ठूलो भूमिका' खेल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

अमेरिकी अधिकारीहरूका अनुसार ट्रम्पले इरान युद्धबारे चीनको भूमिकामा राष्ट्रपति सीसँग स्पष्ट जवाफ खोज्ने अपेक्षा गरिएको छ । सोमबार पत्रकारहरूले अमेरिकी दबाबबारे प्रश्न गर्दा प्रवक्ता गुओले इरानसम्बन्धी चीनको अडान 'स्थिर' रहेको दोहोऱ्याउनुभयो । उहाँले युद्धविराम र शान्ति वार्तालाई अघि बढाउन चीनले सकारात्मक भूमिका निर्वाह गरिरहेको बताउनुभयो ।

यता, अमेरिकाले इरानलाई सहयोग गरेको आरोपमा चीनमाथि थप दबाब बढाएको छ । अमेरिकी विदेशमन्त्रालयले शुक्रबार इरानको सैन्य गतिविधिलाई सहयोग गरेको आरोप लगाउँदै चीनस्थित तीनवटा स्याटेलाइट कम्पनीमाथि प्रतिबन्ध घोषणा गरेको थियो । अमेरिकी अर्थ मन्त्रालयले पनि मुख्य भूमि चीन र हङकङस्थित केही कम्पनीमाथि इरानको हतियार आपूर्ति सञ्जाललाई सहयोग गरेको आरोपमा छुट्टै प्रतिबन्ध लगाएको छ ।

चीनले भने अमेरिकाले लगाएको प्रतिबन्धलाई 'अवैध एकपक्षीय कदम' भन्दै कडा विरोध जनाएको छ । विदेश मन्त्रालयले द्वन्द्व पुनः भड्किन नदिन सबै पक्षले संयमता अपनाउनुपर्ने उल्लेख गर्दै युद्धलाई अन्य मुलुकमाथि आरोप लगाउने माध्यमका रूपमा प्रयोग गर्नु उचित नहुने जनाएको छ ।

## अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा इरानको सर्त अस्वीकार, इन्धनको मूल्यमा वृद्धि

रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वमा युद्ध अन्त्य गर्ने इरानका सर्तहरू अस्वीकार गरेपछि सोमबार एसियाली बजारमा इन्धनको मूल्य बढेको छ ।

राष्ट्रपति ट्रम्पले आफ्नो पछिल्लो शान्ति प्रस्तावमा इरानको प्रतिक्रियालाई अस्वीकार गरेपछि स्ट्रेट अफ हर्मुजमा थप हिंसा हुने र तेल आपूर्तिमा अवरोध उत्पन्न हुने सम्भावना बढेको छ ।

यस हप्ता चीनको भ्रमणमा जान लाग्नुभएका राष्ट्रपति ट्रम्पले आफ्नो चीन भ्रमणलाई सम्भवतः इरान युद्धको अन्त्यका प्रयासका लागि केन्द्रित गर्ने देखिएको छ ।

उहाँले भन्नुभयो, "मैले भर्खरै इरानका तथाकथित ' प्रतिनिधिहरू' को प्रतिक्रिया पढेको छु। मलाई यो मन परेन । यो पूर्ण रूपमा अस्वीकार्य छ ।"

जोखिमको सम्भावनाको सङ्केत गर्दछ किनकि अब हर्मुजमा अवरोधहरू बढ्दै जानेछन्," चानले थप्नुभयो ।

जापनस्थित इन्धन बजार विश्लेषकहरूले भनेका छन्, "अमेरिकी राष्ट्रपतिको भनाइ सार्वजनिक भएसँगै निक्केई ०.४ प्रतिशत र ह्याङ सेङ ०.३४ प्रतिशतले घटेको थियो तर सियोलको कोप्सी चार प्रतिशतले बढेको थियो ।"

टोकियोमा विशाल जापानी गेमिङ कम्पनीले शुक्रबार यस वर्ष कम नाफा कमाउने चेतावनी दिएपछि निन्टेन्डोको सेयरमा लगभग १० प्रतिशतले गिरावट आएको छ ।

यसैबीच, अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले राष्ट्रपति सी जिनपिङसँगको उच्चस्तरीय शिखर वार्ताका लागि तयारी गर्न चीन जानुअघि जापान र दक्षिण कोरिया भ्रमण गर्ने कार्यक्रम रहेको छ ।



इरानका राष्ट्रपति मसुद पेजेस्कियनले आइतबार सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भन्नुभएको छ, "हामी शत्रुसामु कहिल्यै झुक्दैनौं र यदि वार्ता वा संवादको कुरा हुन्छ भने यसको अर्थ आत्मसमर्पण वा पछि हट्नु हुँदैन ।"

"अमेरिकी राष्ट्रपति ट्रम्पले यी प्रतिमागहरूलाई तत्काल अस्वीकार गर्नुले दुवै पक्षबीचको फराकिलो खाडललाई दर्शाउँछ र यसले तनावलाई तीव्र गतिमा कम गर्नुको सट्टा दीर्घकालीन अनिश्चितताको जोखिमतर्फ लाने सङ्केत गर्दछ," जापानी बैङ्क एमयुएफजीका लोयड चानले भन्नुभयो ।

"तेल बजारका लागि, यसले निरन्तर भू-राजनीतिक

जापानमा बेसेन्टले मङ्गलबार प्रधानमन्त्री साने ताकाइचीलाई भेट्ने तयारी गर्नुभएको छ । टोकियोले येनलाई सहयोग गर्न हालै बजार हस्तक्षेपको रिपोर्ट गरेको छ ।

सोलमा उहाँले चिनियाँ उपप्रधानमन्त्री हे लिफेङसँग भेटवार्ता गर्ने बताउनुभएको छ ।

"आर्थिक सुरक्षा राष्ट्रिय सुरक्षा हो," बेसेन्टले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ।

वासिङ्टन र बेइजिङले एक वर्षअघि एक अर्काको निर्यातमा व्यापक करवृद्धि गरेका थिए भने ट्रम्प र सीबीच अक्टोबरमा दक्षिण कोरियामा एक वर्ष लामो व्यापार युद्धविरामका लागि सहमति भएको थियो ।

## निर्यातले धानेको चीनको कार बजार



रासस/एएफफपी । चीनको घरेलु कार बजार लगातार कमजोर बन्दै गइरहेका बेला त्यहाँका अटो उत्पादकहरूले विदेशतर्फ आक्रामक विस्तार गरिरहेका छन् । यही रणनीतिक विस्तारको प्रभावस्वरूप अप्रिल महिनामा चीनको यात्रुवाहक कार निर्यात करिब ८५ प्रतिशतले उकालो लागेको छ । विशेषगरी विद्युतीय तथा नयाँ ऊर्जा सवारीसाधनको माग विश्व बजारमा तीव्र रूपमा बढ्दा चिनियाँ अटो उद्योगले निर्यातमार्फत नयाँ गति समातेको देखिएको छ ।

चाइना एसोसिएसन अफ अटोमोबाइल म्यानुफ्याक्चरर्स (सीएएएम) ले सोमबार सार्वजनिक गरेको विवरणअनुसार अप्रिलमा चीनबाट करिब सात लाख ९६ हजार यात्रुवाहक सवारीसाधन निर्यात भएका छन् । यो सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा झन्डै ८५ प्रतिशत बढी हो । मार्च महिनामा निर्यात भएका सात लाख ४८ हजार सवारीसाधनको तुलनामा पनि अप्रिलको निर्यात उच्च रहेको तथ्याङ्कले देखाएको छ ।

नयाँ ऊर्जा सवारीसाधनतर्फ अझ तीव्र वृद्धि देखिएको छ । ब्याट्रीबाट चल्ने विद्युतीय गाडी र प्लग-इन हाइब्रिडसहितका नयाँ ऊर्जा यात्रुवाहक सवारीको निर्यात अप्रिलमा १२० प्रतिशतभन्दा बढीले बढेर करिब चार लाख २० हजार युनिट पुगेको छ । विश्व बजारमा पेट्रोलियम इन्धनको बढ्दो लागत र वातावरणमैत्री प्रविधिप्रतिको आकर्षणले चिनियाँ विद्युतीय गाडीको माग बढाउन सहयोग पुगेको विश्लेषण गरिएको छ ।

तर घरेलु बजारको अवस्था भने निराशाजनक बनेको छ । सीएएएमका अनुसार चीनभित्र यात्रुवाहक कार बिक्री गत वर्षको तुलनामा २५ दशमलव ५ प्रतिशतले घटेर १३ लाख सवारीसाधनमा सीमित भएको छ । वार्षिक आधारमा कार बिक्री घटेको यो लगातार छैटौँ महिना हो ।

विश्लेषकहरूका अनुसार नयाँ ऊर्जा सवारीसाधन खरिदमा सरकारले दिँदै आएको सहुलियत र अनुदान कटौती गरिनु घरेलु माग कमजोर हुनुको मुख्य कारण बनेको छ । त्यससँगै लामो समयदेखि जारी रियल स्टेटको मन्दी र अनिश्चित आर्थिक अवस्थाले पनि उपभोक्तालाई नयाँ गाडी खरिदमा सतर्क बनाएको बताइएको छ ।

चिनियाँ अटो उद्योगभित्रको प्रतिस्पर्धा पनि अत्यन्तै तीव्र बन्दै गएको छ । गत महिना आयोजित बेइजिङ अटो शोमा एक हजार चार सय ५० भन्दा बढी सवारीसाधन प्रदर्शन गरिएको थियो । कार्यक्रममा कृत्रिम बौद्धिकता (एआई) प्रविधि समावेश गरिएका स्मार्ट कारदेखि अत्याधुनिक अल्ट्राफास्ट चार्जिङ ब्याट्रीसम्मका नयाँ प्रविधि सार्वजनिक गरिएका थिए । यसले चीनका अटो उत्पादकहरू प्रविधि र नवप्रवर्तनमा आक्रामक रूपमा अघि बढिरहेको सङ्केत गरेको छ ।

केही विश्लेषकहरूले भने वर्षको उत्तरार्धमा घरेलु बजारमा सुधार आउन सक्ने अनुमान गरेका छन् । परामर्शदाता संस्था एलिक्सपार्टनर्सका अटोमोटिभ अभ्यास साझेदार यिचाओ झाङका अनुसार यस वर्ष थप नयाँ मोडल बजारमा आउने तयारीमा छन् र सरकारी अनुदान संरचनामा भएका परिवर्तनप्रति उपभोक्ता क्रमशः अभ्यस्त हुँदै जाँदा नयाँ गाडी खरिद बढ्न सक्ने सम्भावना छ ।

विदेशी बजारमा भने चिनियाँ ब्रान्डहरूको प्रभाव उल्लेखनीय रूपमा फैलिरहेको छ । बीवाइडी र गीली अटोजस्ता प्रमुख चिनियाँ कम्पनीहरूले युरोप, ल्याटिन अमेरिका र दक्षिणपूर्वी एसियासहित विभिन्न क्षेत्रमा आफ्नो उपस्थिति विस्तार गरिरहेका छन् । निर्यात मात्र नभई केही कम्पनीहरूले विदेशमै उत्पादन क्षमता विस्तार गर्न कारखाना स्थापना गर्न थालेका छन् । विशेषगरी बीवाईडीले युरोप र ल्याटिन अमेरिकामा उत्पादन केन्द्र निर्माण गर्ने योजनालाई तीव्रता दिएको छ ।

इरानसँगको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलको मूल्य बढ्न थालेपछि विद्युतीय सवारीसाधनतर्फ विश्वव्यापी आकर्षण झन् बढ्ने अपेक्षा गरिएको छ। अस्ट्रेलियाको फेडेरल चेम्बर अफ अटोमोटिभ इन्डस्ट्रिजका अनुसार अप्रिलमा बिक्री भएका प्रत्येक छमध्ये एक नयाँ सवारी विद्युतीय गाडी थियो । त्यहाँ बीवाइडी टोयोटापछि दोस्रो सबैभन्दा धेरै बिक्री हुने ब्रान्ड बनेको छ ।

एस एन्ड पी ग्लोबल रेटिङ्सकी अटो विश्लेषक क्लेयर युआनले तेल तथा इन्धनको मूल्य लामो समयसम्म उच्च रहने सम्भावना देखिएकाले त्यसले उपभोक्तालाई विद्युतीय गाडी खरिद गर्न प्रोत्साहित गर्ने बताउनुभयो । उहाँका अनुसार त्यसको प्रत्यक्ष लाभ चिनियाँ विद्युतीय सवारी निर्यातलाई पुग्नेछ ।

एलिक्सपार्टनर्सले सन् २०२६ मा चीनको समग्र यात्रुवाहक कार निर्यात करिब २० प्रतिशतले बढ्न सक्ने अनुमान गरेको छ । दक्षिणपूर्वी एसियासहितका उदीयमान बजारमा चिनियाँ अटो कम्पनीहरूले आक्रामक विस्तार गरिरहेका कारण निर्यात वृद्धि निरन्तर रहने प्रक्षेपण गरिएको हो ।

यसबीच चिनियाँ विद्युतीय सवारी आयातसम्बन्धी विषयमा बेइजिङले युरोपेली सङ्घ (इयु) र क्यान डासँग पनि छलफल अघि बढाइरहेको छ । यसै साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बेइजिङ भ्रमणका क्रममा ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच हुने व्यापार वार्तालाई अटो उद्योगले विशेष चासोका साथ हेरिरहेको छ ।

अमेरिकाले भने चिनियाँ विद्युतीय गाडीप्रति कडा रक्षात्मक नीति अपनाइरहेको छ । पूर्वराष्ट्रपति जो बाइडेन प्रशासनले सन् २०२४ मा चिनियाँ विद्युतीय सवारीसाधनमा १०० प्रतिशत भन्सार शुल्क लगाएपछि अमेरिकी बजारमा चिनियाँ अटो उत्पादकहरूको पहुँच प्रभावकारी रूपमा अवरुद्ध भएको छ ।

# इङ्ल्यान्डको राष्ट्रिय क्रिकेट टोली नेपाल आउँदै



**टुडे समाचारदाता**

काठमाण्डु । इङ्ल्यान्डको राष्ट्रिय क्रिकेट टोली नेपाल आउने नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ । सन् २०२७-३१ को सर्कलमा इङ्ल्यान्ड र नेपालबीचको सिरिज टियु क्रिकेट स्टेडियममा हुने जनाएको छ ।

क्यानका प्रवक्ता छुम्वी लामाले हाम्रो खेलकुद डटकमलाई इङ्गल्याण्ड क्रिकेट बोर्डसँग कुराकानी भैरहेको बताए । उनले मितिको बारेमा समेत छलफल भैरहेको कारण इङ्गल्याण्डको राष्ट्रिय टोली नेपाल आउने लगभग निश्चित भएको पनि जानकारी दिए ।

क्यानका सचिव पारस खड्काले पनि इएसपिएन क्रिकइन्फोलाई उदृत गर्दै, 'हामी तयार छौं, नेपाल र इङ्गल्याण्डबीचको टि-ट्वान्टी सिरिज क्रिकेट स्टेडियममा गर्नका लागि' भनेर सामाजिक सञ्जालमा पोष्ट पनि गरेका छन् ।

नेपाल र इङ्ल्यान्ड पछिल्लो पटक भारत र श्रीलंकामा आयोजना भएको टि ट्वान्टी विश्वकपको एकै समूहमा परेको थियो । सोहि विश्व कपमा भारत मुम्बईको वानखेडेमा भएको खेलमा नेपाल इङ्ल्यान्डसँग मात्र ४ रनले पराजित भएको थियो ।

सो खेलमा नेपाल जितको निकै नजिक पुगेर पराजित भएपनि विश्व क्रिकेटमा हलचल ल्याएको थियो ।

# सन्दीपको शतकमा नेपाल 'ए' लाई लगातार चौथो जित

**टुडे समाचारदाता**

काठमाण्डु । एकदिवसीय अभ्यास खेलमा नेपाल 'ए' ले लगातार चौथो जित निकाल्ने क्रममा आज अमेरिकालाई ७ रनले पराजित गरेको छ । नेपालको जितमा सन्दीप जोराले सानदार शतकीय पारी खेलका छन् ।



जितको लागि २ सय ६५ रनको लक्ष्य पछ्याएको अमेरिका ४९.१ ओभरमा सबै विकेट गुमाउँदै २ सय ५७ रनमा समेटियो । ओपनर सयान जहाङ्गीरले ४१ रन र अर्का ओपनर स्मित पटेलले ३३ रन बनाए ।

सैतेजा रेडी १६ रनमा र मिलिन्द कुमार ११ रनमा आउट हुँदा ४ विकेटको नोक्सानीमा १ सय ७ रन बनाएको थियो ।

यसपछि सेहान जयसूर्या र शुभन रान्जनेले पाँचौ विकेटको लागि ७९ रनको साझेदारी गर्दै नेपाललाई दबाब दिए। मिलिन्द ४७ रनमा आउट भएपछि अन्य खेलाडीले सेहानलाई साथ दिन सकेनन्। खेलको अन्त्यतिर रोमाञ्चक बनेको खेलमा सेहान ७१ रनमा आउट भएसँगै नेपालले ५ बल अगाडि ७ रनको जित आफ्नो पक्षमा पार्न सफल भएका छन् ।

बलिङमा नेपाल 'ए' का शेर मल्लले ७ ओभर १ बलमा १ मेडन सहित ३० रन दिएर सर्वाधिक ४ विकेट लिए । बसिर अहमदले ३ विकेट लिएका थिए ।

मुलपानीमा त्यसअघि पहिले ब्याटिङ गरेको नेपाल 'ए' ले ४९.५ ओभरमा सबै विकेट गुमाएर २ सय ६४ रन बनाएको थियो ।

ओपनर त्रितराज दास र अनिल कुमार साह समान ९ रनमा आउट भए। १८ रन जोड्दा दुई ओपनरलाई गुमाएको थियो । यसपछि सन्दीप जोरा क्रिजमा जमे। मयान यादव २४ रनमा र कुशल मल्ल ८ रनमा आउट हुँदा ९७ रनको स्थितिमा नेपालले ४ विकेट गुमाएको थियो ।

यसपछि बसिर र सन्दीपले पाँचौं विकेटको लागि ९९ रनको उत्कृष्ट साझेदारी गरे। बसिर ३८ रनमा आउट भए । सन्दीपले भने शतकीय पारी खेले। १ सय १५ बल खेल्दै ९ चौका र ४ छक्का सहित १ सय ११ रन बनाए। यस्तै पवन सराफले २० रन र नारायण जोशीले १६ रन बनाए।

बलिङमा अमेरिकी सौरव नेट्राभाल्करले सबैभन्दा बढी ३ विकेट लिंदा जसदीप सिंहले २ विकेट लिएका थिए । यसअघि नेपाल'ए' ले पहिलो खेलमा स्कटल्याण्डलाई ४५ रन र अर्को खेलमा डिएलएस मेथडमा ९ रनले हराएको थियो । अमेरिकालाई यसअघि ३ विकेटले पराजित गरेको थियो ।

# जिल्लास्तरीय १६ औं राष्ट्रपति रनिङ सिल्ड शुरु



**टुडे समाचारदाता**

रुपन्देही । रुपन्देहीमा जिल्ला स्तरीय १६ औं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता बुटवलमा शुरु भएको छ ।

देविनगरस्थित एन्फा टेक्निकल सेन्टरमा सोमबारदेखि शुरु भएको प्रतियोगिताको पहिलो दिन एथ्लेटिक्स अन्तरगत भएको १५ सय मिटर दौडको फाइनलमा सियारी गाउँपालिकाका सचिन कुर्मी प्रथम भएका छन । उनले ४ मिनेट ३८ सेकेण्डमा दूरी पार गरेका छन् ।

बुटवल उपमहानगरपालिकाका आयुष सारु ४ मिनेट ३५ सेकेण्डमा दुरी पार गर्दै दोस्रो तथा गैडहवा गाऊपालिकाका सर्वजित चमारले ४ मिनेट ५० सेकेण्डमा दुरी पार गर्दै तेस्रो स्थान हासिल गरेका छन् ।

यता छात्रातर्फ तिलोत्तमा नगरपालिकाकि चाँदनी पासी ५ मिनेट ५९ सेकेण्डमा दुरी पार गर्दै प्रथम भईन । देवदहकी आयुष्मा खत्री ६ मिनेटमा दुरी पार गर्दै दोस्रो तथा सुद्धोधनकी सुप्रिया पुन ६ मिनेट २३ सेकेण्डमा दुरी पार गर्दै तेस्रो स्थान हासिल गरिन् ।

यसैगरि छात्र-छात्रा कबड्डी प्रतियोगिता रुपन्देही जिल्ला खेलकुद विकास समितिको कबड हल, तेक्वान्डो खेलहरू नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय तथा कराते दीप बोर्डिङ स्कुल, छात्र भलिबल न्यु होराइजन बोर्डिङ स्कुलको खेलमैदानमा तथा छात्रा भलिबल एभरेस्ट बोर्डिङ स्कुलको खेलमैदानमा पहिलो चरणका खेल भएका छन् ।

जिल्ला खेलकुद विकास समितिका कार्यालय सचिव चन्द्रकान्त आचार्यका अनुसार प्रतियोगितामा रुपन्देहीका १६ पालिकामध्ये बुटवल उपमहानगर, तिलोत्तमा, देवदह, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा, शुद्धोधन, कञ्चन, मायादेवी र सियारी गाउँपालिका ६ सय ९० जना छात्र र ६९० जना छात्रा गरि कुल १ हजार ३ सय ८० जना खेलाडीले विभिन्न विधामा सहभागिता रहेको जनाएको छ ।

# आगामी आर्थिक वर्ष २०८३/०८४...

गरिनेछ। अपाङ्गता भएका व्यक्तिलाई उद्यमशीलता र रोजगार मूलक सिप प्रदान गरी आत्मनिर्भर बनाइनेछ। सार्वजनिक संरचनालाई पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइनेछ।

५४. सामाजिक क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, दोहोरोपन न्यूनीकरण र सेवा प्रवाहमा एकरूपता कायम गर्न संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय तथा सहकार्य सुदृढ गरिनेछ। गैरसरकारी संस्थामार्फत हुने लगानीलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न नीतिगत तथा संस्थागत सुधार गरिनेछ।

**माननीय सदस्यहरू,**

५५. देशभरि आधारभूत स्वास्थ्य सेवामा "न्यूनतम मापदण्ड" लागु गर्दै आवश्यक जनशक्ति, औषधी, उपकरण र पूर्वाधारसहितको एकीकृत सेवा मोडेल कार्यान्वयन गरिनेछ। स्वास्थ्य सेवालाई लागत- प्रभावकारी र नागरिकमैत्री बनाउने गरी स्थानीय तहमा आधारभूत अस्पतालसम्मको पहुँच सुनिश्चित गरिनेछ। सामुदायिक स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेवकको क्षमता, संख्या र सेवा दायरा विस्तार गरिनेछ।

५६. स्वास्थ्य बिमा कार्यक्रमको पुनर्संरचना गरिनेछ। टेलिहेल्थ प्लेटफर्ममार्फत दुर्गम क्षेत्रका नागरिकलाई विशेषज्ञ परामर्श सेवा उपलब्ध गराइनेछ। रोग निगरानी र नियन्त्रणका लागि 'सेन्टर फर डिजिज कन्ट्रोल' तथा स्वास्थ्य सेवा गुणस्तर बढाउन 'राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण' स्थापना गरिनेछ। जैविक अध्ययन, सार्वजनिक स्वास्थ्य अनुसन्धान र महामारी नियन्त्रण क्षमता सुदृढ गर्न सङ्घीय तहमा 'राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला' स्थापना गरिनेछ।

५७. क्यान्सर लगायत नसर्ने रोग नियन्त्रणका लागि उपचारभन्दा रोकथाम, जनचेतना, नियमित परीक्षण र जीवनशैलीमा आधारित रणनीति कार्यान्वयन गरिनेछ। मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अङ्गका रूपमा स्थापित गर्दै राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन गरिनेछ। योग, ध्यान र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमको विस्तार र प्रवर्धन गरिनेछ।

५८. अत्याधुनिक अपाङ्गता पुनर्स्थापना केन्द्रहरूको स्थापना गरी प्रोस्थेटिक्स, फिजियोथेरापी लगायतका विशिष्टीकृत सेवाहरू उपलब्ध गराइनेछ। अपाङ्गताको प्रारम्भिक पहिचान, शीघ्र हस्तक्षेप र पुनर्स्थापना सेवालाई आधारभूत स्वास्थ्य प्रणालीसँग आबद्ध गर्दै स्थानीय तहसम्म विस्तार गरिनेछ। बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि सहायक प्रविधिसहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५९. स्वास्थ्य जनशक्ति विकास गर्न एकीकृत मानव संसाधन प्रणाली विकास गरिनेछ। आयुर्वेद, प्राकृतिक तथा वैकल्पिक उपचार पद्धतिलाई वैज्ञानिक आधारमा संस्थागत गरिनेछ। नेपाल औषधी लिमिटेडको स्तरोन्नति गरिनेछ। स्वदेशी औषधी उत्पादनलाई प्रवर्धन गरिनेछ।

**माननीय सदस्यहरू,**

६०. सम्वत् २०८७ सम्ममा सबै नागरिकलाई स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइ सुविधा सुनिश्चित गर्ने लक्ष्यसहित तीन वटै तहका सरकारको समन्वयमा एकीकृत कार्यक्रम कार्यान्वयन गरिनेछ। ठुला अधुरा आयोजनाहरू शीघ्र सम्पन्न गरिनेछ। तराई-मधेशमा आर्सेनिकमुक्त पानी, डिप बोरिङ र सतही जल प्रणाली विकास गरिनेछ। ढल व्यवस्थापन प्रणाली सुधार गरी नदी-नालाको स्वच्छता कायम गरिनेछ। खानेपानीको गुणस्तरप्रति सार्वजनिक विश्वास कायम गर्न पानी परीक्षण प्रयोगशाला र नियमित परीक्षण पद्धति स्थापित गरिनेछ।

६१. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न भूमिगत जल पुनर्भरण, वर्षातको पानी सङ्कलन, जलाशयमा आधारित आयोजना र मुहान संरक्षणलाई प्राथमिकता दिइनेछ। "हिमालयन ओरिजिन सर्टिफाइड वाटर" अवधारणामार्फत नेपाली जलको ब्रान्डिङ गरिनेछ।

६२. सार्वजनिक पूर्वाधार, विद्यालय, स्वास्थ्य संस्था र राजमार्ग क्षेत्रमा सुरक्षित पिउने पानी तथा अपाङ्गतामैत्री सरसफाइ पूर्वाधार विस्तार गरिनेछ। काठमाडौँ उपत्यकासहित ठुला शहरहरूमा ढल तथा फोहोर व्यवस्थापन प्रणालीलाई निजी क्षेत्र, समुदाय र सहकारीको सहभागितामा एकीकृत रूपमा सञ्चालन गरिनेछ। ढल प्रशोधन संयन्त्र स्थापना गरी प्रशोधित पानीलाई सिँचाइ तथा उद्योगका लागि प्रयोग गरिनेछ। बागमती लगायत नदीहरूको वातावरणीय स्वच्छता कायम गरिनेछ।

**माननीय सदस्यहरू,**

६३. हुलाकी, पुष्पलाल, उत्तर-दक्षिण राजमार्ग लगायतका राष्ट्रिय सडक सञ्जालको स्तरोन्नति र विस्तार तीव्र पारिनेछ। काठमाडौँ-तराई मधेश द्रुतमार्ग तथा यसका लिङ्क सडकहरू शीघ्र सम्पन्न गरिनेछ। सबै स्थानीय तहलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालसँग जोडिनेछ।

६४. विद्युतीय मास ट्रान्जिट प्रणाली विकास गर्दै सार्वजनिक यातायातलाई भरपर्दो बनाइनेछ। पर्यटन सम्भावना भएका क्षेत्रमा सडक पहुँच, राजमार्ग स्तरोन्नति, वैकल्पिक मार्ग र राजमार्ग सेवा केन्द्र विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाइनेछ।

६५. पूर्वाधार विकासलाई तीव्र बनाउन प्रधानमन्त्री डेलिभरी युनिटलाई सुदृढ गरी मिसन मोडमा कार्यान्वयन गरिनेछ। सार्वजनिक यातायात तथा सडक सम्बन्धी कानून परिमार्जन गरिनेछ। ठुला आयोजना समयमै सम्पन्न गर्न सुधारिएको ठेक्का प्रणाली र इन्जिनियरिङ मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। सडक, रेल, जल, रोपवे र हवाई यातायातलाई समेट्न "एकीकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गरिनेछ। "लगानी एक्सप्रेस" अवधारणाअनुसार पूर्वाधारसँग सम्बन्धित विवादको शीघ्र सुनुवाइ र निर्णय गरिनेछ।

६६. सडक दुर्घटना न्यूनीकरणका लागि जीपीएस ट्र्याकिङ, एआईमा आधारित ट्राफिक क्यामेरा, डिजिटल जरिवाना प्रणाली र गति नियन्त्रण कडाइका साथ लागु गरिनेछ। पैदल तथा साइकल यात्रुका लागि सुरक्षित पूर्वाधार निर्माण गरिनेछ। सार्वजनिक यातायातमा महिलाको सुरक्षित पहुँच सुनिश्चित गरिनेछ। काठमाडौंमा 'बस र्‍यापिड ट्रान्जिट (बिआरटी)' को विस्तृत डिजाइन र कार्यान्वयन प्रक्रिया सुरु गरिनेछ।

६७. पूर्व-पश्चिम विद्युतीय रेलमार्गको निर्माणलाई निरन्तरता दिई केरुङ-काठमाडौं तथा रक्सौल- काठमाडौं रेलमार्गको लगानी मोडालिटी लगायतका विषयमा अध्ययन अघि बढाइनेछ। दीर्घकालीन रूपमा जलवायु अनुकूल, दिगो र प्रतिस्पर्धी यातायात प्रणाली निर्माण गरिनेछ।

६८. सहरी पूर्वाधार सूचक कमजोर भएका नगरपालिकालाई प्राथमिकता दिँदै बृहत् शहरी विकास कार्यक्रम सञ्चालन गरिनेछ। एकीकृत फोहरमैला व्यवस्थापन प्रणाली विकास गर्दै फोहर सङ्कलन, प्रशोधन र पुनःप्रयोगका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

६९. आवासविहीन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि किफायती र सुविधायुक्त आवास योजना कार्यान्वयन गरिनेछ। वास्तविक भूमिहीनको पहिचान गरी स्थायी आवास र स्वामित्व सुनिश्चित गरिनेछ। मध्य पहाडी लोकमार्ग आसपासका नयाँ शहरलाई पहिचानयुक्त शहरका रूपमा विकास गर्दै जग्गा विकास, पूर्वाधार र स्थानीय आर्थिक सम्भावनासँग जोडिनेछ।

७०. राष्ट्रिय भवन संहिताको अनिवार्य कार्यान्वयन गर्दै सबै नयाँ निर्माणमा भूकम्प प्रतिरोधी, अग्नि सुरक्षा र आधुनिक पूर्वाधार मापदण्ड लागु गरिनेछ। जेन- जी आन्दोलन तथा जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाहरूको पुनर्निर्माणलाई प्राथमिकता दिइनेछ। छरिएका तथा जोखिमयुक्त बस्तीलाई व्यवस्थित गर्न भू-उपयोग, पूर्वाधार र सामुदायिक सेवासहितको एकीकृत परियोजना लागु गरिनेछ।

७१. प्रतिक्रियामुखीभन्दा पूर्वतयारीमुखी विपद् व्यवस्थापन नीति अवलम्बन गर्दै जोखिम नक्साङ्कन, प्रारम्भिक चेतावनी प्रणाली र विपद् सुरक्षा अभ्यासलाई संस्थागत गरिनेछ। खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल सम्मिलित एकीकृत कमाण्ड प्रणाली विकास गरी ड्रोन, हेलिकप्टर लगायत आधुनिक प्रविधिको प्रयोगमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

७२. बजेट पारित हुनु अघि नै विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अनुमति र जग्गा प्राप्ति अनिवार्य रूपमा सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाइनेछ। साउनदेखि नै खरिद प्रक्रिया सुरु गर्ने "शून्य-दिन खरिद नीति" लागु गरी असार महिनामा केन्द्रित खर्च विकृति अन्त्य गरिनेछ। ठुला खरिदहरूमा खुला सार्वजनिक खरिद नीति लागु गरिनेछ।

**माननीय सदस्यहरू,**

७३. डिजिटल सुशासन ब्लु प्रिन्ट अनुरूप राष्ट्रिय डिजिटल पूर्वाधार स्थापना गरी जी-क्लाउड र डाटा नीति कार्यान्वयनको केन्द्रीय समन्वय गरिनेछ। राष्ट्रिय डिजिटल रणनीति, डिजिटल खरिद, डाटा नीति, अन्तर-सञ्चालन मापदण्ड र सरकारी क्लाउड पूर्वाधारको विकास गरिनेछ।

७४. डाटा, कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि र साइबर सुरक्षाको प्रयोग सहित नवप्रवर्तन र स्टार्टअप प्रवर्धन गर्दै ज्ञानमा आधारित अर्थतन्त्रको विकास गरिनेछ। दूरसञ्चार क्षेत्रमा नवीनतम प्रविधिको विस्तार, रेडियो फ्रिक्वेन्सी व्यवस्थापनका मापदण्ड र सुदृढ अनुगमन प्रणाली लागु गरिनेछ। दुर्गम क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गरी डिजिटल विभेद न्यूनीकरण गरिनेछ।

७५. विज्ञापन तथा सञ्चार क्षेत्रको पारदर्शी र उत्तरदायी व्यवस्थापनका लागि तीन वटै तहका सरकारको समन्वयमा यस क्षेत्रको नियमन प्रणाली सुदृढ गरिनेछ। हुलाक सेवाको विविवधीकरण, आधुनिकीकरण र डिजिटल रूपान्तरण गरिनेछ।

७६. चलचित्र, वृत्तचित्र, फोटोग्राफी र डिजिटल सामग्री उत्पादनलाई उद्योगको रूपमा विकास गरिनेछ। मुलुकको प्राकृतिक र सांस्कृतिक सम्पदालाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन तथा सिर्जनात्मक गन्तव्यका रूपमा स्थापित गरिनेछ।

**माननीय सदस्यहरू,**

७७. जल तथा मौसमसम्बन्धी तथ्याङ्कलाई डिजिटल प्लेटफर्ममा एकीकृत गरी विपद्सम्बन्धी पूर्व सूचना प्रणाली विकास गरिनेछ। नागरिक एप मार्फत कृषि, यातायात, पर्यटन र उड्डयन क्षेत्रमा पूर्व चेतावनी सेवा विस्तार गरिनेछ। विपद् पश्चात् क्षतिपूर्ति, राहत र पुनर्निर्माण प्रक्रियामा बिमा लगायत जोखिम हस्तान्तरणका उपकरणको प्रयोग विस्तार गरिनेछ।

७८. कारागार प्रणालीलाई सुधार गृहका रूपमा रूपान्तरण गरी पुनर्स्थापना केन्द्रित दृष्टिकोण अवलम्बन गरिनेछ। कसुरजन्य सम्पत्ति जफत, व्यवस्थापन र असुली प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

७९. इ-के.वाई.सी. प्रणाली लागु गरी बैङ्किङ, दूरसञ्चार र सार्वजनिक सेवामा डिजिटल प्रमाणीकरण गरिनेछ। केन्द्रीय अनलाइन भेटिङ प्रणाली मार्फत भ्रष्टाचार जोखिम न्यूनीकरण, सेवा स्वचालन र नागरिक विश्वास अभिवृद्धि गरिनेछ। नागरिक उजुरी व्यवस्थापन प्रणाली मार्फत वास्तविक समयमा नै सम्बोधन गरिनेछ।

८०. नेपाल प्रहरीको भौतिक पूर्वाधार, उपकरण र अनुसन्धान क्षमतामा सुधार गर्दै फरेन्सिक तथा सूचना विश्लेषण प्रणाली सुदृढ गरिनेछ। राष्ट्रिय अनुसन्धान प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ। लागु औषध नियन्त्रण, अन्तर देशीय अपराध तथा जटिल अपराध न्यूनीकरणका लागि आधुनिक प्रविधिको प्रयोग विस्तार गरिनेछ। साइबर सुरक्षा, वित्तीय अपराध र डिजिटल ठगी नियन्त्रणका लागि विशेष अनुसन्धान इकाई स्थापना गरिनेछ।

८१. सशस्त्र प्रहरी बल, नेपाललाई प्रशिक्षित जनशक्ति र पूर्वाधारसहित विशिष्टीकृत सुरक्षा बलका रूपमा सुदृढ गरिनेछ। सीमा नाकाहरूमा अनुहार पहिचान प्रणाली, एकीकृत सीमा व्यवस्थापन सूचना प्रणाली र स्वचालित निगरानी पूर्वाधार स्थापना गरिनेछ। ड्रोन तथा नाइट भिजन क्यामेरा प्रयोग गरी अवैध गतिविधि नियन्त्रण गरिनेछ। सीमा क्षेत्र विकास कार्यक्रममार्फत नागरिक-सुरक्षा सम्बन्ध सुदृढ बनाइनेछ। सीमा विवादको समाधान कूटनीतिक सम्वादबाट खोजिनेछ।

८२. बृहत् राष्ट्रिय हितको संरक्षणका लागि सुरक्षा सम्बन्धी नीति तथा कानूनको समसामयिक परिमार्जन गरिनेछ। नेपाली सेना लगायत सुरक्षा निकायहरूको बन्दोबस्ती तथा आवश्यक सामग्री स्वदेशमै उत्पादन गर्ने व्यवस्था गरी सुरक्षा क्षेत्रमा बाह्य निर्भरता कम गरिनेछ। सुरक्षा जनशक्तिको तालिम र रणनीतिक दक्षता विकासमार्फत व्यावसायिकता अभिवृद्धि गरिनेछ। राष्ट्रिय सेवा दललाई सुदृढ गरिनेछ।

८३. ठुला विकास आयोजनाहरूको विस्तृत परियोजना अध्ययन गर्दा राष्ट्रिय सुरक्षामा पर्नसक्ने प्रभावको समेत मूल्याङ्कनलाई अनिवार्य गरिनेछ। ऐतिहासिक गढी, किल्ला तथा पदमार्गको संरक्षण र प्रवर्धनमार्फत राष्ट्रिय पहिचान सुदृढ गर्दै पर्यटन विकासलाई टेवा दिइनेछ।

८४. सबै नागरिकका लागि समान पहुँच सुनिश्चित गर्दै क्षतिपूर्तिसहितको न्याय प्रणाली विकास गरिनेछ। विपन्न तथा असहाय नागरिकका लागि निःशुल्क कानुनी सहायता विस्तार गरिनेछ। सशस्त्र द्वन्द्वसँग सम्बन्धित सङ्क्रमणकालीन न्यायका प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुऱ्याइनेछ।

८५. कार्यपालिका र व्यवस्थापिका बीचको समन्वय तथा अन्तरसम्बन्ध सुदृढ गर्दै कानून तर्जुमा, संशोधन र कार्यान्वयन प्रक्रियालाई छिटो, गुणस्तरीय र परिणाममुखी बनाइनेछ। अभियोजन प्रणालीलाई तथ्य, प्रविधि र वैज्ञानिक अनुसन्धानमा आधारित बनाइनेछ। अपराध पीडितलाई तत्काल राहत, क्षतिपूर्ति र सहयोग उपलब्ध गराइनेछ।

**माननीय सदस्यहरू,**

८६. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई केन्द्रमा राख्दै संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्तमा आधारित सन्तुलित कूटनीति अवलम्बन गरिनेछ। छिमेकी तथा मित्र राष्ट्रहरूसँग पारस्परिक लाभ, सम्मान र बहुपक्षीय सहकार्यमा आधारित सम्बन्ध विस्तार गरिनेछ।

८७. नेपालको मौलिक पहिचान, भाषा, कला र सम्पदालाई विश्वमञ्चमा स्थापित गर्दै सौम्य शक्ति विस्तार गरिनेछ। विदेशस्थित नियोगमार्फत नेपाली वस्तु, सेवा, संस्कृति र पर्यटनको विश्वव्यापी प्रवर्धन गर्दै "ब्रान्ड नेपाल अभियान" सञ्चालन गरिनेछ।

८८. परम्परागत कूटनीतिलाई आर्थिक कूटनीतिमा रूपान्तरण गर्दै नेपाललाई सूचना प्रविधि र नवप्रवर्तन एवम् शिक्षा र स्वास्थ्य सेवा क्षेत्रका लागि अन्तर्राष्ट्रिय गन्तव्य बनाउन पर्यटन पूर्वाधार, ऊर्जा, सूचना प्रविधि जस्ता क्षेत्रमा विदेशी लगानी प्रवर्धन गरिनेछ। वैदेशिक सहायता, लगानी र विकास सहकार्यलाई नेपालको सार्वभौमसत्ता र दीर्घकालीन राष्ट्रिय हित अनुकूल परिचालन गरिनेछ।

८९. विदेशस्थित नेपाली नियोगहरूबाट प्रदान गरिने राहदानी तथा कन्सुलर सेवालाई डिजिटलाइज गरिनेछ। विदेशमा रहेका नेपालीको सुरक्षा र अधिकार संरक्षण गर्न परराष्ट्र मन्त्रालयमा सातै दिन चौबिसै घण्टा "सेन्ट्रल रेस्पोन्स युनिट र नियोगहरूमा द्रुत उद्धार टोली स्थापना गरी सञ्चालन गरिनेछ।

९०. प्रवासमा रहेका नेपालीको पूँजी, सिप, अनुभव र प्रविधिलाई राष्ट्रिय विकाससँग जोड्न 'डायस्पोरा विज्ञ सञ्जाल' तथा 'ज्ञान बैंक' स्थापना गरिनेछ। गैर आवासीय नेपालीको लगानी आकर्षित गर्न कानुनी सुरक्षा, सहज वित्तीय व्यवस्था र प्रतिफल फिर्ता प्रणाली सुनिश्चित गरिनेछ। गैर आवासीय नेपालीको सहभागिता सुदृढ गर्न नागरिकता, लगानी, वित्तीय पहुँच र लोकतान्त्रिक अधिकारसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था सुदृढ गरिनेछ।

**माननीय सदस्यहरू,**

९१. निजामती तथा अन्य सरकारी सेवालाई तटस्थ, निष्पक्ष, उत्तरदायी एवम् व्यावसायिक संस्थाको रूपमा विकास गरी सेवा प्रवाह र सुशासन प्रवर्धनलाई नतिजामुखी बनाउने उद्देश्यले ट्रेड युनियनको खारेजी, स्वार्थको द्वन्द्व नियन्त्रण सम्बन्धी व्यवस्था, सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली, कुलिङ अफ अवधिको व्यवस्था र राजनैतिक दल वा गतिविधिमा संलग्न भएमा भविष्यमा समेत सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्ने व्यवस्था गरिनेछ।

९२. निजामती सेवामा योग्यतामा आधारित नियुक्तिको व्यवस्था, विभागीय तथा आयोजना प्रमुखको त्रैमासिक मूल्याङ्कन, नैतिक परीक्षण संयन्त्र, निजामती सेवा बोर्ड, कमजोर कार्यसम्पादन स्तर भएको कर्मचारीलाई नकारात्मक सूचीमा राखिने व्यवस्था, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली मार्फत नतिजामुखी र नागरिकमैत्री संस्थाको रूपमा विकास गरिनेछ।

९३. "एक पटकको विवरण सबै सेवामा प्रयोग" को सिद्धान्तमा आधारित अन्तरसञ्चालन सक्षम सरकारी डाटाबेस विकास गरिनेछ। सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहलाई छरितो, पारदर्शी र नागरिकमैत्री बनाउन अन्तर आबद्ध प्रणालीमा आधारित एकीकृत डिजिटल प्लेटफर्म मार्फत इ- गभर्नेन्स प्रणाली सुदृढ गरिनेछ। न्यूनतम एक सय सरकारी सेवाहरूलाई एकीकृत 'नागरिक एप' मार्फत उपलब्ध गराइनेछ।

९४. प्रत्येक सेवाको कानुनी समयसीमा तोकी उल्लङ्घन गर्ने अधिकारी स्वतः जबाफदेही हुने व्यवस्था गरिनेछ। राष्ट्रिय परिचय पत्रलाई अधिकतम सार्वजनिक सेवासँग अन्तर आबद्ध गर्दै 'एक परिचयपत्र नीति' लागू गरी नागरिकता, बैङ्किङ, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा लगायतका सेवालाई एकीकृत गरिनेछ। 'एकल सेवा केन्द्र' लाई सबै कार्यालयमा विस्तार गर्ने तथा अत्यावश्यक सेवा सातै दिन सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। डिजिटल हस्ताक्षर, अनलाइन सेवा र समयबद्ध निर्णय प्रणालीमार्फत नागरिकलाई लाइन, झन्झट र अनुपयुक्त मध्यस्थताबाट मुक्त गरिनेछ।

९५. अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संस्थागत रूपमा सुदृढ गर्दै अनुसन्धान, अभियोजन र कारबाही प्रणाली प्रभावकारी बनाइनेछ। राष्ट्रिय सतर्कता केन्द्रलाई 'भ्रष्टाचार निवारण इकाई' का रूपमा पुनर्संरचना गरिनेछ। भ्रष्टाचार उजुरीकर्ताको पहिचान संरक्षण र पुरस्कारसम्बन्धी व्यवस्था गरिनेछ। उच्च पदस्थ पदाधिकारीको सम्पत्ति विवरण वार्षिक रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

९६. सार्वजनिक खरिद, राजस्व र प्रशासनिक प्रक्रियालाई पारदर्शी, प्रविधिमैत्री र प्रतिस्पर्धात्मक बनाइनेछ। नागरिक विश्वास तथा सुशासन धारणा सूचकाङ्क, डिजिटल अडिट प्रणालीमार्फत उच्च जोखिम क्षेत्र पहिचान गरी भ्रष्टाचार रोकथाममूलक कारबाही सुदृढ गरिनेछ।

९७. नीति तथा योजना निर्माणलाई तथ्य र प्रमाणमा आधारित बनाउन राष्ट्रिय योजना आयोग तथा नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना गरी अनुसन्धान र अनुगमनमा केन्द्रित सक्षम र विश्वसनीय सार्वजनिक 'थिङ्क-ट्याङ्क' तथा 'राष्ट्रिय नीति शोधशाला' को रूपमा विकास गरिनेछ। राष्ट्रिय तथ्याङ्क प्रणालीको सामयिक पुनर्संरचना गरी सुदृढ बनाइनेछ।

९८. मानव अधिकारको संरक्षण र प्रवर्धनलाई सुदृढ गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गरिनेछ। मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलता अपनाइनेछ। राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि गरिनेछ

९९. उत्तरदायी सुशासन मार्फत सामाजिक न्याय, समतामूलक अवसर र तीव्र आर्थिक विकास सुनिश्चित गर्न सत्तारूढ दलको वाचा पत्र एवम् प्रमुख राजनीतिक दलका साझा प्रतिबद्धतालाई आधार मान्दै राष्ट्रिय स्रोत, साधन र सामर्थ्यको न्यायोचित परिचालन गरिनेछ।

१००. आम नेपाली जनताको विश्वास र सार्वभौम सहभागिताबाट स्थापित राजनीतिक स्थिरतालाई दुर्लभ अवसरको रूपमा ग्रहण गर्दै राष्ट्रको समग्र रूपान्तरणलाई गति दिइनेछ। उत्तरदायी शासन प्रणालीमार्फत राज्यप्रति नागरिकको विश्वास अभिवृद्धि गर्दै समुन्नति-केन्द्रित सुशासनलाई राष्ट्रिय संस्कृतिका रूपमा संस्थागत गरिनेछ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरण सरकारको मार्गदर्शन हुनेछ।

**प्रतिनिधि सभाका सम्माननीय सभामुख,**
**राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,**
**माननीय सदस्यहरू,**

अन्त्यमा, लोकतन्त्रका संवाहक सम्पूर्ण राजनीतिक दल तथा अथक योद्धा, राष्ट्रसेवक कर्मचारी, नेपाली सेना लगायत सबै सुरक्षा निकायहरू, किसान, मजदुर, उद्योगी, व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा नेपालको सर्वाङ्गीण विकासमा योगदानका लागि हार्दिक आह्वान गर्दछु।

नेपालको उन्नतिको लक्ष्य हासिल गर्न उदारतापूर्वक निरन्तर सहयोग पुऱ्याउँदै आउनुभएका छिमेकी देशलगायत मित्रराष्ट्र, विकास साझेदार तथा गैर आवासीय नेपालीलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा सबैको निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु। धन्यवाद।

# सुधारिएको करेसाबारीले डोऱ्याउँदैछ आत्मनिर्भरको बाटो



कमलामाई। केही वर्षअघिसम्म गाउँघरका अधिकांश भान्सामा आफ्नै करेसाबारीमा फलाइएका ताजा सागसब्जी पाक्थे तर अहिले अवस्था फेरिएको छ। भान्सामा भित्रिने अधिकांश तरकारी बजारबाट आउँछन्, जहाँ उत्पादन बढाउने होडमा रासायनिक मलखाद र कीटनाशक औषधिको अत्यधिक प्रयोग भइरहेको छ।

विषादीयुक्त सागसब्जी हाम्रो दैनिक भोजनसँगै शरीरभित्र पुगिरहेको छ। चिकित्सकहरूका अनुसार पछिल्ला वर्षहरूमा बढ्दै गएका क्यान्सर, मिर्गौला, मुटु तथा अन्य जटिल रोगका कारणमध्ये अस्वस्थ खानपान पनि एक हो। उत्पादन धेरै गर्ने नाममा खेतबारीमा हालिने रसायनले माटो मात्र होइन, मानव स्वास्थ्यलाई समेत विस्तारै कमजोर बनाइरहेको छ। यही अवस्थाले धेरै परिवारलाई फेरि करेसाबारीतर्फ फर्किन बाध्य बनाएको छ।

घरछेउको सानो खाली ठाउँमा जैविक मल प्रयोग गरी आफ्नै लागि सुरक्षित सागसब्जी उत्पादन गर्ने अभियान बिस्तारै बढ्न थालेको छ। स्वास्थ्य जोगाउने, खर्च घटाउने र परिवारलाई विषादीरहित खाना खुवाउने उद्देश्यले अहिले धेरैले करेसाबारीलाई पुनः जीवन्त बनाउन थालेका छन्। सिन्धुलीको कमलामाई नगरपालिका-४ ज्यामिरेकी गहिणी विष्णुमाया तामाङको सुधारिएको करेसाबारी यतिबेला हरियाली मात्रै छैन, बेमौसमी लौका, काँक्रो, घिरौँला र करेलाको फलले लटरम्मै छ।

आफ्नै मिहिनेतको फल देख्दा उहाँको मुहारमा छुट्टै चमक देखिन्छ। "पहिला बजारको तरकारी किनेर खान्थैं, अहिले आफैँले उब्जाएको तरकारी बेचेर घर खर्च धानिरहेकी छु," उहाँले मुस्कुराउँदै भन्नुभयो। पाँच वर्षअघिसम्म उहाँसँग आम्दानीको स्थायी स्रोत थिएन। घरखर्च धान्नै कठिन थियो तर अहिले दुई कट्ठा जमिनमा गरिएको जैविक

> "पहिला बजारको तरकारी किनेर खान्थैं, अहिले आफैँले उब्जाएको तरकारी बेचेर घर खर्च धानिरहेकी छु,"

तरकारी खेती उहाँको परिवारको मुख्य आयस्रोत बनेको छ।

मौसमीभन्दा बेमौसमी तरकारीको मूल्य राम्रो पाइने भएकाले उहाँले टनेलमार्फत उत्पादन बढाउनुभएको छ। "गत वर्ष दुई सय वटा लौका बेचेकी थिएँ, अहिले पाँच सयभन्दा बढी फलेको छ," उहाँले सुनाउनुभयो। अहिले उहाँले हप्तामै बेमौसमी तरकारी बेचेर १५ हजार रुपैयाँभन्दा बढी आम्दानी लिनुहुन्छ।

विष्णुमायाको सफलता केवल आम्दानीमा सीमित छैन। उहाँको करेसाबारीले गाउँको संस्कारसमेत बदलिदिएको छ। पहिले आफन्त कहाँ जाँदा बजारबाट कोसेली किनेर लैजानुपर्थ्यो। अहिले आफ्नै बारीका लौका, काँक्रो, करेलालगायतका थरीथरीका तरकारीले नै कोसेलीको ठाउँ लिएका छन्। जैविक खेतीले उहाँलाई रासायनिक मल र विषादीको खर्चबाट मुक्त बनाएको छ। गँड्यौले मल, झोल मल र जैविक विषादी आफैँ बनाउने गर्नुभएको छ। "यसले जमिन पनि स्वस्थ हुन्छ, उत्पादन पनि स्वादिलो र स्वस्थकर हुन्छ," उहाँको अनुभव छ।

यता कमलामाई नगरपालिका-५ आहालेमा पुग्दा गाउँ आफैँ एउटा सिकाइ केन्द्रजस्तो देखिन्छ। घर-घरमा हरियाली छ। करेसाबारीमा सागसब्जी लहलहाएका छन्। गोठमा भैंसी छन्। गोबरबाट बायोग्यास बनेको छ। जुठेल्नोको पानीसमेत करेसाबारीमा प्रयोग गरिएको छ। यही गाउँकी इन्द्रक्रान्ति तामाङ अहिले समुदायकी प्रेरणादायी महिला बन्नुभएको छ। इन्द्रक्रान्तिले पाँच कट्ठामा कृषि वन विस्तार गर्नुभएको छ। अम्रिसो, किम्बु र मेन्दोलाजस्ता पोषिलो घाँसले पशुपालन सहज बनाएको छ। "पहिले घाँस काट्न जङ्गल धाउनुपर्थ्यो, अहिले आफ्नै बारीको घाँसले पुग्छ," उहाँले भन्नुभयो।

आहालेमा अहिले प्रायः हरेक घरमा सुधारिएको करेसाबारी छ। कतिपयले टनेलमा व्यावसायिक तरकारी उत्पादन गरिरहेका छन्। रासायनिक मल र विषादीको प्रयोग घटेको छ। महिलाहरूले झोल मल, गँड्यौला मल, इएम टू मल बनाउने सीप सिकेका छन्। परिवर्तन केवल कृषिमा मात्र छैन, जीवनशैलीमा पनि छ। पहिले महिलाहरू घरभित्र सीमित थिए। अहिले उनीहरू समूहमा छलफल गर्छन्, बजारमा आफूले उपभोग गरेर बचेको उत्पादन बेच्न जान्छन् र नेतृत्वदायी भूमिकामा अग्रसर हुन थालेका छन्। इन्द्रक्रान्ति भन्नुहुन्छ, "पहिले सानो खर्चका लागि पनि श्रीमान्सँग पैसा माग्नुपर्थ्यो, अहिले तरकारी बेचेर आफ्नै आम्दानी हुन्छ, बचत पनि गर्न थालेकी छु।"

कमलामाई नगरपालिका-२ सालुबेशीकी जीतमाया बम्जनको भान्सामा अहिले सातदेखि नौ प्रकारका तरकारीले भरिन्छ। केही वर्षअघिसम्म उहाँको दैनिकी घरधन्दा र मेलापातमा सीमित थियो तर अहिले उहाँ तरकारी खेतीदेखि पशुपालनसम्ममा सक्रिय हुनुहुन्छ। छाप्रो टनेलमा झुन्डिएका काँक्राहरू देखाउँदै उहाँले भन्नुभयो, "फल्न थालेपछि खुसीले करेसाबारीमै नाच्न मन लाग्छ।" उहाँले बेमौसमी काँक्रो, गोलभैँडा, स्कुस, साग, क्याप्सिकन र खुर्सानी उत्पादन गर्नुभएको छ। घरमा खपत भएर बाँकी रहेको तरकारी बेचेर मासिक रु १५ हजारसम्म आम्दानी गर्न सफल भएको उहाँले बताउनुभयो।

उहाँजस्तै जिरीमाया लामा पनि परिवर्तनको अर्को उदाहरण हुनुहुन्छ। एक कट्ठा जमिनमा व्यवस्थित करेसाबारी बनाएकी उहाँले अतिरिक्त तरकारी बेचेर मासिक रु १२ हजारसम्म आम्दानी गर्ने गर्नुभएको छ। उहाँलाई पहिला आफ्नै भान्सा टार्न समस्या हुने गरेको थियो। कविता स्याङ्तान करेसाबारीबाट सुरु भएको तरकारी खेतीले आर्थिक सशक्तीकरणसँगै महिलाहरूको आत्मविश्वास पनि बढेको बताउनुहुन्छ। "पहिले सानो खर्चका लागि पनि श्रीमान्सँग हात फैलाउनुपर्थ्यो," उहाँले भन्नुभयो, "अहिले आफ्नै पैसा हुन्छ।"

त्यसैगरी, कमलामाई नगरपालिका-५ सिलामेकी सुनिता श्रेष्ठको जीवन पनि करेसाबारीले नै बदलिदिएको छ। केही वर्षअघिसम्म उहाँ सामान्य गृहिणी हुनुहुन्थ्यो। आफ्नै आम्दानी थिएन तर अहिले उहाँ जैविक तरकारी उत्पादन गरेर मासिक रु १० हजारसम्म आम्दानी गर्नुहुन्छ। "पहिला तरकारी किनेर खानुपर्थ्यो, अहिले आफ्नै बारीको विषादीरहित तरकारी खान पाइन्छ," उहाँले भन्नुभयो।

सुनिताले चम्सुर, पालुङ्गो, मेथी, बेथु, बोडी, घिरौँला, लौका, गोलभैँडालगायतका तरकारी उत्पादन गर्नुहुन्छ। शनिबारे हाटमा तरकारी बेच्न जानुहुन्छ। सामाजिक सञ्जालमार्फत पनि उत्पादनको प्रचार गर्नुहुन्छ। "पहिलोपटक साग बेचेर रु एक हजार ६०० आम्दानी भएको थियो," उहाँले सुनाउनुभयो, "त्यसपछि उत्साह झन् बढ्यो।"

आफ्नै कमाईले घरखर्च चलाउन, बालबच्चाको आवश्यकता पूरा गर्न र बचत गर्न सक्दा उहाँको आत्मविश्वास पनि बढेको छ।रासस

## भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा


## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स. बालाबाखर वडा नं. ६ हाल शहीदनगर न.पा. १ मा बस्ने ठकर यादवबो नाती सन्त राउत ग्वार भन्ने सन्तु यादबको नाउँमा साविक लगत कायम रहेको जग्गा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. पटेर्वा बडा नं. ६ कि.नं. ३०४ क्षेत्रफल ०-३-१५ मध्ये कि.नं. ३०४ कि.का. भई कि.नं. ५६५ क्षे.फ. ०-०-८ जागा नहरमा परी लगत कट्टा भएको र बाँकी रहेको कि.नं. ५६६ क्षे.फ. ०-३-६ र कि.नं. ५६७ क्षे.फ. ०-०-१ जग्गा निज सन्तु यादबको छोरा रामविलास यादवको नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा निज रामविलास यादबको आफ्नै कालगतिले मिति २०७२/०१/१९ गतेमा मृत्यु भई निजको आपुताली हकखाने निजको पनी सम्पैत देवी यादवको मिति २०७५/०५/२८ गतेमा मृत्यु भई निजहरुको कोखबाट छोरा/छोरीको जाय जन्म नभई निसन्तान रहेकोले निजको आपुताली हकखाने सहोदर एकमात्र भाई रघुनाथ यादव भएकोमा निजको पनि मिति २०६०/०३/१० गतेमा आफ्नै कालगतिले मृत्यु भई निजको आपुताली हकखाने हकदार रामबिलास यादवको भाइ बुहारी तथा रघुनाथ यादवको पत्नी कन्धो देवी यादबको समेत मिति २०६४/०६/२० गतेमा मृत्यु भई निजहरुको मृत्यु पश्चात आपुताली हकखाने मृतक रघुनाथ यादव र कन्धो देवीको छोरा शिवनारायण यादबको समेत मिति २०५९/०९/०५ गतेमा मृत्यु भई निजको मृत्यु पश्चात निज शिवनारायण यादबको आपुताली हकखाने २ पत्नीहरु जेठी बेचनी देवी-१ र कान्छी पत्नी कलिया देवी यादव-१ रहेको साथै गा.बि.स. पटेर्वा वडा नं. ५ कि.नं. १६८ क्षे.फ. ०-५-१ जग्गा रघुनाथ यादबको नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा उक्त कि.नं. १३८. ५६६ र ५६७ जग्गा कलिया देवी यादबको मन्जुरीनामाले मेरो नाउँमा एकलौटी दर्ता नामसारी गरी पाउँ भनी द.नं. ५२३८ मिति २०८२/०६/३० गतेको माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/२५ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद आहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा न. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | पटेर्वा | ६ | ३०४ बदर भई | ०-३-१५ | जग्गाधनीको महलमा ठकर यादबको छोरा सन्तु राउत ग्वार परलोक भई निजको हकभोग खाने छोरा रामविलास यादब पं कुम्भकर्ण वस्ने... |
| | | | ५६५ | ०-०-८ नहर | |
| | | | ५६६ | ०-३-६ बाँकी | |
| | | | ५६७ | ०-०-१ बाँकी | |
| धनुषा | पटेर्वा | ५ | १६८ | ०-५-१ | जग्गाधनीको महलमा टकहर यादबको छोरा सन्तु यादबको मरी निज हकखाने छोरा रघुनाथ जादब पं. बलाबाखर.. |

# पर्सा र बाराका औद्योगिक नगरीमा पनि आर्थिक गणना हुँदै



**टुडे समाचारदाता**

वीरगञ्ज । औद्योगिक तथा व्यापारिक नगरी पर्सा र बारामा पनि आर्थिक गणना हुने भएको छ ।

'अर्थतन्त्रको मापनका लागि आर्थिक गणना भन्ने' नारासहित राष्ट्रिय औद्योगिक गणना २०८२ सञ्चालन गर्न लागिएको छ । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलले आर्थिक गणना गर्न लागेको सम्बन्धित निकायले आवश्यक समन्वय र सहजीकरण गर्न अनुरोध गरेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत जिल्ला आर्थिक गणना कार्यालय पर्साले गणकहरु खटाएर विसं २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म प्रत्येक उद्योग, व्यापार व्यवसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्था, सेवा प्रदायक अन्य विभिन्न प्रकारका सङ्घसंस्था तथा कार्यालय, प्रतिष्ठानहरूमा तथ्याङ्क सङ्कलन गर्न लागेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले आ- आफ्नो प्रतिष्ठानका क्रियाकलापसम्बन्धी सत्यतथ्य विवरण उपलब्ध गराई राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पार्न आवश्यक सहयोग र समन्वय गरिदिन सबैसँग अनुरोध गरेका छन् ।

"यस राष्ट्रव्यापी कार्यमा सबै स्थानीय तह, उद्योग वाणिज्य सङ्घलगायत सबै प्रकारका निकायहरुलाई सहयोग गरिदिन अनुरोध गरेका छन् । उनले भने, उपलब्ध गराउने विवरण कर प्रयोजन, वा अन्य कुनै पनि निकायमा प्रमाणको रुपमा पेस नगरिने र विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य रहने कानुनी व्यवस्था रहेको छ ।

अतः ढुक्क भएर आफ्नो व्यवसाय र प्रतिष्ठानको सही र पूर्ण विवरण दिनुहुन सबै सरोकारवालाहरुमा उनले अनुरोध गरेका छन् ।

आर्थिक गणनामा दर्ता भएका वा नभएका, स्थायी वा अस्थायी सबै प्रकारका आर्थिक गतिविधि गर्ने प्रतिष्ठान र व्यवसायले यो गणनामा भाग लिन सक्ने बताइएको छ ।

# विद्यार्थी संगठन खारेज नगर्न सर्वोच्चको आदेश



**टुडे समाचारदाता**

काठमाण्डु । विश्वविद्यालयमा विद्यार्थी संगठन खारेज नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साहको नेतृत्वको सरकारले विद्यार्थी संगठनहरु खारेज गर्ने निर्णय गरेको थियो । त्यसविरुद्ध आठ विद्यार्थी संगठनहरुले संयुक्तरुपमा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले विद्यार्थी संगठनहरु खारेज नगर्न आज अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

विद्यार्थी संगठनका नेताहरुले विचारका आधारमा संगठनमा आवद्ध हुन पाउने अधिकार संविधान प्रदत्त अधिकार भएको भन्दै विश्वविद्यालयहरुमा विद्यार्थी संगठन हटाउने सरकारको निर्णय कार्यान्वयन नगराउन अन्तरिम आदेशको माग गरेका थिए । उनीहरुले सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र गृह मन्त्रालयलाई विपक्षी बनाएर रिट दायर गरेका थिए ।

सर्वोच्चले निवेदकको माग बमोजिम आदेश किन जारी गर्न नपर्ने भए सोको आधार र कारणसहित १५ दिनभित्र लिखित जवाफ पेस गर्न विपक्षीका नाममा आदेश दिएको छ ।

यसका साथै छलफलका लागि आगामी जेठ ४ गते दुवै पक्षलाई बोलाएको छ ।

# कांग्रेसको केन्द्रीय कार्यसमितिमा १९ सदस्य मनोनित

**टुडे समाचारदाता**

पाटन । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले १९ जना महाधिवेशन प्रतिनिधिलाई केन्द्रीय कार्यसमितिको सदस्य पदमा मनोनयन गरिएको छ ।

पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले दिएको जानकारीअनुसार पार्टीको विधान, २०१७ (संशोधनसहित) को धारा २१ को उपधारा (१०) बमोजिम महेन्द्र यादव धनुषा, जीवन परियार कास्की, उमेश श्रेष्ठ चितवन, रमेश रिजाल पर्सा, सुजाता कोइराला मोरङ, दिलेन्द्रप्रसाद बडु दार्चुला, डाक्टर चन्द्रकान्त भण्डारी गुल्मी, अजयकुमार चौरासिया पर्सा, लक्ष्मी परियार उदयपुर, आङ्गेलु शेर्पा सोलुखुम्बू, दिनेशकुमार यादव सप्तरी, राजीव कोइराला सुनसरी, राजीव ढुङ्गाना सुनसरी, गोविन्दराज पोखरेल प्युठान, सुशीला मिश्र भट्ट कैलाली, नागिना यादव महोत्तरी, दिनेश कोइराला चितवन, डा जीवन राना कैलाली



र सीता थपलिया (उर्मिला) धादिङलाई केन्द्रीय सदस्य पदमा मनोनयन गरिएको छ ।

विशेष महाधिवेशनबाट निर्वाचित सभापति थापाले पहिलोपटक कार्यसमितिमा १९ जनालाई मनोनित गरिएको छ ।

# जुवातास खेल्दै गरेका ७ जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको जनकनन्दिनी गाउँपालिका-३ मा पर्ने महुवामा जुवातास खेल्दै गरेको अवस्थामा सात जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय खजुरी धनुषाबाट खटिएको प्रहरी टोलीले आइतबार राति बिन्दे मण्डलको घर पछाडिको बारीमा छापा मारेको थियो ।



धनुषा प्रहरीले जनाए अनुसार सो स्थानबाट नेपाली रुपैयाँ ८१ हजार ५ सय ५५ र भारतीय रुपैयाँ ७ हजार ७ सय ९० बरामद गरिएको छ । बरामद भारतीय रुपैयाँको नेपाली रुपैयाँमा रूपान्तरण गर्दा जम्मा ९४ हजार १९ रुपैयाँ बराबर हुन आउने धनुषा प्रहरीले जनाएको छ । यसका साथै घटनास्थलबाट तासका तीन बुक पनि बरामद गरिएको छ ।

पक्राउ पर्नेहरूमा जनकनन्दिनी गाउँपालिका-३ का ३९ वर्षीय अजिम राइन, ४९ वर्षीय बिक्नु मण्डल, भारत बिहार राज्य मधुवनी जिल्ला देवधा वडा नं. ९ का ३५ वर्षीय दिनानाथ साह, वडा नं. ५ का ४२ वर्षीय राजु महतो, वडा नं. ९ का ३१ वर्षीय श्रवण साह, वडा नं. ७ का ३५ वर्षीय मोहम्मद आखरुज जमाल तथा वडा नं. १ का ३९ वर्षीय मधु नट रहेका छन् ।

धनुषा प्रहरीले पक्राउ परेका व्यक्तिमाथि थप अनुसन्धान भइरहेको जनाएको छ ।

# विद्युत प्राधिकरणका प्रमुखविरुद्ध मुद्दा दायर



**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल विद्युत् प्राधिकरण, कञ्चनपुर वितरण केन्द्र सप्तरीका प्रमुख महेन्द्रकुमार दासविरुद्ध विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरिएको छ ।

चार्जिङ स्टेसनको ट्रान्सफर्मर राखी विद्युत् लाइन जडान गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिएको पुष्टि भएपछि आयोगले आज मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार वितरण केन्द्रका प्रमुख दासले चार्जिङ स्टेसन सञ्चालनका लागि विद्युत् लाइन छाडिदिन बार्गेनिङ गरिरहेको र घुस नदिए लाइन काटिदिने धम्की दिएको उजुरी परेको थियो ।

सोही सूचनाका आधारमा अख्तियारको इटहरी कार्यालयबाट खटिएको टोलीले उहाँलाई सेवाग्राहीबाट एक लाख ४० हजार रुपियाँ घुस लिइसकेको अवस्थामा रकमसहित नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानका क्रममा दासले नियमानुसार सम्पन्न भइसकेको कार्यका लागि घुस मागेको र रकम लिएको तथ्य स्थापित भएको आयोगले जनाएको छ ।

उहाँलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा एक लाख ४० हजार रुपियाँ बिगो कायम गरिएको छ । अख्तियारले बिगोबमोजिम जरिवाना र कैद सजायको मागदाबीसहित विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

# टुडेकर्मी झालाई "रामा यादव स्मृति" पत्रकारिता पुरस्कार

**टुडे समाचारदाता**

रौतहट । स्वास्थ्य क्षेत्रका समस्या, सेवाको पहुँच र जनचासोका विषयलाई निरन्तर समाचारमार्फत उजागर गर्दै आएका मधेश प्रदेशका दुई महिला पत्रकार 'रामा यादव स्मृति पत्रकारिता पुरस्कार'बाट सम्मानित हुनु भएका छन् ।



गौरमा सोमबार सञ्चार उद्यमी रामा यादवको पाचौं पुण्य तिथिको अवसरमा आयोजित कार्यक्रममा टिभी टुडे जनकपुरकी संवाददाता चाँदनी झा र बाराकी पत्रकार शारदा पोखरेललाई सम्मान गरिएको छ । पत्रकार झा र पोखरेललाई जनही नगद २६ हजार रुपैयाँसहित प्रशंसा-पत्र प्रदान गर्दै सम्मान गरिएको छ ।

पत्रकार झा र पोखरेल लामो समयदेखि विभिन्न सञ्चार माध्यममा स्वास्थ्य सम्बन्धी समाचार समेत लेख्दै आएकी छन् । विशेषगरी स्वास्थ्य संस्थाका कमजोर अवस्था, स्थानियले भोग्ने पर्ने कठिनाइ र स्वास्थ्य सेवाको पहुँचसम्बन्धी विषयलाई उहाँहरुले प्राथमिकताका साथ उठाउँदै आएकी छन् ।

रामा यादव स्मृति प्रतिष्ठानद्वारा हरेक वर्ष प्रदान गर्दै आएको 'रामा यादव स्मृति' पत्रकारिता पुरस्कार २०८१ को लागि बारा जिल्लाबाट रातोपाटी अनलाइनकी संवाददाता शारदा पोखरेल र "रामा यादव स्मृति" पत्रकारिता पुरस्कार २०८२ महोत्तरी खुट्ट पिपराठी- ४ की टिभी टुडे जनकपुरमा कार्यरत झालाई दिने निर्णय गरिए अनुसार उनीहरुलाई पुरस्कार सहित सम्मान गरिएको रामा यादव स्मृति प्रतिष्ठान रौतहटका संरक्षक जयप्रकाश यादवले जानकारी दिए ।

विश्वव्यापी कोरोना महामारीका कारण २०७८ साल वैशाख २८ गतेका दिन सञ्चार उद्यमी रामा यादवको मृत्यु भएको थियो । उनी जयरामा मिडिया प्रा.लिद्वारा संचालित रेड टिभी, रेड पोष्ट, रेडखबर लगायतका सञ्चारमाध्यम संचालन गर्दै संचार क्षेत्रमा एउटा सफल संचार उद्यमीको रुपमा स्थापित थिए ।

गत वर्ष विभिन्न कारणले गर्दा पुरस्कार प्रदान गर्न न सक्दा यस वर्ष दुबै वर्षमा छनौट भएकी महिला पत्रकारलाई पुरस्कार सहित सम्मान गरिएको आयोजकले जनाएको छ ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले तराई-मधेश क्षेत्रमा महिला पत्रकारको सहभागिता अझै न्यून रहे पनि कठिन परिस्थितिमा सक्रिय महिला पत्रकारहरूले तथ्यमा आधारित समाचारमार्फत उल्लेखनीय योगदान पुर्‍याउदै आएको बताउदै स्वास्थ्यलगायत सामाजिक सरोकारका विषयमा निरन्तर कलम चलाइरहेका महिला पत्रकारप्रति सम्मान व्यक्त गरे ।

कार्यक्रममा रेड टेलिभिजनका संस्थापक तथा प्रतिष्ठानका संरक्षक जयप्रकाश यादवले स्वागत मन्तव्यको क्रममा आगामी वर्षहरूमा पुरस्कारलाई अझ व्यवस्थित, व्यापक र प्रभावकारी बनाउँदै महिला पत्रकारहरूको सम्मान र प्रोत्साहनलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

प्रतिष्ठानकी संयोजक अनु यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष संजय कार्की, वरिष्ठ पत्रकार प्रभातकुमार झा, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष सुरेश कुमार यादव, जिल्ला समन्वय समिति रौतहटका सभापति राम अयोध्या राय यादव, सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारीलगायतकाले पुरस्कृत दुबै जना महिला पत्रकारको प्रशंसा गरे ।

# एक बालक दुई दिनदेखि बेपत्ता

**टुडे समाचारदाता**

सिरहा । सिरहाको बरियारपट्टी गाउँपालिका-४ मा पर्ने सोहपुर स्थित मामाघरमा बस्दै आएका ३ वर्षीय बालक अभियांशुकुमार यादव दुई दिनदेखि बेपत्ता भएका छन् । गत शनिबार दिउँसोदेखि सम्पर्कविहीन भएका बालकको अवस्था हालसम्म अज्ञात नै रहेको छ । बेपत्ता भएसंगै ३ वर्षीय बालक अभियांशुको खोजी कार्य पनि भइरहेको जनाइएको छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका-१ नवटोली घर भएका भोगेन्द्र यादवका छोरा अभियांशु मामाघरमा रहेकै बेला शनिबार बिहान करिब २ बजेदेखि बेपत्ता भएका थिए । घरबाट करिब ५० मिटर उत्तरतर्फ रहेको पोखरीमा बालक डुबेको हुनसक्ने आशंकामा सशस्त्र प्रहरीको बर्दिवासस्थित बाहिनीबाट गोताखोर टोली परिचालन गरिएको सिरहा प्रहरीले जनाएको छ ।



सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाले जनाए गोताखोर टोलीले पोखरीको गहिराइसम्म पुगेर खोजी गरिरहेको छ । सशस्त्र प्रहरी उपरीक्षक थापाले भने, "बर्दिवासबाट आएको गोताखोरसहितको विशेष टोलीले पोखरीमा खोजी जारी राखेको छ । हालसम्म बालकको कुनै सुराक फेला परेको छैन ।"

बरियारपट्टी गाउँपालिका-४ का वडाध्यक्ष नवीन यादवले शुरुमा स्थानीयस्तरबाटै खोजी गरिए पनि पत्ता नलागेपछि सशस्त्र प्रहरीको टोली परिचालन गरिएको बताए । उनले खोजी कार्य तीव्र रुपमा भइरहेको बताए ।

# वित्तीय साक्षरता तथा उद्यमशीलता विकास तालिम



**टुडे समाचारदाता**

मलंगवा । नबिल बैंक लिमिटेड शाखा कार्यालय बिष्णु गाँउपालिकाले कृषि व्यवसायमा संलग्न जनशक्तिलाई लक्षित गरी ५० जना बढि किसानहरुलाई दुई दिने सिपमूलक वित्तीय साक्षरता तथा उद्यमशीलता विकास तालिम सुरु गरेको छ । बिष्णु गाँउपालिकाको सभाहलमा वैशाख २७ गते देखि सुरु भएको तालिम २८ गते सोमवारका दिन सम्पन्न भएको छ ।

कृषिमा आधारित व्यवसाय सञ्चालन गरिरहेका र गर्न चाहने बिष्णु गाँउपालिकाका करिब ५० जना बढि व्यक्तिलाई लक्षित गरी तालिम सञ्चालन गरिएको नबिल बैंक शाखा कार्यालय बिष्णु गाँउपालिकाका शाखा प्रबंन्धक मुकेश प्रसाद यादवले बताएको छ ।

प्रबन्धक यादवले तालिममा सहभागीलाई बचत, बजेट निर्माण, ऋण व्यवस्थापन, बीमा, लगानीका विकल्प लगायतका विषयमा प्रयोगात्मक ज्ञान प्रदान गरिएको बताए ।

नबिल एसएसई मार्फत बैंकले सामाजिक उद्यमशीलता, विकास र रोजगारी सृजना मार्फत दिगो विकासमा योगदान पुर्‍याउन आफ्नो प्रतिबद्धताको एक मुख्य आधारका रूपमा रहेको बताउदै वैशाख ९ गते बुधबारदेखि शुरु भएको तालिम चालु आर्थिक वर्षभित्र थप १५ स्थानमा सञ्चालन गरिने भएको छ ।

# अथर कम्पनीको इलेक्ट्रिकल स्कुटर सो रुम खुल्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । अथर इनर्जी नेपालले जनकपुरमै अथर कम्पनीको इलेक्ट्रिकल स्कुटर (सो रुम) सञ्चालनमा ल्याएको छ । जनकपुरको मिल्स एरियामा नितिन ट्रेड लिंकको व्यवस्थापनमा खुलेको अथरको इलेक्ट्रिक सो रुमको एक समारोहबीच उदघाटन गरिएको छ ।

स्थानीय संजय नायकले संचालनमा ल्याएको अथरको सो रुममा ४५० सिरिज र पारिवारिक प्रयोगका लागि डिजाइन गरिएको अथर रिज्टा स्कुटर प्रदर्शनमा राखिएको छ । अथर ४५० सिरिजमा गुगल म्याप्स आधारित नेभिगेसन, अटो होल्ड, रिभर्स मोड, विभिन्न राइड मोड तथा टचस्क्रिन ड्यासबोर्डजस्ता सुविधा रहेको नायकले बताए ।

अथर रिज्टामा फराकिलो सिट, ठूलो स्टोरेज क्षमता र सुरक्षा केन्द्रित प्रविधि समावेश गरिएको कम्पनीले जनाएको छ ।

कम्पनीले आठ वर्षसम्मको विस्तारित ब्याट्री वारेन्टी, शून्य प्रतिशत ब्याजदरमा फाइनान्स सुविधा तथा अतिरिक्त एक्सचेञ्ज




भ्यालुएसन सुविधा उपलब्ध गराउँदै आएको जनाएको छ । जनकपुरमा नयाँ सेन्टर सञ्चालनसँगै देशभर अथरका एक्सपेरियन्स सेन्टरको संख्या १० पुगेको छ ।

महिला हिंसा

महिला हिंसा होइन समाधान, आदर हो पहिचान ।

महिलालाई सम्मान गरौं, सभ्य समाज निर्माण गरौं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८